"आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।"

coop

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

## BALKUMARI SAVING & CREDIT CO-OPERATIVE LTD.

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, नेपाल, फोनः ५०९३३२३, ५०९३४५५
इमेलः basic@mail.com.np, वेवसाईटः www.balkumarisaccos.com



"समुदायको पहिलो रोजाई,
सुरक्षित र उत्कृष्ट बालकुमारी"

BALKUMARI 24th AGM

# चौबिसौं वार्षिक साधारणसभा

२०८१ पुस २० गते, शनिबार

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष ०८०/०८१

"आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।"

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

BALKUMARI SAVING & CREDIT CO-OPERATIVE LTD.

शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, फोनः ५०९३३२३, ५०९३४५५

## सञ्चालक समिति



श्री तुईलाल श्रेष्ठ
अध्यक्ष



श्री महेन्द्रकुमार जोशी
उपाध्यक्ष



श्री पृथ्वीराम श्रेष्ठ
सचिव



श्री सुदिप श्रेष्ठ
कोषाध्यक्ष



श्री जीवनहरि श्रेष्ठ
सञ्चालक



श्री शिबकृष्ण श्रेष्ठ
सञ्चालक



श्री सूर्यलाल श्रेष्ठ
सञ्चालक



श्री श्यामकृष्ण पाते श्रेष्ठ
सञ्चालक



श्री सुलिकुमार श्रेष्ठ
सञ्चालक



श्री ओमकिशोर श्रेष्ठ
सञ्चालक



श्री सुमति साहू श्रेष्ठ
सञ्चालक

## लेखासुपरीवेक्षण समिति



श्री चन्द्रमोहन जोशी
संयोजक



श्री राधिका श्रेष्ठ
सदस्य



श्री लक्ष्मीशोभा श्रेष्ठ
सदस्य

## ऋण उपसमिति



श्री पृथ्वीराम श्रेष्ठ
संयोजक



श्री कृष्णदेव जोशी
सदस्य



श्री रमेशकुमार श्रेष्ठ
सदस्य

## खरिद उपसमिति



श्री सुदीप श्रेष्ठ
संयोजक



श्री जीवनहरि श्रेष्ठ
सदस्य



श्री सुमति साहु श्रेष्ठ
सदस्य

## ऋण असुली उपसमिति



श्री सूर्यलाल श्रेष्ठ
संयोजक



श्री श्यामकृष्ण पाते श्रेष्ठ
सदस्य



श्री सुनिलकुमार श्रेष्ठ
सदस्य

डि.स.का. दर्ता नं. ३३/०५७/०५८
स्थायी लेखा नं. ३००३२८६८०

सहकारी ऐन अन्तर्गत स्थापित

"आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।"

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.
BALKUMARI SAVING & CREDIT CO-OPERATIVE LTD.

शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, नेपाल, फोनः ५०९३३२३, ५०९३४५५
इमेलः basic@mail.com.np, वेवसाईटः www.balkumarisaccos.com

च.नं. २३७/०८१/०८२ मितिः २०८१।०८।१४

**आदरणीय शेयर सदस्यज्यूहरू**

**विषयः २४ औं वार्षिक साधारणसभामा उपस्थित हुने बारे ।**

यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८१ कार्तिक २४ गते, शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम २४ **औं वार्षिक साधारणसभा** (आ.व. २०८०/०८१) निम्न लिखित विषयहरूमा छलफल गरी पारित गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्यहरूलाई उपस्थिति को लागि हार्दिक अनुरोध गरिन्छ।

**कार्यक्रमः**

मिति : **२०८१ पुस २० गते, शनिबार**

समय : **बिहान ११:०० बजे**

स्थान : **थिमि बैंक्वेट, चारदोबाटो, मध्यपुर थिमि-३, भक्तपुर ।**

**छलफलका विषयहरूः-**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. आ.व. २०८०/०८१ को लेखापरीक्षकको आर्थिक प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/०८२ का लागि लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक तोक्ने ।
४. समितिले समय समयमा परिवर्तन गरेका ब्याजदर, विलम्ब शुल्क तथा अन्य विषयहरूमा गरेका निर्णयहरूलाई छलफल गरी अनुमोदन गर्ने ।
५. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि शेयर सदस्यहरूमध्येबाट बाह्र जना प्रतिनिधि चयन सम्बन्धमा ।
६. विनियम पुनरलेखन सम्बन्धमा ।
७. वार्षिक बजेट तथा कार्ययोजना सम्बन्धमा ।
८. आन्तरिक नीति, कार्यविधि सम्बन्धमा ।
९. संरक्षित पूँजी फिर्ता सम्बन्धमा ।
१०. शेयर लाभांश सम्बन्धमा ।
११. विविध ।

पृथ्वीराम श्रेष्ठ
(सचिव)

**पुनश्चः**

१. २०८० सालको एस.ई.ई. परीक्षामा उत्तिर्ण शेयर सदस्यका छोराछोरीहरू मध्ये सर्बोत्कृष्ट अंक ल्याई उत्तिर्ण हुनेलाई पुरस्कार र प्रशंसा-पत्र वितरण गर्ने भएको हुँदा २०८१ पुस १४ गते, आइतबार कार्यालय समयभित्र लब्धाङ्क-पत्र सहित निवेदन दिनुहुन अनुरोध छ।
२. वार्षिक साधारणसभामा अघिल्लो साधारणसभामा सम्मान गरिसकेका नदोहोरिने गरी स्नातकोत्तर तथा पिएचडी उत्तिर्ण शेयर सदस्यहरूलाई सम्मान गर्ने भएकोले २०८१ पुस १४ गते, आइतबार कार्यालय समयभित्र लब्धाङ्क पत्र सहित निवेदन दिनुहुन अनुरोध छ। साथै सम्मानित हुने सदस्यहरूको अनिवार्य रुपमा नियमित बचत तथा सदस्य पहिचान फाराम भरेको हुनु पर्नेछ।
३. बालबचतकर्ताहरूलाई साधारणसभामा उपहार उपलब्ध गराइने भएकोले आफ्नो परिचय खुल्ने पासबुक सहित साधारणसभामा उपस्थितिको लागि अनुरोध गरिन्छ।

**सदस्यहरूको सहजताको लागि साधारणसभामा विहान ८:३० बजेदेखि उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्ने व्यवस्था मिलाएको छ ।**

# २४ औं वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्ष तुईलाल श्रेष्ठको प्रतिवेदन आ.व. २०८०/०८१

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.को २४ औं वार्षिक साधारणसभाका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सम्मानित जेष्ठ सदस्यज्यूहरू, संचालक समितिको साथीहरू, लेखा सुपरीवेक्षण समितिका संयोजक र सदस्यहरू, सम्मानित व्यक्तिहरू, पूर्व संचालक साथीहरू, बिभिन्न उपसमितिका साथीहरू, प्रधानाध्यापक एवं शिक्षकहरू, सञ्चारकर्मी एवं पत्रकारहरू, शेयर सदस्यहरू, कर्मचारी मित्रहरू एवं शुभचिन्तक महानुभावहरूमा हार्दिक नमस्कार एवं सहकारी अभिवादन व्यक्त गर्दछौं ।

**आदरणीय शेयर सदस्य महानुभावहरू**

मध्यपुर थिमि, शंखधरचोकमा बाहिरका व्यक्तिहरूले स्थापना गरेको सहकारीको शाखा खोली मध्यपुर थिमिका बासिन्दाहरूको बचत संकलन गरी सो बचत फिर्ता नगरी त्यो सहकारी भागेको हृदयविदारक घटना पश्चात् मध्यपुर थिमिका बासिन्दाको छरिएर रहेको पूँजीलाई एकत्रिट पारी सहकारीको माध्यमबाट शेयर सदस्यहरूको आर्थिक तथा सामाजिक उत्थान गर्ने उद्देश्यले मध्यपुर थिमिका प्रतिष्ठित बिभिन्न विधामा रहेर कार्य गरेका सहकारीप्रेमी २८ जना महानुभावहरूले ७ लाख पूँजी राखी "आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारीताको भावनालाई जगाऔं" भन्ने मुल उद्देश्य बोकी २०५७ असोज २ गते सोमबार स्थापना भएको बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. समुदायमा आधारित सहकारी संस्था हो । स्थापनाकालदेखि सदस्यहरूको हितका लागि कार्यरत यस संस्थाको कार्यक्षेत्र मध्यपुर थिमि नगरपालिका पुरै, सुर्यविनायक नगरपालिकाको वडा नं. १ देखि ८ सम्म (साविक सिरुटार, बालकोट, दधिकोट, कटुन्जे, गुण्डु र सिपाडोल गा.वि.स.), चाँगुनारायण नगरपालिकाको वडा नं. १ र २ (साविक दुवाकोट गा.वि.स.), भक्तपुर नगरपालिकाको वडा नं. १ (साविक वडा नं. १७) रहेको छ । संस्थामा हाल पुरुष ३,०२६, महिला २,६६४ र संस्थागत ८ गरी कुल सदस्य संख्या ५,६९८ रहेको छ ।

चालु आर्थिक वर्षमा बालकुमारी साकोस २५ वर्ष पुगेको उपलक्ष्यमा बिभिन्न कार्यक्रमको आयोजना गरी बालकुमारी रजत स्मारिका, चाँदीको स्मारिका प्रकाशन गरी सप्ताह व्यापीरुपमा स्थापना दिवस मनाएको यहाँहरूलाई अवगतनै छ ।

ऐन कानुनले निर्देशन गरे बमोजिम संस्थाको विनियम २०५७ लाई विनियम पुनरलेखन २०८१ तयार पारी साधारणसभाबाट अनुमोदन गर्ने र समयसांपेक्ष रुपमा संस्थाको नीति, कार्यविधि निर्माण र संशोधन गर्दै आएका छौं । संस्थालाई व्यवस्थित र प्रभावकारी गर्न संस्थाको ४ वर्षे रणनीतिक योजना बमोजिम "समुदायको पहिलो रोजाई : सुरक्षित उत्कृष्ट बालकुमारी" नारा तय गरी सो बमोजिम बजेट तयार गरिएको छ । आ.व. २०८०/०८१ को आय-व्यय लेखा परीक्षण प्रतिवेदन यसै वर्षदेखि नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standards - NFRS) विधिबाट तयार गरी यसै सभामा प्रस्तुत गरिएको छ ।

बालकुमारी साकोसले ऐन, कानून, निर्देशन, मापदण्डलाई पूर्णरुपमा पालना गरी संस्थाको विनियम, आन्तरिक नीति कार्यविधि अन्तरगत सहकारी मूल्य, मान्यतालाई पालना गर्दै शेयर सदस्यहरूले बचत गरेको रकमलाई पूर्णरुपमा सुरक्षित राखेको छ भने सदस्यहरूको व्यवसायलाई मध्यनजर गर्दै सुलभ र सुरक्षित रुपमा ऋण लगानी पनि गरिंदै आएका छौं ।

गत वर्षहरूदेखि वित्तिय तथा सहकारी क्षेत्रमा बढेको अधिक तरलता रहेको अवस्था र ऋण मागमा आएको कमीले तरलता अधिक रहन गएको छ । स्वभाविक रुपमा तरलता अधिक रहेपछि नाफामा असर पर्ने भयो । तर संस्थाले समयानुकुल ब्याजदर परिवर्तन गरी सुरक्षित ऋण लगानी बृद्धिका लागि हरदम प्रयासलाई जारी नै राखेको छ । चालु आ.व. मा भन्ने ऋण लगानीको माग सकारात्मक र लगानी बृद्धि गर्दै आएका छौं ।

**आदरणीय शेयर सदस्य महानुभावहरू**

देशमा अहिले कुनै कुनै सहकारी संस्थाले ऐन कानूनलाई पालना नगरी मनपरी तरवरले बचत संकलन गर्ने, मनपरी ब्याज दिने, बचतकर्ताको रकम आफ्नै ठानी मनोमानी तरवरले प्रयोग गरेको कारणले बचतकर्ताको रकम फिर्ता गर्न सकेन र संस्था नै बन्द गर्नु पर्ने अवस्था सृजना भएको छ । जसको कारणले सहकारीप्रति नकारात्मक भावना सृजना भयो । यो गलत प्रवृत्तिलाई चिर्दै सहकारी अभियान राम्रो हो, सहकारीले शेयर सदस्यको आर्थिक विकासमा टेवा पुऱ्याउँछ र सहकारी संस्था आफ्नो उद्देश्यमा पुग्न ऐन कानुनलाई पूर्णरुपमा पालना गर्नु पर्छ । संस्था विनियम अन्तरगत चल्नु पर्छ सहकारी मूल्य, मान्यतालाई पालना गर्दै नीति, विधि र प्रविधि भित्र रही संचालन भएको सहकारी समुदायमा आधारित सहकारी संस्थाको भविश्य उज्वल रहेको छ । बालकुमारी साकोस समुदायमा आधारित सहकारी भएकै कारणले सदस्यहरूको निरन्तर माया, विश्वास, सरसल्लाह र भरोसाका साथै निरन्तर यहाँहरूको उल्लेखनीय कारोबारले जिल्लाकै उत्कृष्ट सहकारीको रुपमा पहिचान बनाउन सफल भएको हामीले ठानेका छौं ।

संस्थाको कारोबार सुरक्षित राख्न क्लाउड ब्याकप सिस्टममा राखिएको छ । संस्थाको प्रविधिलाई थप परिस्कृत गरी सदस्यहरूको कारोबारलाई सहजरुपमा सेवा प्रदान गर्न संस्थाले बालकुमारी स्मार्ट मोबाइल बैकिङ्ग सेवा सुचारु गरिएको छ । कार्यालय सुरक्षा गर्ने उद्देश्यले सेक्युरिटी कम्पनीसँग सम्झौता गरी सुरक्षागार्डको व्यवस्था गर्नुका साथै कार्यालयमा दैनिक सरसफाईका लागि सफाई मजदुरको व्यवस्था गर्दै आएका छौं । सदस्यहरूलाई अझै सहज र सरल तरिकाले सेवा प्रदान गर्नका लागि नियामक निकायसँग स्वीकृत लिई कार्यक्षेत्र विस्तार र सेवा केन्द्र संचालनका लागि पहल गर्दै आएको छौं ।

संस्थाका कर्मचारीहरूलाई दक्ष र सीप विकासका लागि तालिमका साथै पुनर्ताजकिरण तालिममा सहभागिता गराउँदै आएका छौं । संस्थाका कर्मचारीलाई डिप्लोमा इन कोर्षमा अध्यापनमा सहभागिता गराएको छ । कर्मचारीहरूलाई तलबको १०% कर्मचारी संचयकोषमा कट्टा गरिएकोमा शतप्रतिशत थप गरी संचयकोषमा जम्मा गरिएको छ । कर्मचारीहरूको आधारभूत तलब को ५% कर्मचारी उपदान कोषमा जम्मा गरी कोष बृद्धिका लागि योगदान गर्दै आएको छ । यसै चालु आ.व.मा कर्मचारीहरूलाई आधारभूत तलबको ५% ले मंहगी भत्ता प्रदान गरिएको छ । सबै कर्मचारीहरूको बीमा गरिएको छ । साधारणसभामा उत्कृष्ट कर्मचारीहरूलाई नगद सहित पुरस्कृत गरिएको छ । सबै कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन संचालक समितिबाट निर्णय गरिसकेको छ । प्रत्येक वर्ष कर्मचारीलाई २ जोर पोशाक र यसै वर्ष एक/एक थान ज्याकेट पनि उपलब्ध गराएको छ । कर्मचारीहरूको वृत्तिविकास हुने कार्यमा ध्यान दिदैं जानेछ ।

संस्थाको प्रत्येक वर्ष सम्पन्न हुने साधारणसभा संस्थाको सर्वोच्च अंग हो । शेयर सदस्य तथा शुभेच्छुक महानुभावहरूबाट संस्थालाई अघि बढाउन सकारात्मक सुझावको अपेक्षा गरेका छौं । संस्थाको गत वर्ष र आ.व. २०८०/०८१ मा भएको यथथार्थ विवरण र आगामी २०८१/०८२ को अनुमानित लक्ष्य प्रस्तुत गर्न चाहन्छौं ।

| विवरण | आ.व. २०७७/०७८ | आ.ब. २०७८/०७९ पुनरलेखन | आ.ब. २०७९/०८० पुनरलेखन | आ.व. २०८०/०८१ | आ.ब. २०८१/८२ को लक्ष्य बजेट |
|---|---|---|---|---|---|
| शेयर पूँजी | १२,७४,२२,६०० | १३,५३,३४,२०० | १३,५०,९६,६०० | १३,७०,९७,८०० | १४,७६,२८,००० |
| जगेडा कोष | ३९,७९२,५८८ | ४,८२,७८,४४१ | ५,८०,८५,२९७ | ७,२५,१०,८०९ | ८४२,५४,००० |
| अन्य कोष | १,१४,२९,००० | १,८४,४४,२३० | २,४४,९०,५०६ | २४,९,९०,००० | ३४,८०६,००० |
| बचत हिसाब | १,४५,२७,०२,६२९ | १,६३,६३,५८,१७० | १,६३,१८,९७,८०० | १,८३,२७,३७,०४४ | २,०३,५१,६७,००० |
| ऋण लगानी | १,१२,२८,०९,४९८ | १,३६,९४,००,१९८ | १,३१,२८,७०,७४६ | १,३४,१९,४७,२९६ | १,८४,५५,७५,००० |
| तरलता | २६,५२,७४,४७७ | ३८,२९,८७,७४४ | ४,४३,४५,३४९ | ६१,४९,०७,२५७ | १६,५५,९२,००० |
| सम्पत्ति | ४,४२,५०,०२५ | ४,३३,७२,३१७ | ४,२४,१७,५१९ | ६,४०,५६,४६९ | ६,५०,९१,००० |
| कुल आम्दानी | १८,५६,७५,१११ | २१,४३,६२,०८४ | २६,३०,७४,६४१ | २३,४०,४८,११८ | १०,०७,६१,००० |
| कुल खर्च | १६,८९,४२,५७६ | १९,३६,२९,४९६ | २१,५९,८८,४९२ | २१,४४,४१,५६६ | ४,९१,९५,००० |
| खुद नाफा | १,५२,४९,११३ | २,३७,१७,८५३ | ४,२८,१६,७४५ | १,७६,८२,२७४ | ४,६४,०९,००० |
| सदस्य संख्या | ५१६५ | ५४३० | ५५२९ | ५६९८ | ७००० |


'आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।'

संस्थाले आ.व. २०८०/०८१ मा गरेको कार्यक्रमको प्रगति विवरण सचिवको प्रतिवेदनमा विस्तृत उल्लेख भएको छ। संस्थाको आ.व. २०८०/०८१ मा भएको आर्थिक प्रतिवेदन र आ.व. २०८१/०८२ को अनुमानित बजेट कोषाध्यक्षको प्रतिवेदनमा उल्लेख भएकोले यसै प्रतिवेदन मार्फत साधारणसभामा अनुमोदनको लागि प्रस्तुत गर्न चाहन्छु।

**आदरणीय शेयर सदस्य महानुभावहरू**

बालकुमारी बचत तथा ऋण सहकारी संस्था. लि. बाट आ.व. २०८१/०८२ मा गर्ने कार्य योजना बुँदागत रुपमा उल्लेख गर्न चाहन्छु।

- संस्थाको आवश्यकता अनुसार शेयर पूँजी बृद्धि गर्दै जाने।
- संस्थाको कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि तालिम तथा पुनताजिकिरण तालिम संचालन गर्दै जाने।
- नियमिन बचत गर्ने सदस्यलाई प्रोत्साहन एवं हौसला प्रदानको लागि प्राथमिकताका साथै नियमित बचत प्रकार (Product) लाई विशेष प्राथमिकताका साथ संचालन गर्ने।
- सदस्यहरूको वित्तिय सहजताका लागि बचत तथा ऋणको नयाँ प्रकार (Product) को योजनाहरू संचालन गर्ने।
- २५ औं स्थापना दिवस तथा रजत महोत्सव समारोह संचालन गर्ने (चालु आ.व. सम्पन्न भइसकेको)।
- साधारणसभामा कर्मचारी मध्ये उत्कृष्ट कर्मचारीहरूलाई नगद सहित पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिने।
- संस्थाले सदस्यहरूको सुविधालाई ध्यानमा राखी समयसापेक्ष प्रविधिमैत्री सुविधा प्रदान गर्ने।
- सदस्यहरूको सहभागितामा सदस्य बीमा संचालन कार्यलाई निरन्तरता दिने।
- संस्थाको आवश्यकता अनुसार सूचना प्रविधि, कर्जा कानुनी सम्बन्धी दक्ष कर्मचारीहरू थप गर्ने।
- संस्थाको आन्तरिक नीति, कार्यविधि आवश्यकता अनुसार संशोधन, परिमार्जन र निर्माण गर्ने।
- सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धी वार्षिक नीति तय गरी प्रभावकारी कार्यान्वयनका लागि योजना, बजेट तथा कार्यक्रम गर्ने।
- संचालक समिति, लेखा सुपरीवेक्षण समिति, बिभिन्न उपसमिति तथा शेयर सदस्यहरूलाई तालिममा सहभागी गराउने र क्षमतामा अभिबृद्धिका लागि तालिम संचालन गर्ने।
- प्रत्येक वर्ष प्रकाशन गर्दै आएको क्यालेण्डर प्रकाशनलाई निरन्तरता दिने। टेबुल क्यालेण्डर प्रकाशन गर्ने।
- संस्थाको परिचय समावेश गरी डायरी प्रकाशन गर्ने।
- ज्येष्ठ शेयर सदस्यहरूलाई नगद सहित सम्मान गर्दै आएको कार्यलाई निरन्तरता दिने।
- शेयर सदस्यका छोराछोरी मध्ये सर्वोत्कृष्ट अंक ल्याई उत्तिर्ण हुने विद्यार्थीहरूलाई नगद सहित सम्मान गर्दै आएको कार्यलाई निरन्तरता दिने।
- आदर्श मा.वि. लायकू र बालप्रेमी मा.वि. सुगाटोलका जेहेन्दार विद्यार्थीहरूलाई प्रदान गर्दै आएको बालकुमारी छात्रवृत्तिलाई निरन्तरता दिने।
- स्नातकोत्तर उत्तिर्ण र पिएचडी उत्तिर्ण हुने शेयर सदस्यलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिने।
- संस्थाले आवश्यकता हेरी साँस्कृतिक तथा संस्कृति जगेर्णामा योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गर्ने।
- जेष्ठ शेयर सदस्यहरूलाई धार्मिक अवलोकन भ्रमणलाई निरन्तरता दिने।

- बचत तथा ऋणसम्बन्धी जानकारी कार्यक्रम तथा आवश्यकता अनुसार विस्तारित मञ्च कार्यक्रमहरूलाई निरन्तरता दिने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, समारोह, तालिम, गोष्ठी र अवलोकन भ्रमणमा सहभागिता जनाउने कार्यलाई निरन्तरता दिने ।
- कार्यक्षेत्र विस्तार र सेवा केन्द्र स्थापना गर्ने निर्णयलाई कार्यान्वयनका लागि पहल गर्ने ।
- संस्थाबाट आयोजित तालिम, अभिमुखीकरण कार्यक्रम, प्रशिक्षणलगायतको कार्यक्रमका स्रोत व्यक्तिहरूलाई कदर-पत्र सहित सम्मान गर्ने कार्यलाई गर्ने ।
- संस्थाका उपसमितिहरू महिला उपसमिति, शिक्षा तथा स्वास्थ्य उपसमिति, युवा उपसमिति, सामाजिक तथा साँस्कृतिक उपसमिति, प्रचार-प्रसार तथा प्रकाशन उपसमिति र ऋण उपसमितिले विगत वर्ष गर्दै आएको कार्यक्रमलाई अध्ययन गरी संचालक समितिबाट आवश्यकता अनुसार कार्यक्रम तालिका तयार गरी कार्यक्रमहरूको गर्ने ।

अन्तमा, बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.को २४ औं वार्षिक साधारणसभामा उपस्थित हुनुभएका प्रमुख अतिथि, अतिथि, शेयर सदस्य, सञ्चारकर्मी एवं पत्रकार, संघ संस्थाका प्रतिनिधि तथा शुभेच्छुक महानुभावहरू, आज सम्मानित हुने आदरणीय महानुभावहरू लगायत सम्पूर्णको सुस्वास्थ्य दीर्घायु रहनु भनी हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । धन्यवाद । जय सहकारी । जय बालकुमारी ।

**तुईलाल श्रेष्ठ**
अध्यक्ष

# २४ औं वार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत सचिव पृथ्वीराम श्रेष्ठको आ.व. २०८०/०८१ को प्रतिवेदन

यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २४ औं वार्षिक साधारणसभाका सभापति एवं संस्थाका अध्यक्ष श्री तुईलाल श्रेष्ठज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सहकारी संस्थाका अध्यक्ष एवं प्रतिनिधिज्यूहरू, सञ्चालक समितिका पदाधिकारी, सञ्चालक सदस्यज्यूहरू, लेखा सुपरीवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, निवर्तमान एवं पूर्वसञ्चालकज्यूहरू, संस्थापक सदस्यज्यूहरू, पत्रकारज्यूहरू, शेयर सदस्य महानुभावहरू, विद्यालयका प्रधानाध्यापक एवं शिक्षक प्रतिनिधिज्यू, विद्यार्थी भाइबहिनीहरू, संस्थाका कर्मचारी मित्रहरू एवं शुभचिन्तक महानुभावहरूप्रति सुस्वास्थ्य तथा दीर्घायुको कामनासहित हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

मध्यपुर थिमि क्षेत्रका जुझारु २८ जना अग्रज यस संस्थाका संस्थापकज्यूहरूले २५ वर्षअघि ‘आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारीताको भावनालाई जगाऔं’ भन्ने मूल नाराका साथ मध्यपुर थिमि र आसपासका क्षेत्रमा छरिएर रहेका पूँजीलाई एकत्रित गरी सहकारी मूल्य, मान्यता, सिद्धान्त र नीति नियमबमोजिम सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नति गर्ने उद्देश्यले यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड स्थापना गरिएको हो । तत्कालीन जिल्ला सहकारी कार्यालय भक्तपुरमा मिति २०५७ साल असोज २ गते सोमबारका दिन संस्थालाई विधिवत् दर्ता गरी स्थापनाकालदेखि सदस्यहरूकै सुझाव तथा सल्लाह बमोजिम नयाँ प्रविधिहरूको प्रयोग गर्दै सदस्यहरूको आर्थिक जीवनस्तर विकासमा निरन्तर लाग्दै आएका छौं । यहाँहरूको निरन्तर सल्लाह, सुझावको अपेक्षा गर्दै सहकारी मूल्य, मान्यता र आदर्श अनुरुप सामुदायमा आधारित यस संस्थाले गुणस्तरीय र विश्वसनीयतामा पूर्ण सचेत भई बचत तथा ऋणको माध्यमबाट सदस्य केन्द्रीत भई बचत तथा ऋण कारोबार गर्दै आइरहेका छौं । यहाँहरूकै अतुलनीय भूमिकाले संस्था जिल्लाकै गुणस्तरीय, सुरक्षित, सबल तथा विश्वासिलो अनि प्रतिष्ठित संस्थाको रुपमा विकास गर्दै आएका छौं ।

पछिल्लो समय सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत सहकारी संस्था स्थापना र सञ्चालन हुँदा उत्पन्न भएको सहकारी प्रति हेर्ने दृष्टिकोण फरक भएका कारण समग्र सहकारी अभियानप्रति चासो र चिन्ता सहित प्रश्न उठेका छन् । तर सहकारी मूल्य, मान्यता, सिद्धान्त, आचरण र सदस्य केन्द्रित भई समुदायमा आधारित भई सञ्चालित संस्थाहरूमा भने समस्या देखिएको छैन । वर्तमान अवस्थामा समग्र वित्तिय क्षेत्रमा आर्थिक क्षेत्रको विकास र विस्तार हुन नसक्नु, युवा शक्तिको वाह्य आकर्षण र विकास योजनाको अपेक्षित कार्यान्वयन हुन नसक्दा बजार सङ्कुचन, आत्मविश्वासमा कमी, निराशा तथा परिवर्तित मानसिकताले उत्पन्न गराउने परिस्थितिका बारेमा भने हामी सधैं सचेत छौं ।

संस्थाले “समुदायको पहिलो रोजाई, सुरक्षित र उत्कृष्ट बालकुमारी” परिकल्पना गरेको छ। उक्त परिकल्पना पुर्न प्रविधिमैत्री, सर्वसुलभ, दिगो र भरपर्दो वित्तिय सेवा तथा सामाजिक उत्तरदायित्वका कार्यहरू मार्फत सदस्यको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिको लागि निरनतर अगाडि बढी रहेका छौं । ४ वर्षे रणनीतिक योजनाले तय गरेको लक्ष्य प्राप्तीका लागि सदस्य केन्द्रित रही आगामी दिनमा अझ प्रभावकारी तरिकाले प्रविधिमैत्री र सुरक्षित सेवाका लागि तत्पर छौं । हामीले सदस्य सर्वेक्षणबाट प्राप्त सुझावलाई अनुशरण गरी सदस्यमुखी वस्तु निर्माण तथा सेवाहरू पस्किरहेका छौं । उपलब्ध स्रोत र साधनलाई प्रभावकारी तथा अर्थपूर्ण तरिकाले परिमार्जित रुपमा उपयोग गर्ने पद्धतिलाई जोड दिँदै पुँजी परिचालन र सोको प्रतिफल शेयर सदस्यसम्म पुऱ्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौं। आगामी दिनमा हामीले पाइरहेका उपलब्धिहरू कायम राखी थप उचाइमा पुग्ने गरी आफ्ना भावी योजनाहरू तपाईं सम्पूर्ण शेयर सदस्यज्यूहरूको सल्लाह र सुझाव साथै नियामक निकायले दिएका, औंल्याएका टिप्पणीहरूलाई समेत मध्यनजर गरी अघि बढ्ने हाम्रो साझा प्रतिबद्धता हो ।

अब म आ.व. २०८०/०८१ को कार्यक्रमिक प्रगति प्रतिवेदन यो गरिमामय सभामा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**सञ्चालक र कर्मचारीबीच सदस्य सेवा सुविधा सम्बन्धी अन्तरक्रिया कार्यक्रम**

संस्थाका सञ्चालक र कर्मचारी मिति २०८० भाद्र ९ गते, शनिबार सञ्चालक र कर्मचारी बीच सदस्य सेवा सुविधा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठ, उपाध्यक्ष महेन्द्रकुमार जोशी, सचिव पृथ्वीराम श्रेष्ठ, कोषाध्यक्ष सुदिप श्रेष्ठले सदस्य सेवा तथा सुविधालाई थप प्रभावकारी तरिकाले विस्तार गर्दै संस्थाकालाई अगाडि लानु पर्नेमा जोड दिनु भएका थियो। कार्यक्रममा व्यवस्थापक सुजेन्द्र श्रेष्ठ, कर्मचारीहरू बालकृष्ण श्रेष्ठ, प्रविण श्रेष्ठ, राजेश गछें श्रेष्ठ, गंगा श्रेष्ठ, नानीकेशरी प्रजापतिलगायतले कर्मचारीहरूको वृत्तिविकासका लागि

थप तालिमको आवश्यकता र सदस्यलाई लागि नयाँ बचत योजनाहरू आवश्यक रहेको बताउनुभयो । सो अवसरमा सदस्यहरूको समस्या समाधानका लागि नीति संशोधनमा सञ्चालकहरूबाट समय-समय गरिदँदै जानु पर्नेमा जोड दिनुभयो । संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको उक्त अन्तरक्रिया कार्यक्रम खुशिखुशि होटल, ललितपुरमा भएको थियो ।

**अध्ययनका लागि छात्रावृत्ति**

राष्ट्रिय सहकारी महासंघ नेपालद्वारा मिति २०८० भाद्र १० गतेदेखि २०८० पुस १५ गतेसम्म संचालित डिप्लो ईन को-अपरेटिभ म्यानेजमेन्ट कोर्समा संस्थाका कार्यालय सहायक प्रविण श्रेष्ठलाई अध्ययनका लागि संस्थाबाट ५०% छात्रवृत्ति दिई अध्ययनमा सहभागि गराएको थियो । उक्त अध्ययनले कर्मचारीहरूको क्षमता अभिबृद्धि तथा संस्था सञ्चालनमा समेत योगदा पुग्न जाने हेतुले यस कार्यलाई निरन्तरता दिइएको छ ।

**२४ औं स्थापना दिवस**

संस्थाको २४ औं स्थापना दिवस निम्न कार्यक्रम गरी भव्य रुपमा सम्पन्न भएको थियो ।

- **खुल्ला रक्तदान कार्यक्रम**

  स्थापना दिवसको अवसरमा मध्यपुर थिमि, शंखधरचोकमा मिति २०८० भाद्र ३० गते खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको थियो । खुल्ला रक्तदान कार्यक्रममा १०४ जना शेयर सदस्य तथा शुभेचच्छुहरूले रक्तदान गर्नु भएको थियो । रक्तदान कार्यक्रममा रक्तदाताहरूलाई प्रमाण-पत्रसहित संस्थाको लोगो अंकित टि-सर्ट समेत वितरण गरिएको थियो ।
- **२४ औं स्थापना दिवस समारोह**

  संस्थाको २४ औं स्थापना दिवस समारोह २०८० असोज २ गते नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)का अध्यक्ष परितोष पौडेलज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । समारोहमा प्रमुख अतिथि पौडेलले संस्थाको प्रगतिका लागि शुभकामना व्यक्त गर्नुहुँदै समुदायमा आधारित सहकारीहरू सुरक्षित र सदस्यमैत्री हुने बताउनु भएको थियो । संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको समारोहमा जिल्ला सहकारी संघ भक्तपुरका उपाध्यक्ष कृष्णबहादुर घजु, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका उपाध्यक्ष हरि बललगायतले सहकारी अभियानका बारे चर्चा गर्नु भएको थियो । मध्यपुर थिमिस्थित शंखधर बैंक्वेटमा भएको स्थापना दिवस समारोहमा आमन्त्रित अतिथि तथा सदस्यहरूलाई संस्थाका उपाध्यक्ष महेन्द्रकुमार जोशीले स्वागत, कोषाध्यक्ष सुदिप श्रेष्ठले धन्यवाद व्यक्त गर्नु भएको थियो । समारोह सञ्चालन संस्थाका सचिव पृथ्वीराम श्रेष्ठले गर्नु भएको थियो ।
- **बालकुमारी मन्दिरमा दीप प्रज्वलन**

  संस्थाको २४ औं स्थापना दिवसको अवसरमा प्रत्येक वर्षभैं २०८० असोज २ गते बालकुमारी मन्दिरमा पुजा सहित दीप प्रज्वलन सम्पन्न भयो । सञ्चालक समिति पदाधिकारी तथा सदस्यहरूहरूको सहभागिता रहेको उक्त दीप प्रज्वलन कार्यक्रममा सहभागीलाई र भजनमण्डलमा समय बजी पनि वितरण गरिएको थियो ।

**शुभकामना आदान-प्रदान**

- **शुभ विजयादशमी २०८०**

  विजयादशमीको उपलक्ष्यमा २०८० असोज २७ गते सदस्यहरूको बीच शुभकामना आदान-प्रदन कार्यक्रम सम्पन्न भएको थियो । संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रम संस्थाको सभाहलमा सम्पन्न भएको थियो ।
- **नयाँ वर्ष २०८१ तथा ऐतिहासिक बिस्का जात्रा**

  संस्थाका शेयर सदस्यहरू बीच नयाँ वर्ष २०८१ तथा ऐतिहासिक बिस्का जात्राको उपलक्ष्यमा शुभकामना आदान-प्रदान कार्यक्रम २०८० चैत्र २३ गते सम्पन्न भएको थियो । संस्थाको सभाहलमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्य, बिभिन्न उपसमितिका संयोजक, सचिव र सदस्यका साथै शेयर सदस्यहरूको सहभागिता रहेको थियो ।

**लक्ष्मीपूजा**

२०८० कार्तिक २७ गते संस्थाको कार्यालयमा लक्ष्मीपूजा सम्पन्न भएको थियो । लक्ष्मी पूजाको अवसरमा संस्थाका सञ्चालक समितिका पदाधिकारी, सञ्चालक, लेखा सुपरीवेक्षण समितिका संयोजक, सदस्य तथा कर्मचारीहरू सहभागिता हुनु भएको थियो ।

**वित्तिय साक्षारता कार्यक्रम**

संस्थाको शिक्षा तथा स्वास्थ्य उपसमितिको आयोजनामा मिति २०८० मंसिर २ गते वित्तिय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो। नेफ्स्कूनका तालिम अधिकृत प्रेमनाथ वाग्लेले दिनु भएको उक्त वित्तिय साक्षारता कार्यक्रम संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको थियो। कार्यक्रममा संस्थाका उपाध्यक्ष महेन्द्रकुमार जोशीले स्वागत र उपसमितिका संयोजक अम्बिका श्रेष्ठले धन्यवाद व्यक्त गर्नु भएको थियो। संस्थाको सभाहलमा भएको उक्त कार्यक्रमको उद्घोषण उपसमितिका सचिव चेतना श्रेष्ठ गर्नु भएको थियो।

**साधारणसभा तयारी विस्तारित मञ्च**

साधारणसभा व्यवस्थितरुपमा सम्पन्न गर्नका लागि मिति २०८० पुस ४ गते २३ औं साधारणसभा सम्बन्धी विस्तारित मञ्च कार्यक्रम सम्पन्न भएको थियो। संस्थाको संचालक समिति, लेखा सपरीवेक्षण समिति, बिभिन्न उपसमिति तथा सदस्यहरूलाई सहभागिता गराई सञ्चालन भएको उक्त विस्तारित मञ्चको सभापतित्व संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले गर्नु भएको थियो। सो अवसरमा सहभागीहरूलाई साधारणसभा सफलतापूर्वक सम्पन्न गर्नका लागि राय सुझाव संकलन गरिएको थियो। कार्यक्रममा सहभागीलाई स्वागत संस्थाका उपाध्यक्ष महेन्द्रकुमार जोशी र धन्यवाद कोषाध्यक्ष सुदिप श्रेष्ठले गर्नु भएको थियो। संस्थाको सभाहलमा भएको उक्त कार्यक्रम संचालन सचिव पृथ्वीराम श्रेष्ठले गर्नु भएको थियो।

**२३ औं बार्षिक साधारणसभा**

संस्थाको २३ औं बार्षिक साधारणसभा मिति २०८० पुस ७ गते मध्यपुर थिमि नगरपालिकाका नगर प्रमुख सुरेन्द्र श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। साधारणसभाको उद्घाटन गर्नुहुँदै नगर प्रमुख श्रेष्ठले समुदायको उत्कृष्ट संस्थाको रूपमा बालकुमारीले पहिचान बनाएको बताउनु भएको थियो। उहाँले समुदायस्तरमा सञ्चालन भएका संस्थाहरूको अवस्था राम्रो रहेको भन्दै उनले गलत गर्ने संस्थाहरूलाई पनि सहकारी शाखामार्फत नियमनको दायराभित्र ल्याउने गरी काम भइरहेको उहाँले जानकारी दिनु भएको थियो। नगरप्रमुख श्रेष्ठले ब्याजको लोभमा स्थानीयभन्दा बाहिरका व्यक्तिबाट सञ्चालित संस्थामा बचत गर्न सदस्यहरूले विचार पुर्‍याउनु पर्नेमा जोड दिनु भएको थियो।

साधारणसभामा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि २०५७ सालमा २८ जना शेयर सदस्य र ७ लाख रकमबाट संस्था सुरु गरेको जानकारी दिनु भएको थियो। सो अवसरमा संस्थाका अध्यक्ष श्रेष्ठले सञ्चालक समितिको तर्फबाट आ.व २०७९/०८० को प्रतिवेदन प्रस्तुत गर्नुहुँदै संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गर्दै नीति, विधि र प्रविधिमा रहेर सदस्यहरूलाई वित्तीय सेवा प्रदान गर्दै आएको सभामा जानकारी दिनु भएको थियो।

सभामा सञ्चालन सहित संस्थाका सचिव पृथ्वीराम श्रष्ठले आर्थिक बर्ष २०७९/८० को कार्यक्रमिक प्रतिवेदन प्रस्तुत गर्दै सदस्यहरूलाई सहज र सरल रुपमा सेवा प्रदान गर्न संस्थाले बालकुमारी स्मार्ट मोबाईल बैकिङ्ग सेवा समेत सञ्चालन भइसकेको जानकारी दिनु भएको थियो। संस्थाको लक्ष्य भनेको वित्तीय पहुँच, गुणस्तरी सेवा तथा सदस्य सन्तुष्टी, कुशल तथा स्तरीय सञ्चालन र निरन्तर सिकाई तथा स्वनियमन रहेको सभामा बताउनु भएको थियो।

संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको साधारणसभामा मध्यपुर थिमि नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठ, जिल्ला सहकारी संघ भक्तपुरका अध्यक्ष ध्रुबबहादुर रायमाझी, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का सञ्चालक पंचकृष्ण श्रेष्ठ, मध्यपुर थिमि न.पा. सहकारी शाखाका प्रमुख अभयन्द्र रंजितलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो। शंखधर बैंक्वेट, शंखधरचोकमा सम्पन्न साधारणसभामा सहभागी सम्पूर्णलाई संस्थाका उपाध्यक्ष महेन्द्रकुमार जोशी र कोषाध्यक्ष सुदिप श्रेष्ठले धन्यवाद मन्तव्य दिनुभएको थियो।

संस्थाले सभामा आर्थिक वर्ष २०७९/०८० अन्तरगत सदस्यहरूलाई सम्मान र विद्यार्थीहरूलाई पुरस्कार, छात्राबृत्ति प्रदान गरेको थियो।

– **जेष्ठ सदस्यहरूलाई सम्मान**

  संस्थाका जेष्ठ सदस्यहरू मध्यपुर थिमि नगरपालिका वडा नं. ४, इनायटोल निवासी सदस्य नं. ३५४५ का सदस्य सिंहबहादुर जोशी, मध्यपुर थिमि नगरपालिका वडा नं. ४, तछुटोल निवासी गणेशलाल श्रेष्ठ, मध्यपुर थिमि नगरपालिका वडा नं. ३, गठ्ठाघर निवासी सूर्यमाया श्रेष्ठ र मध्यपुर थिमि नगरपालिका वडा नं. ४, वामुनेटोल निवासी मंगलमाया सामा श्रेष्ठलाई दोसल्ला ओढाई नगद र उपहार सहित सम्मान-पत्रद्वारा सम्मानित गरिएको थियो।

- **स्नातकोत्तर उत्तीर्ण सम्मान**
  संस्थाका स्नातकोत्तर एवं पिचडी उत्तीर्ण ७२ जना शेयर सदस्यहरूलाई मायाको चिनो एवं सम्मानपत्र सहित सम्मान गरिएको थियो ।
- **एसईईमा सर्वोत्कृष्ट जिपिए ल्याउनेलाई सम्मान**
  शेयर सदस्यका छोरा-छोरी मध्ये सर्वोत्कृष्ट जिपिए प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रा मध्ये शेयर सदस्य सृजना श्रेष्ठकी छोरी सिलु रंजित (जेम्स स्कूल, धापाखेलबाट ४.०० जिपिए ल्याई उत्तिर्ण) । र सदस्य रामशोभा श्रेष्ठका छोरा विभोर श्रेष्ठ (माउन्ट सिनाई इङ्गलिस बोर्डिङ्ग सेकेण्डरी स्कूल, थिमिबाट ३.९० जिपिए ल्याई उत्तिर्ण) लाई नगद सहित सम्मान गरिएको थियो ।
- **सामुदायिक विद्यालयका विद्यार्थीलाई छात्रवृत्ति**
  संस्थाले सामुदायिक विद्यालयहरू आदर्श माध्यमिक विद्यालय लायूकू, थिमिमा कक्षा ९ मा अध्ययनरत छात्र रिकेश रंजितकार र कक्षा १० मा अध्ययनरत छात्रा प्रज्ञा विश्वकर्मा तथा बालप्रेमी माध्यमिक विद्यालय, बिष्णुवीरस्थान, थिमि, कक्षा ९ मा अध्ययनरत छात्र विवेक खड्का र कक्षा १० मा अध्ययनरत छात्रा धनलक्ष्मी श्रेष्ठ शैक्षिक सत्र २०८० का लागि छात्रवृत्ति प्रदान गरेको थियो ।
- **उत्कृष्ट कर्मचारीलाई पुरस्कार**
  संस्थाका कर्मचारीहरू मध्येबाट आर्थिक वर्ष २०७९/८० को उत्कृष्ट कर्मचारी पुरस्कार संस्थाका अधिकृत बालकृष्ण श्रेष्ठ र जुनियर सहायक सुशिला श्रेष्ठलाई नगद सहित प्रमाणपत्र दिई पुरस्कृत गरिएको थियो ।

**सहकारी अध्ययन अवलोकन भ्रमण**

- संस्थाले २०८० पुस १२ गतेदेखि १५ र २०८० पुस २५ गतेदेखि २८ गतेसम्म दुई समूह बनाई लुम्बिनी, सुपादेउराली, स्वर्गद्वारी र सौराह धार्मिक अवालेकन तथा सहकारी अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको थियो । सो भ्रमणको अवसरमा चितवनस्थित प्रभात महिला दिदी बहिनी साकोस, बुटवलको जनउत्थान साकोसलगायत सहकारीको अध्ययन अवलोकन भ्रमण गरिएको थियो ।
- मिति २०८१ बैशाख १० गते हेम्जा कास्कीस्थित गौशरीशंकर बचत तथा ऋथा ऋण सहकारी संस्था लि.को अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको थियो । भ्रमणका क्रममा दुई सहकारी बीच सहकारी अभियान बारे छलफल तथा विचार आदान-प्रदान भएको थियो । उक्त भ्रमण सञ्चालक क्षमता अभिबृद्धि तालिम अन्तरगतको क्रममा भएको थियो ।

**सञ्चालकहरूको क्षमता अभिबृद्धि तालिम सम्पन्न**

सञ्चालकहरूको लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) को प्राविधिक सहयोगमा साकोस सञ्चालकहरूको क्षमता अभिबृद्धि तालिम (CUDCC Training) कास्कीको पोखरामा २०८१ बैशाख ७ गतेदेखि १० गतेसम्म सम्पन्न भएको थियो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठबाट उद्घाटन भई सञ्चालन भएको उक्त तालिम नेफ्स्कूनका तालिम अधिकृत कोमलराज अधिकारी र रबिन्द्र श्रेष्ठले सञ्चालन गर्नु भएको थियो । तालिम समापनमा सहभागीहरूलाई प्रमाणपत्र प्रमुख प्रशिक्षक कोमराज अधिकारीले वितरण गर्नु भएको थियो । तालिमको अध्यक्षता संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले गर्नु भएको थियो भने संस्थाका सचिव पृथ्वीराम श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नु'भएको थियो ।

**बेसिक लाईफ सपोर्टसम्बन्धी अभिमुखीकरण**

संस्थाका सदस्यहरूका लागि दैनिक जीवनमा स्वास्थ्य आउने सक्ने समस्या र सो को समाधानका बारेमा अभिमुखिकरण गर्ने हेतुले २०८१ जेठ १२ गते, शनिबारका दिन बेसिक लाईफ सपोर्ट कार्यक्रम सम्पन्न भएको थियो। संस्थाका सदस्य तथा नेपाल कोरिया अस्पतालका डा. रोजिना श्रेष्ठले सञ्चालन गरेको उक्त बेसिक लाईफ सपोर्टसम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागीहरूले आफ्नो दैनिक जीवनमा आइपर्ने स्वास्थ्य समस्या र समाधानको बारे जिज्ञासा राख्नु भएको थियो भने डा. श्रेष्ठले समाधानका उपाय र अपनाउनु पर्ने कार्यहरू बारे प्रष्ट पार्नु भएको थियो । संस्थाको सामाजिक तथा साँस्कृतिक उपसमितिको आयोजनामा भएको उक्त कार्यक्रमको सभापतित्व अध्यक्ष तुईलाल श्रेष्ठको गर्नु भएको थियो। सो कार्यक्रम उपाध्यक्ष महेन्द्रकुमार जोशीले स्वागत र उपसमितिका संयोजक पूर्णकेशरी श्रेष्ठले धन्यवाद दिनु भएको थियो। संस्थाको सभाहलमा संचालित उक्त कार्यक्रमको उद्घोषण उपसमितिका सचिव बसन्तीदेवी श्रेष्ठले गर्नु भएको थियो ।

**जेष्ठ सदस्यलाई धार्मिक अवलोकन भ्रमण एवं विस्तारित मञ्च**

संस्थाका जेष्ठ शेयर सदस्यहरूका लागि २०८१ जेठ १५ गते धार्मिक अवलोकन भ्रमण एवं विस्तारित मञ्च कार्यक्रम सम्पन्न भएको थियो। करिब ३०० जना जेष्ठ शेयर सदस्यको सहभागिता रहेको उक्त भ्रमण पुल्चोकी मनकामना, टिका भैरव मन्दिर र बज्रबाराहीमा धार्मिक अवलोकन भएको थियो। बज्रबाराहीमा जेष्ठ सदस्यहरूलाई सहकारीको विविध गतिविधि तथा सल्लाह सुझाव समेत लिएको थियो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा जेष्ठ सदस्यहरूले भजनकृतन समेत गर्नु भएको थियो। उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष महेन्द्रकुमार जोशीले स्वागत र कोषाध्यक्ष सुदिप श्रेष्ठले वित्तिय गति विधिबारे जानकारी गर्नु भएको थियो। सो कार्यक्रम सञ्चालन संस्थाका सचिव पृथ्वीराम श्रेष्ठले गर्नु भएको थियो। भ्रमणमा चिकित्सकीय टोलीको नेतृत्व डा. विनय श्रेष्ठले गर्नु भएको थियो।

**कर्मचारी क्षमता अभिबृद्धि तालिम**

संस्थाका कर्मचारीको क्षमता तथा बृत्तिविकासका लागि २०८१ जेठ २६ गते, शनिबारका दिन कर्मचारी क्षमता अभिबृद्धि तालिम सम्पन्न भएको थियो। नेफ्स्कूनका तालिम अधिकृत प्रेमनाथ वाग्लेद्वारा प्रयोगात्मक रुपमा सञ्चालन गरेको उक्त तालिममा सहभागी कर्मचारीहरूले आफ्नो कार्य सञ्चालालनका लागि सहयोगी रहेको बताउनु भएको थियो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको उक्त तालिममा सहभागीहरूलाई प्रशिक्षक वाग्लेले प्रमाणपत्र वितरण गर्नु भएको थियो। उपाध्यक्ष महेन्द्रकुमार जोशीले स्वागत र सचिव पृथ्वीराम श्रेष्ठले कार्यक्रम सञ्चालन गरेको उक्त तालिम होटल हिमालयन भिला, नगरकोटमा भएको थियो।

**एक हप्ते फोटोग्राफी तालिम**

संस्थाको युवा उपसमितिको आयोजनामा मिति २०८१ असार २ गतेदेखि ८ गतेसम्म ७ दिने फोटोग्राफी तालिम सम्पन्न भएको थियो। फोटोग्राफर नविन भासिमाले प्रशिक्षणमा सहभागीलाई स्थलगत फोटोग्राफी समेत सिकाएको थियो। तालिम समापन कार्यक्रमको अध्यक्षता गर्नु हुँदै संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले आफूले सिकेको ज्ञान व्यवहारमा प्रयोग गर्न सके अझ राम्रो हुने बताउनु भएको थियो। युवा उपसमितिका संयोजक सगुन श्रेष्ठले धन्यवाद दिनु भएको उक्त तालिमको उद्घोषण उपसमितिका सदस्य आशिष श्रेष्ठले भएको थियो।

**ऋण व्यवस्थापन तालिम**

संस्थाको ऋण व्यवस्थापनलाई अझ प्रभावकारीरुपमा अद्यावधिक गर्ने उद्देश्यले संस्थाकाका कर्मचारी, सञ्चालक समिति र लेखासुपरीवेक्षण समितिलाई लक्षित गरी २०८१ असार १५ गते ऋण व्यवस्थापन तालिम सञ्चालन भएको थियो। संस्थाको सभाहलमा सञ्चालित तालिममा नेफ्स्कूनका अधिकृत सोभिता मैनालीद्वारा प्रशिक्षण दिनु भएको थियो। तालिममा संस्थाको ऋण सुरक्षित र व्यवस्थास्थित रुपमा व्यवस्थापन गर्न कर्मचारी तथा सञ्चालकहरूको भूमिका महत्वपूर्ण रहेको तालिममा बताउनु भएको थियो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको उक्त तालिममा उपाध्यक्ष महेन्द्रकुमार जोशीले स्वागत र सचिव पृथ्वीराम श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नु भएको थियो।

**समिक्षा बैठक**

- संस्थाले मिति २०८० असोज १३ गते, आ.व. २०७९/८० को वार्षिक समिक्षा बैठक सम्पन्न भएको थियो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको अध्यक्षतामा भएको उक्त समिक्षामा आ.व. २०७९/०८० सहित चालु आ.व.को रणनीतिक योजना समेत छलफल भएको थियो।
- आ.व. २०८०/०८१ को अर्धवार्षिक समिक्षा बैठक मिति २०८० फागुन ५ गते सम्पन्न भएको थियो। सो अवसरमा संस्थाको बजेटको कार्यान्वन र लक्ष्य प्राप्ति र आगामी बजेटको कार्यान्वय र लक्ष्यबारे छलफल भएको थियो।

**महिला क्षमता अभिबृद्धि कार्यक्रम**

संस्थाको महिला उपसमितिको आयोजनामा मिति २०८० चैत्र ३ गते महिला क्षमता अभिबृद्धि कार्यक्रम सम्पन्न भएको थियो। राष्ट्रिय सहकारी महासंघ लि. नेपालका महाप्रबन्धक चित्राकुमारी सुब्बाले महिला क्षमता अभिबृद्धिका लागि अमुखिकरण प्रशिक्षण दिनुभएको थियो। उहाँले सो अवसरमा सहकारीमा मात्र होइन बिभिन्न क्षत्रमा महिलाहरूको सक्रियता अनिवार्य रहेको बताउनुभएको थियो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले संस्थाको गतिविधि सहित सहभागिहरूलाई स्वागत गर्दै सभापतित्व गर्नु भएको कार्यक्रममा उपसमितिका संयोजक लिना श्रेष्ठले धन्यवाद व्यक्त गर्नु भएको थियो। संस्थाको

सभाहलमा सञ्चालित उक्त कार्यक्रमको सञ्चालन उपसमितिका सदस्य मिना श्रेष्ठले गर्नु भएको थियो ।

**क्यालेण्डर प्रकाशन**

संस्थाको प्रचार-प्रसार तथा प्रकाशन उपसमितिको संयोजनमा प्रत्येक वर्ष प्रकाशन गर्दै आएको क्यालेण्डरलाई निरन्तरता दिँदै २०८१ सालको क्यालेण्डरमा (क) बालकुमारी जात्रा थिमि, (ख) जिब्रो छेड्ने जात्रा, थिमि, (ग) पुलुकिसी, थिमि, (घ) लायूकू भैल नाच, थिमि, (ङ) निलबाराही नाच, बोडे (च) महाकाली नाच, नगदेशको तस्बिर समावेश गरी २०८० चैत्र मसान्तमा प्रकाशन भएको थियो । उक्त क्यालेण्डरमा संस्थाका वार्षिक कार्यालय विदा तथा विभिन्न कार्यक्रमको गतिविधि एवं सेयर सदस्यलाई जानकारी दिने उद्देश्यले बचत तथा ऋणको ब्याजदरसमेत समावेश गरी प्रकाशन भएको थियो ।

**बचत तथा ऋणसम्बन्धी जानकारीमूलक कार्यक्रम एवं विस्तारित मञ्च**

संस्थाको ऋण उपसमितिको आयोजनामा मिति २०८१ जेठ ५ गते बचत तथा ऋणसम्बन्धी जानकारीमूलक कार्यक्रम एवं विस्तारित मञ्च मध्यपुर थिमि न.पा.का उपप्रमुख विजयकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा मध्यपुर थिमि न.पा. वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण श्रेष्ठ र भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारी अभियानको वर्तमान अवस्था बारे चर्चा गर्नु भएको थियो । सो अवसरमा संस्थाका सचिव एवं ऋण उपसमितिका संयोजक पृथ्वीराम श्रेष्ठले संस्थाको बचत तथा ऋणको गतिविधि र सदस्य सेवा बारे जानकारी गर्नु भएको थियो । संस्थाका कोषाध्यक्ष सुदिप श्रेष्ठले संस्थाको वित्तिय विववरण प्रस्तुत गर्नु भएको थियो । थिमि बैंक्वेट, सुन्दरनगर थिमिमा भएको कार्यक्रम सञ्चालन संस्थाका व्यववस्थापक सुजेन्द्र श्रेष्ठले गर्नु भएको थियो ।

**बजेट तर्जुमा गोष्ठी**

संस्थोका आर्थिक २०८१/०८२ को बजेट निर्माणका लागि मिति २०८० असार २२ गते सम्पन्न भएको थियो। २०८१/०८२ को बजेट तर्जुमा गर्न सहभागीहरूले आ-आफ्नो विचार राख्नु भएको थियो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको उक्त गोष्ठीमा संस्थाका गतिविधि सचिव पृथ्वीराम श्रेष्ठ र आर्थिक गतिविधि बजेट निर्माणको पक्ष बारे कोषाध्यक्ष सुदिप श्रेष्ठले प्रकाश पार्नु भएको थियो । संस्थाको सभाहलमा सम्पन्न उक्त गोष्ठीमा संचालक समिति, लेखा सुपरीवेक्षण समिति, बिभिन्न उपसमिति तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

**सम्मान/पुरस्कार**

– नेपाल रेडक्रस सोसाइटी, भक्तपुर जिल्ला शाखाले २० औं विश्व रक्तदाता दिवसका २०८१ अवसरमा संस्थालाई सम्मान गरेको छ। नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाको रक्त सञ्चार सेवासँग समन्वय र सहकार्य गरी रक्तदान कार्यमा महत्वपूर्ण योगदान गरे बापत सम्मान गरेको थियो। संस्थाका सचिव पृथ्वीराम श्रेष्ठले उक्त सम्मान-पत्र ग्रहण गर्नु भएको थियो । मिति २०८१ जेठ ३२ गते भएको उक्त कार्यक्रममा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठ र व्यवस्थापक सुजेन्द्र श्रेष्ठको पनि सहभागिता रहेको थियो ।
– मध्यपुर थिमि नगरपालिका ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा मिति २०८० चैत्र २० गते आयोजित प्रभातफेरी कार्यक्रममा चौथौं स्थानको पुरस्कार प्राप्त गर्न सफल भएको छ। उक्त पुरस्कार संस्थाका व्यवस्थापक सुजेन्द्र श्रेष्ठले ग्रहण गर्नु भएको थियो ।

**सहभागिता/तालिम**

■ भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. द्वारा मिति २०८० भाद्र २० गते आयोजित एक दिने सहकारी गोष्ठीमा संस्थाका कोषाध्यक्ष सुदिप श्रेष्ठ, सञ्चालक जीवनहरि श्रेष्ठ र व्यवस्थापक सुजेन्द्र श्रेष्ठको सहभागिता ।
■ राष्ट्रिय सहकारी महासंघ नेपालको आयोजनामो २०८० भाद्र १८ र १९ गते सम्पन्न सम्पत्ति शुद्धिकरण निवारण तथा जोखिम व्यवस्थापन तालिम (goAML System) मा संस्थाका अधिकृत बालकृष्ण श्रेष्ठको सहभागिता ।
■ राष्ट्रिय सहकारी महासंघ लि. नेपालको आयोजनामा मिति २०८० भाद्र २६ गतेदेखि २८ गते भएको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा तालिममा संस्थाका संचालक श्यामकृष्ण पाते श्रेष्ठ र सञ्चालक सुमति साहू श्रेष्ठ सहभागिता ।
■ राष्ट्रिय सहकारी महासंघ लि. नेपालको आयोजनामा २०८० असोज १६ गतेदेखि १९ गतेसम्म भारतको FMDI गुडगाउँ, हरियानामा भएको Self-Regulation and Governance in Co-operatives तालिममा संस्थाका सञ्चालक जीवनहरि श्रेष्ठको सहभागिता ।

- बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. को मिति २०८० असोज २०-२२ गतेसम्म नयाँ बानेश्वरमा संचालित सहकारीमा ऋण व्यवस्थापन तालिममा ऋण उपसमितिका सदस्य रमेशकुमार श्रेष्ठको सहभागिता ।
- बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. को मिति २०८० मंसिर १५ गते हुने सम्पन्न तेह्रो वार्षिक साधारणसभामा संस्थाका अध्यक्ष अध्यक्ष तुईलाल श्रेष्ठको सहभागिता ।
- राष्ट्रिय सहकारी बैंक लि. को मिति २०८० मंसिर ३० गते सम्पन्न भएको २० औं वार्षिक साधारणसभामा संस्थाका सचिव पृथ्वीराम श्रेष्ठ प्रतिनिधिको रुपमा सहभागिता ।
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को मिति २०८० पुस ७ र ८ गते, काठमाडौंमा सम्पन्न ३२ औं वार्षिक साधारणमा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको प्रतिनिधिको रुपमा सहभागिता ।
- भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजनामा मिति २०८० फागुन २० र २१ गते सम्पन्न वित्तिय व्यवस्थापन तालिममा अधिकृत बालकृष्ण श्रेष्ठको सहागिता ।
- राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालको आयोजनामा मिति २०८० फागुन २१ गतेदेखि २४ गतेसम्म सम्पन्न लेखा तथा सुपरीवेक्षण क्षमता अभिबृद्धि तालिममा लेखा सुपरीवेक्षण समितिका संयोजक चन्द्रमोहन जोशी र सदस्य राधिका श्रेष्ठको सहभागिता ।
- राष्ट्रिय सहकारी महासंघ लि. नेपालको आयोजनामा मिति २०८० चैत्र १ र २ गते हुने 1st Co-operative Digital Conclave सम्पन्न कार्यक्रममा संस्थाका व्यवस्थापक सुजेन्द्र श्रेष्ठको सहभागिता ।
- मध्यपुर थिमि नगरपालिकाद्वारा ६७ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा मिति २०८० चैत्र २० गते आयोजित प्रभातफेरी कार्यक्रममा पोशाक सहित संचालक समिति, लेखासुपरीवेक्षण समिति, बिभिन्न उपसमिति तथा निवर्तमान तथा पूर्व संचालकहरूलाई सक्रिय सहभागिता ।
- नेफ्स्कूनद्वारा मिति २०८०।१२।२२ र २३ गते आयोजित २ दिने अग्रभागका कर्मचारी तथा सदस्य सेवा सहायकहरूको क्षमता विकास तालिममा संस्थाका जुनियर उपसहायक सुशिला श्रेष्ठको सहभागिता ।
- नेफ्स्कुनले मिति २०८१ बैशाख २५ र २६ गते आयोजित संस्थागत सुशासन र सुरक्षणको प्रत्याभूति : प्रभावकारी लेखा सुपरीवेक्षण समिति भन्ने मूल मर्म सहित हुने लेखा सुपरीवेक्षण समितिको राष्ट्रिय गोष्ठीमा लेखासुरीवेक्षा समितिका सदस्य लक्ष्मीशोभा श्रेष्ठको सहभागिता ।
- सहकारी प्रशिक्षण केन्द्र, काठमाडौंमा मिति २०८१ असार २१ गतेदेखि २४ गतेसम्म भएको सहकारी संचालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिममा संचालक सुनिलकुमार श्रेष्ठ सहभागिता ।

**आवद्धता**

– राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
– नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)
– राष्ट्रिय सहकारी बैंक लि.
– बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रस्कुन)
– जिल्ला सहकारी संघ लि. भक्तपुर
– भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

**आदरणीय शेयर सदस्यहरू**

आजको मितिसम्म बिभिन्न कारणले दिवंगत हुनु भएका संस्थाका सम्पूर्ण शेयर सदस्य तथा शुभेच्छुकहरूको असामयिक निधनप्रति यस गरिमामय वार्षिक साधारणसभामा गहिरो दुःख व्यक्त गर्दै हार्दिक समवेदना सहित श्रद्धाञ्जली अर्पण गर्दछौं ।

अन्तमा, यस संस्थाको २४ औं वार्षिक साधारणसभा सफल पार्न हाम्रो आतिथ्यतालाई स्वीकार गरी आउनु भएका प्रमुख अतिथि, अतिथिहरू एवं बिभिन्न संघसंस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मी, शेयर सदस्य महानुभावहरू, शुभचिन्तकहरू एवं प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्णलाई हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछौं ।

जय बालकुमारी, जय सहकारी ।

**पृथ्वीराम श्रेष्ठ**
सचिव

# २४ औं बार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट कोषाध्यक्ष सुदिप श्रेष्ठको आ.व. २०८०/८१ को प्रतिवेदन

२४ औं बार्षिक साधारणसभाका सभापति एवम् यस संस्थाका अध्यक्षज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गर्दै हामीलाई हौसला एवम् मार्गनिर्देशन दिन आउनु भएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, मित्र सहकारीबाट पाल्नु भएका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू, यस संस्थाका विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरूलाई समक्ष र मिहनेती कर्मचारी मित्रहरू यस साधारणसभामा उपस्थित शेयर सदस्यज्यूहरू, पत्रकार तथा सञ्चारकर्मीहरूमा मेरो व्यक्तिगत तथा यस संस्थाको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु।

**शेयर सदस्य महानुभावहरू,**

यस संस्था २०५७ साल असोज २ गते स्थापना भएको थियो। हाल यस संस्थाले दुरदृष्टि (Vision) "समद्रदायको पहिलो रोजाई, सुरक्षित र उत्कृष्ट बालकुमारी" तथा ध्येय (Mission) प्रविधिमैत्री, सर्वसुलभ, दिगो र भरपर्दो वित्तिय सेवा तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू मार्फत सदस्यहरूको "आर्थिक, सामाजिक एवम् साँस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं" नारा लिएर अघि बढिरहेको छ। यस संस्थाको पहिलो उद्देश्य सदस्यको बचतको सुरक्षा गर्ने हो। सोको लागि संस्थाले सदस्यको 6C अध्ययन गरि सुरक्षित र सुलभ तरिकाले ऋण लगानी सदस्यलाई गरिरहेको छ। संस्थाले बजारलाई अध्ययन गरि प्रतिस्पर्धी रुपमा सदस्यलाई बचतमा ब्याजदर प्रदान गरिएको छ। सदस्यलाई उचित र संस्थाले विभिन्न ऋणको प्रकार (Product) बनाई सदस्यलाई प्रतिस्पर्धी र सस्तो ब्याजदरमा सदस्यलाई लगानी गरिरहेको छ।

**शेयर सदस्य महानुभावहरू**

आ.व. २०८०/०८१ मा बजारमा अधिक तरलता रहेको थियो। फलस्वरुप हाम्रो संस्थामा पनि अधिक तरलता रहेको छ। आर्थिकमन्दीको साथै अधिक तरलताले संस्थाको आम्दानीमा असर परिरहेको छ। हाम्रो देशमा युवाहरू डरलाग्दो किसिमले विदेशमा पलायन भइरहेको छ। सो कारण आर्थिक चलायमान गर्ने युवाहरू विदेश पलायन भइरहेकोले ऋण मागमा कमी आइरहेको आकलन गरिएको छ। जे जस्तो परिस्थिति भएतापनि चालु आ.व.मा संस्थाले ऋण लगानीलाई विशेष प्राथमिकता दिई संचालन गरिरहेको छ। यो अवस्थामा सदस्यलाई पनि सस्तो ब्याजदरमा ऋण लिई आफ्नो व्यवसाय बृद्धि गर्ने मौका पनि रहेको छ। समुदायमा आधारित सदस्य केन्द्रित यो संस्था भएकोले समुदायमा आधारित भई सदस्यको निम्ति नै सदाकालसम्म यो संस्था सञ्चालित हुनेछ र भइरहेको छ।

**शेयर सदस्यमहानुभावहरू**

यस गरिमामय सभामा आ.व. २०८०/०८१ को प्रमुख वित्तिय विवरणहरू र आ.व. २०८१/०८२ को अनुमानित बजेट पेश गर्न अनुमति चाहन्छु।

संस्थाले विगत आ.व.हरूमा परम्परागत रुपमा अंगिकार गर्दै वित्तिय प्रतिवेदन प्रस्तुतीको पद्धती "Generally Accepted Accounting Principles (GAS)" लाई प्रतिस्थापन गरि यस आ.व.देखि नेपाल वित्तिय प्रतिवेदन मान "Nepal Financial Reporting Standards (NFRS)" विधिबाट वित्तिय प्रतिवेदन तयार गरिएको छ।

१. **शेयर पुँजी**

यस संस्थाको शेयर पूँजी आ.व. २०७९/०८० मा रु. १३,५०,९६,६००।०० रहेकोमा आ.व. २०८०/०८१ म १.४८% बृद्धि भई १३,७०,९७,८००।०० पुगेको छ। संस्थाको आवश्यकता र लाभांश दिने क्षमताको मध्यनजर गरी शेयर पूँजी बृद्धि गर्दै लगिने छ।

२. **जगेडा कोष**

यस संस्थाको आ.व. २०७९/०८० मा रु. ५,८०,८५,२९६।०० रहेकोमा आ.व. २०८०।०८१ मा २४.८४% बृद्धि भई

७,२५,१०,८०९।०० पुगेको छ। यस संस्थाको नाफा बढाई तथा विभिन्न योजना बनाई शेयर पुँजी बृद्धि गरिनेछ।

३. **बचत हिसाब**

यस संस्थाको विभिन्न शिर्षकहरू निक्षेप संकलन आ.व. २०७९/०८० मा रु. १,६३,१५,९७,८००।०० रहेकोमा आ.व. २०८०/८१ मा १२.३१% बृद्धि भई रु. १,८३,२७,३७,०४४।०० पुगेको छ। संस्थाले नियमित बचतलाई प्राथमिकता राखी बचत संकलनलाई विशेष प्राथमिकता दिइनेछ। सोही प्राथमिकतालाई मध्यनजर गर्दै पेन्सन बचत योजनाको निक्षेपको प्रकार (Product) सुरु गरिसकेको जानकारी गराउँदछु।

४. **ऋण लगानी**

यस संस्थाले आ.व. २०७९/०८० मा सदस्यहरूलाई विभिन्न शिर्षकमा रु. १,३१,२८,७०,७४६।- ऋण लगानी गरेकोमा आ.व. २०८०।८१ मा २.२२% बृद्धि भई रु. १,३४,१९,४७,२९६।- पुगेको छ ।सहज, सुलभ र सुरक्षित गरी नयाँ क्षेत्रको पहिचान गराई सदस्यहरूलाई ऋण लगानी गरिनेछ। सक्षम र नियमित ब्याज तिर्ने सदस्यको पहिचान गरि अभिमुखिकरण कार्यक्रम संचालन गरि ऋण लगानी विशेष र प्रमुख प्राथमिकतामा राखी संस्थाले काम गरिरहेको छ।

५. **तरलता**

यस संस्थामा तरलता आ.व. २०७९/०८० मा रु. ४४,३४,४५,३४९।- रहेकोमा आ.व. २०८०/०८१ म रु. ६१,४९,०७,२५७।- रहेको छ। संस्थाले विभिन्न बैंकको मुद्दती निक्षेपमा रहेको मौज्दातलाई समेत जोडी तरलताको रुपमा गणना गरेको छ।

६. **आम्दानी**

यस संस्थाको कुल आम्दानी आ.व. २०७९/०८० मा रु. २५,३९,१५,७९३।- रहेको आ.व. २०८०/०८१ मा रु. २३,४९,१८,७९३।- रहेको छ। सो आम्दानीलाई संस्थाको विकास, सदस्यको विकास र समुदायलाई गर्नुपर्ने सामाजिक दायित्वमा समेत खर्च गरिनेछ। संस्थामा रहेको अधिक तरलतालाई अवसरको रुपमा प्रयोग गरी संस्थाको आम्दानी बढाउनेमा प्राथमिकता दिइनेछ।

७. **खर्च**

यस संस्थाको कुल खर्च आ.व. २०७९/०८० मा रु. २२,०५,६७,९२१।- रहेकोमा आ.व. २०८०/०८१ मा रु. २१,३५,७०,८९१।- भएको छ।

८. **सम्पत्ति**

यस संस्थाको कुल सम्पत्ति आ.व. २०७९/०८० मा रु. ४,२४,१७,५१९।- रहेकोमा आ.व. २०८०/०८१ मा रु. ६,४०,५६,४६९।- रहेको छ। संस्थाको आवश्यकता अनुसार सम्पत्ति खरिद गरिनेछ।

९. **राजस्व भुक्तानी**

यस संस्थाले विभिन्न राजस्व शिर्षकहरूमा आ.व. २०७९/०८० मा १,८८,९९,७४९।- भुक्तानी गरेकोमा आ.व. २०८०/०८१ मा रु. १३,१९५,८१३।- भुक्तानी गरिएको छ।

१०. **सदस्य**

यस संस्थाको सदस्य संख्या आ.व. २०७९/०८० मा ५५२९ रहेकोमा आ.व. २०८०/०८१ मा ५६९८ पुगेको छ।

**शेयर सदस्य महानुभावहरू**

यस सभामा २०७७/७८ देखि २०८०/०८१ सम्मको तुलनात्मक आर्थिक आ.व. २०८१/०८२ को बजेट

(अनुमानित लक्ष्य) प्रस्तुत गर्न अनुमति चाहन्छु ।

| विवरण | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ पुनरलेखन | आ.व. २०७९/०८० पुनरलेखन | आ.व. २०८०/०८१ | आ.व. २०८१/८२ को लक्ष्य बजेट |
|---|---|---|---|---|---|
| शेयर पूँजी | १२,७४,२२,६०० | १३,५३,३४,२०० | १३,५०,९६,६०० | १३,७०,९७,८०० | १४,७६,२८,००० |
| जगेडा कोष | ३९,७९२,५८८ | ४,८२,७८,४४१ | ५,८०,८५,२९७ | ७,२५,१०,८०९ | ८४२,५४,००० |
| अन्य कोष | १,१४,२९,००० | १,८४,४४,२३० | २,४४,९०,५०६ | २४,९,९०,००० | ३४,८०६,००० |
| बचत हिसाब | १,४५,२७,०२,६२९ | १,६३,६३,५८,१७० | १,६३,१८,९७,८०० | १,८३,२७,३७,०४४ | २,०३,५१,६७,००० |
| ऋण लगानी | १,१२,२८,०९,४९८ | १,३६,९४,००,१९८ | १,३१,२८,७०,७४६ | १,३४,१९,४७,२९६ | १,८४,५५,७५,००० |
| तरलता | २६,५२,७४,४७७ | ३८,२९,८७,७४४ | ४,४३,४५,३४९ | ६१,४९,०७,२५७ | १६,५५,९२,००० |
| सम्पत्ति | ४,४२,५०,०२५ | ४,३३,७२,३१७ | ४,२४,१७,५१९ | ६,४०,५६,४६९ | ६,५०,९१,००० |
| कुल आम्दानी | १८,५६,७५,१११ | २१,४३,६२,०८४ | २६,३०,७४,६४१ | २३,४०,४८,११८ | १०,०७,६१,००० |
| कुल खर्च | १६,८९,४२,५७६ | १९,३६,२९,४९६ | २१,५९,८८,४९२ | २१,४४,४१,५६६ | ४,९१,९५,००० |
| खुद नाफा | १,५२,४९,११३ | २,३७,१७,८५३ | ४,२८,१६,७४५ | १,७६,८२,२७४ | ४,६४,०९,००० |
| सदस्य संख्या | ५१६५ | ५४३० | ५५२९ | ५६९८ | ७००० |

**शेयर सदस्य महानुभावहरू**

संस्था स्थापनाकालदेखि हालसम्म गतिशिल भई अघि बढिरहेको छ। संस्था प्रगति उन्मुख रहेको छ। संस्था यो अवस्थामा आउनुमा सदस्यहरूको यो संस्था प्रति विश्वास, संस्थालाई आफ्नो सम्भी दिने सल्लाह सुभाव प्रमुख रहेको छ। संस्थाले संस्थाको आवश्यकतालाई मध्यनजर गरी SMS Banking सुरु गरिसकेको छ। अभै नयाँ प्रविधिमा आधारित भई सेवा र सुविधा सदस्यहरूलाई प्रदान गरिएको छ।

अन्तमा यस संस्थालाई सहयोग, अनुगमन र मार्गदर्शन गर्नु हुने सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक लि, जिल्ला सहकारी संघ लि., शेयर सदस्य, शुभचिन्तक, सञ्चारकर्मी पत्रकार लगायत सम्बन्धित निकायहरूप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि निरन्तर सहयोग सद्भाव र मार्गनिर्देशनको अपेक्षा राख्दछौं। जय बालकुमारी साकोस, जय सहकारी, धन्यवाद।

**सुदिप श्रेष्ठ**
कोषाध्यक्ष

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि
# २४ औं वार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समितिको संयोजक चन्द्र मोहन जोशीबाट प्रस्तुत २०८०/०८१ को प्रतिवेदन

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

"आर्थिक सामाजिक तथा साँस्कृतिक उन्नतिको लागि सहकारीताको भावनालाई जगाऔं" भन्ने मूल नारा राखी २०५७ साल असोज २ गते स्थापित यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.को २४ औं बार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समितिको तर्फबाट यो प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हर्ष विभोर भएको छु।

'समुदायको पहिलो रोजाई, उत्कृष्ट र सुरक्षित बालकुमारी' ध्येय (Vision) राखी यस सहकारी अगाडी बढिरहँदा ध्येय (Vision) अनुसार भक्तपुर जिल्लाको उत्कृष्ट र सुरक्षित सहकारीको रुपमा आफ्नो पहिचान बनाउन यस सहकारी सफल भएको छ। यसको लागि सम्पूर्ण शेयर सदस्यहरूको विश्वास, सद्भावको ठूलो भूमिका रहेको छ। देशको आर्थिक विकासको तीन खम्बे अर्थ नीतिमा सहकारीलाई एक प्रमुख खम्बा मानिएको वर्तमान सन्दर्भमा सहकारीहरूले राष्ट्रको दुर दराज क्षेत्रसम्म आफ्नो उपस्थिति जनाउन, आर्थिक गतिविधिहरू चलायमान गर्न सहकारीहरू सफल भएका छन्। तर सहकारी क्षेत्रमा कुनियतबस प्रवेश गरेका केही फटाहाहरूले गर्दा सहकारी क्षेत्र केही हदसम्म बदनाम भएको छ। जनताको बचतलाई आफ्नो पेवा सम्झी जनताको बचत अपचलन गर्ने सहकारी ठगहरूलाई कडा भन्दा कडा कार्यवाही गरी सहकारी आन्दोलनलाई अघि बढाउनको अर्को विकल्प छैन। शहरी क्षेत्र भन्दा ग्रामिण क्षेत्रमा आर्थिक क्रियाकलाप बढाउन र ग्रामिण क्षेत्रको विकासको लागि सहकारीको भूमिका नै प्रमुख रहने छ।

हामीलाई दिइएको जिम्मेवारीलाई इमान्दारीको साथ पूरा गरी आर्थिक वर्ष २०८०/०८१ को लेखा सुपरीवेक्षण प्रतिवेदन निम्नानुसार प्रस्तुत गरेका छौं।

१. दोहोरो लेखा प्रणाली अनुसार लेखा राख्ने गरिएको छ र यसै बर्षदेखि नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards (NFRS)) अनुसार लेखा प्रतिवेदन तयार गरिएको छ।

२ संस्थाले हालै प्रयोगमा ल्याएको नयाँ सफ्टवेयर समय सापेक्ष र यस संस्थाको तथ्यांक क्लाउड ब्याकप सिस्टममा सुरक्षित गर्ने गरिएको छ।

३. बजार विश्लेषण गरेर संस्थाले समय समयमा आवश्यकता अनुसार ब्याजदर परिवर्तन गरेको संस्थाको हितमा छ।

४. संस्थाले बचत तथा ऋण नीति समय अनुकुल परिवर्तन गरेको देखिन्छ। २०८१ असार देखि बालकुमारी पेन्शन बचत खाताको सुरुवात गरिएको छ।

५. सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ अनुसार साकोसले कोषहरूको बाँडफाँड गरिएको देखिन्छ।

६. यस संस्थाका कर्मचारीहरूको हितका लागि निम्न व्यवस्था गरिएको छ।

- कर्मचारीहरूको तलबको १०% कर्मचारी संचयकोषमा कट्टा गरेकोमा शत प्रतिशत संस्थाले रकम थप गरी जम्मा गर्ने गरेको छ जुन सरहानीय छ।
- आर्थिक वर्ष २०७८।०७९ देखि कर्मचारीहरूको उपदानको व्यवस्था गर्न कर्मचारीहरूको कुल तलबको ५% रकम हुने गरी कर्मचारी उपदान कोषको व्यवस्था गरेको छ।
- हाल यो संस्थामा १६ जना कर्मचारीहरू कार्यरत छन्। साथै सेक्युरिटि कम्पनी मार्फत एक जना गार्ड र एक जना पार्ट टाईम सरसफाई कर्मचारीको पनि व्यवस्था गरिएको छ।

७. आर्थिक वर्ष २०८०।८१ मा शेयर सदस्यहरूको संख्या निम्न बमोजिम छ।

| | | |
|---|---|---|
| जम्मा शेयर सदस्य | : | ५६९८ |
| पुरुष | : | ३०२६ |
| महिला | : | २६६४ |
| संस्थागत | : | ८ |
| शेयर सदस्य बृद्धि संख्या | : | १६९ |

८. आ.व. २०८०।८१मा संस्थाको समिति उपसमितिहरूको बैठक संख्याको विवरण तल उल्लेख गरिएका छन्।

| क्र.सं. | समिति/उपसमिति | बैठकको पटक |
|---|---|---|
| क | संचालक समिति | ४१ पटक |
| ख | लेखा सुपरिवेक्षण समिति | १३ पटक |
| ग | ऋण उपसमिति | २६ पटक |
| घ | ऋण असुली उपसमिति | २१ पटक |
| ङ | जोखिममा आधारित साकोस सुपरिवेक्षण अनुगमन कार्यदल | ३ पटक |
| च | बजेट निर्माण उपसमिति | १७ पटक |
| छ | नीति कार्यविधि संशोधन तथा निर्माण उपसमिति | ८ पटक |
| ज | धितो लिलाम उपसमिति | ९ पटक |
| झ | २३ औं बार्षिक साधारण सभा समारोह तयारी उपसमिति | १० पटक |
| ञ | २५ औं स्थापना दिवस तथा रजत महोत्सव उपसमिति | १ पटक |
| ट | सामान खरिद उपसमिति | १५ पटक |
| ठ | प्रचार प्रसार तथा प्रकाशन उपसमिति | ३ पटक |
| ड | महिला उपसमिति | ७ पटक |
| ढ | शिक्षा तथा स्वास्थ्य उपसमिति | ७ पटक |
| ण | युवा उपसमिति | ४ पटक |
| त | सामाजिक तथा साँस्कृतिक उपसमिति | ६ पटक |
| थ | कर्मचारी बैठक | १२ पटक |

९. संस्थाको तरलता सुरक्षणको लागि विभिन्न बैंकहरू र वित्तिय संस्थाहरूमा रकम जम्मा गर्ने गरिएको छ ।

१०. तरलता रकमको बृद्धिलाई मध्यनगर गरी ऋण लगानी सम्बन्धमा नयाँ क्षेत्रको पहिचान गरी संस्थालाई अघि बढाउनु पर्ने देखिन्छ ।

११. संस्थाको क्षमता बृद्धिको लागि संचालक समितिका सदस्यहरू, लेखा सुपरिवेक्षण समितिका सदस्यहरू साथै कर्मचारीहरूलाई समय सापेक्ष तालिमहरूको व्यवस्थालाई निरन्तरता दिइरहेको छ ।

१२. लेखा सुपरीवेक्षणको क्रममा औंल्याएका कमी कमजोरीहरू तथा दिइएका सुझावहरूलाई कार्यतालिका बनाएर सुधार गर्नुपर्ने देखिन्छ ।

१३. संस्थाका ढुकुटी (भल्ट)मा रहेको रकम काउन्टरको रकम र मार्गस्थ रकमको उचित बिमा गरिएको छ ।

१४. सहकारी विभागको मिति २०७९।०४।३१ गतेको निर्देशन बमोजिम प्रत्येक महिना समाप्त भएको ७ दिन भित्र संस्थाको वित्तिय सुचक प्रकाशन गर्ने गरेको छ ।

१५. संस्थामा रहेका भल्ट र संस्थाले हाल प्रयोगमा ल्याएको सफ्टवेयर बारे जानकारी लिने काम गरियो ।

अन्तमा आन्तरिक लेखा सुपरीवेक्षण गर्ने क्रममा सहयोग गर्नुहुने संचालकज्यूहरू, संस्थाका व्यवस्थापक एवम् कर्मचारीहरूको तर्फबाट गर्नु भएका सहयोगको लागि कृतज्ञता व्यक्त गर्दछौं ।

धन्यवाद, जय सहकारी ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| राधिका श्रेष्ठ | लक्ष्मी शोभा श्रेष्ठ | चन्द्र मोहन श्रेष्ठ |
| सदस्य | सदस्य | संयोजक |

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**श्री शेयर सदस्य महानुभावहरू**
**बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**शंखधरचोक, मध्यपुर थिमि नगरपालिका-०४, भक्तपुर ।**

**आ.व. २०८०/८१ को लेखापरीक्षणको प्रतिवेदन**

हामीले **बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** वित्तीय विवरण, जसले २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण तथा वित्तीय विवरणहरूसँग सम्बन्धित प्रमुख लेखा नीतिहरू र लेखा सम्बन्धि टिप्पणीहरू समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**कैफियत सहितको राय**

हाम्रो रायमा कैफियत सहितको राय अनुच्छेदमा उल्लेखित व्यहोराले वित्तीय विवरणमा पार्ने असर बाहेक संलग्न वित्तीय विवरणले नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) अनुसार आषाढ ३१, २०८१ को वित्तीय अवस्थाको र सो मितिमा समाप्त भएको आर्थिक संचालन नतिजा तथा नगद प्रवाहको सारभूत रुपमा उचित तथा यथार्थ चित्रण गर्दछ ।

**कैफियत सहितको रायको आधार**

हामीले नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरू अनुसारको हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालनका लागि आचार संहिताको हाते पुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरूको आधारमा हामी यस सस्थाबाट स्वतन्त्र छौं, र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं ।

हामीले लेखापरीक्षण गर्ने क्रममा प्राप्त गरेका प्रमाण तथा पुरा गरेका लेखापरीक्षण प्रक्रियाको आधारमा हामी कैफियत सहितको राय व्यक्त गर्ने आधारको रुपमा देहायको व्यहोरालाई उल्लेख गर्दछौ ।

"संस्थाले उपदानको दायित्वको गणना गर्दा नेपाल वित्तीय प्रतिवेदन मानको अवधारणागत फ्रेमवर्कमा व्यवस्था भएको लाभ-लागत विश्लेषण प्रयोग गरि विमाङ्किक मुल्याकंन विधि प्रयोग गरेको छैन । संस्थाको मानव संसाधन व्यवस्थापन कार्यविधि, २०७८ को दफा ३७ मा २३ औं साधारणसभाले गरेको संशोधित व्यवस्था बमोजिम रु.५,०८१,८०५ उपदान वापतको व्यवस्था गर्नुपर्ने देखिन्छ, तर संस्थाले हाल सम्म रु.२३,३८,६०१.३४ मात्र व्यवस्था गरेको छ ।"

हामीले प्राप्त गरेका प्रमाणहरूले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपर्युक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**मुख्य लेखापरीक्षण व्यहोराहरू**

मुख्य लेखापरीक्षण व्यहोराहरू ती विषयहरू हुन् जुन हाम्रो पेशागत निर्णयका आधारमा लेखापरीक्षण गरिएको हालको अवधिको वित्तीय विवरणहरूसँग सबैभन्दा महत्वपूर्ण थिए । यी व्यहोराहरूको सम्बोधन सम्पुर्ण वित्तीय विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा गरिएका

छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन । हामीले तल उल्लेखित व्यहोराहरूलाई निर्धारण गरि मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

| **सुचना प्रविधि प्रणाली** | **लेखापरीक्षकको सम्बोधन** |
|---|---|
| संस्थाको प्राय सबै कारोबारहरू सूचना प्रविधि मार्फत संचालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन गई व्यवस्थापन र नियामकहरूलाई डाटाको गलत रिपोटिङ हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | हामीले नमूनाको आधारमा ऋणको ब्याज आम्दानी र निक्षेपको ब्याज खर्चको जाँच गर्यौं । साथै हामीले भाका नाघेका ऋण लगानीको रिपोर्ट पनि जाँच गर्यौं ।<br><br>हामीले सुचना प्रणाली तथा सोको नियन्त्रण प्रणालीहरू पर्याप्त रहेको पायौं तथापी समयानकुल सुधार गर्दै जानुपर्ने ठान्यौं । साथै कारोवारको परिमाणलाई मध्येनजर गर्दा संस्थाले सुचना प्रणाली व्यवस्थापन नीति तयार गरि कार्यान्वयन गर्नुपर्ने ठान्यौ । |
| **ऋण नोक्सानी व्यवस्था** | **लेखापरीक्षकको सम्बोधन** |
| सहकारी ऐन तथा मापदण्ड बमोजिम असूल हुन बाँकी ऋणलाई भाखा नाघेको आधारमा असल, शंकास्पद तथा खराव गरि तीन वर्गमा वर्गिकरण गरि क्रमशः १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशतको दरले ऋण नोक्सानी व्यवस्था गर्नुपर्ने हुन्छ । संस्थाले २०८१.०३.३१ मा भाका नाघेको, तर वित्तीय विवरण प्रमाणित मिति अगाडि नै चुक्ता भएको वा लिलामी प्रक्रियाको लागी सुचना जारी भईसकेका रु.५,९४,६२,९९१.४३ को ऋण रकममा १ प्रतिशतले ऋण नोक्सानी ब्यवस्था गरेको छ । यसबाट नाफामा पर्नसक्ने असरलाई मध्येनजर गर्दै हामीले ऋण नोक्सानी व्यवस्थालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | हामीले १% ऋण नोक्सानी व्यवस्था गरिएका ऋणहरूको फाईल जाँच गर्यौं । हामीले सो ऋणहरूको सुरक्षणको लागी राखिएको धिताको पर्याप्तताको जाँच गर्यौं ।<br><br>संस्थाले गरेको निर्णयहरू, सोको आधार, लिलामी प्रक्रियाको लागी जारी भएका सुचनाहरूको अध्ययन गर्यौं । साथै सो प्रक्रियालाई थप तदारुकताका साथ अघि बढाई ऋण असुली कार्य प्रभावकारी गरिनुपर्ने ठान्यौ । |

**अन्य जानकारी**

अन्य जानकारीहरू व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरण सँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदनहरू पर्दछन् ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरू वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरूसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्यकुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरूको आधारमा, यदि अन्य जानकारीहरू सारभतू रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरूको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो । यस सम्बन्धमा हामीले प्रतिवेदन दिनु पर्ने कुनै तथ्यहरू छैन ।

हामीलाई त्यस्ता प्रतिवेदनहरू प्राप्त भए पश्चात सो को अध्ययन गरी कुनै सारभूत असंगत तथ्यहरू रहेको निचोड निस्किएमा हामीले त्यस्तो तथ्यहरूको बारेमा शासकीय भूमिका बहन गर्नेहरू समक्ष सूचित गर्नु आवश्यक छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरूको जिम्मेवारी**

प्रचलित वित्तीय प्रतिवेदन ढाँचा (NFRS) वमोजिम वित्तीय विवरणहरू तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरू सारभूत रुपमा गलत आँकडा रहितको हुन निजहरूले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण

प्रणालीहरूको जिम्मेवारी **बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरू तयार गर्दा, संस्थाको अविच्छिन्न रुपमा जारि रहनसक्ने क्षमताको मुल्यांकन गर्ने, लागु भएमा, अविच्छिन्नता सम्बन्धि कुराहरूको, खुलासा गर्ने र व्यवस्थापनको मनसाय संस्था वा कारोबार बन्द गर्ने वा त्यस्तो गर्ने बाहेक अन्य कुनै यथार्थ परक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्नता आधारको लेखाको प्रयोग गर्न व्यवस्थापन जिम्मेवार छ । शासकीय भूमिका वहन गर्नेहरूको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरूको निरीक्षण गर्नु हो ।

**वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरू समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिको कारणले हुने सारभुत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgment) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौं ।

यस क्रममा, हामीले :

- जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरू सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरू प्राप्त गरेका छौं । जालसाजी (fraud) मा मिलीभगत (Collusion), किर्ते (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढि हुन्छ ।
- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।
- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरूको उपयुक्तता (Appropriateness) र लेखा अनुमानहरूको व्यवहारिकता (Reasonableness) तथा ती सँग सम्बन्धित खुलासाहरूको मूल्याङ्कन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरूको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शेयर सदस्यहरूको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवदेन जारी गर्ने मिति सम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।
- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरू लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौं ।
- लेखापरीक्षकको रायव्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं । हामी लेखापरीक्षणको निर्देशन, पर्यवेक्षण तथा कार्यसम्पादनको लागी जिम्मेवार छौं । हामी हाम्रो लेखापरीक्षण रायको लागि मात्र जिम्मेवार रहन्छौं ।

हामीले शासकीय भूमिका वहन गर्नेहरू समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरू सूचित गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरू समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचारको पालना गरेको

व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौँ । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभावपार्ने सबै सम्बन्धहरू र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरूको बारेमा पनि सूचित गरेका छौँ ।

**अन्य कानूनी र नियमनकारी व्यवस्थाहरू सम्बन्धी प्रतिवेदन**

माथि उल्लिखित व्यहोराका अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा देहाय बमोजिम थप प्रतिवेदन पेश गर्दछौं :

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेको सबै सूचना तथा स्पष्टिकरणहरू उपलब्ध भएका छन् ।

२. हाम्रो रायमा यस प्रतिवेदनसंग सम्बन्धित वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण तथा संलग्न अनुसुचिहरू संस्थाले राखेको हिसाब, किताब, बहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

३. लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

४. हामीले लेखापरीक्षणको क्रममा प्राप्त कैफियतहरूलाई प्रारम्भिक प्रतिवेदन (व्यवस्थापन पत्र) मार्फत व्यवस्थापनमा जानकारी गराएका छौँ । सो प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरिएका कैफियत बाहेक अन्य सारभुत कैफियतहरू छैनन् ।

५. संस्थाले शेयर सदस्य बनाउँदा सहकारी विभागको निर्देशन बमोजिम सदस्यको KYM फारम र सम्वन्धित कागजातहरू पूर्ण रुपमा अद्यावधिक गरि सञ्चालक समितिको निर्णय बमोजिम सदस्यता प्रदान गर्ने व्यवस्था गरेको छ । सक्रिय सदस्यहरूको KYM फारम अद्यावधिक र कोपोमिस अद्यावधिक कार्य तदारुकताका साथ गरिरहेको छ । निष्कृय सदस्यहरूको पहिचान गरि KYM फर्म भरि सदस्यहरूलाई सक्रिय गराउन थप पहल गर्नुपर्ने देखिन्छ । निष्कृय सदस्यहरूलाई खारेजी गरि सम्बन्धित सदस्यलाई सो को जानकारी दिनेकार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

६. संस्थाको वित्तिय कारोवारको PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return, Liquidity and Sign of Growth) अनुगमन विधि पूर्णरुपले अवलम्वन गर्नुपर्ने देखिन्छ ।

७. सहकारी प्रर्बद्धन कोषमा छुट्याईएको रकमलाई सहकारी मन्त्रालय अन्तर्गतको सहकारी प्रवर्धन कोषको खातामा दाखिला गरिएको पाईयो ।

८. यस आ.ब.मा संस्थाले साधारण सभाको निर्णय बमोजिम लाभांश कोषमा विनियोजन गरिएको रकमबाट आ.व २०७८/७९ र २०७९/८० को शेयरको दामशाहि हिसाबमा ९.८९ प्रतिशतको दरले लाभांश वितरण गरि सो कोषमा बाँकी रहेको रु.११,३१२ लाई जगेडा कोषमा रकमान्तर गरिएको छ । साथै संस्थाले सहकारी नियमावली व्यवस्था बमोजिम कारोबारको आधारमा गत आ.व मा विनियोजन गरिएको संरक्षित पुंजी फिर्ता कोषको रकम यस आ.व मा वितरण गरेको छ । यसरी वितरण गर्दा भाका नाघेका ऋणी सदस्यहरूलाई गणना भएको सो कोषको रकम रु.८०१,५२७ लाई जगेडा कोषमा रकमान्तर गरिएको छ । साथै संचालक समितिको निर्णय अनुसार गत वर्ष अन्य कोषमा विनियोजन भएको रकमहरू मध्ये सहकारी शिक्षा कोषबाट रु.९,४५,९६७ र सहकारी बिकास कोषबाट रु.३५८,४३३ खर्च गरि सो कोषमा बाँकि रकम तथा अन्य कोषहरूलाई जगेडा कोषमा कुल रु. ५२,८२,१०६ (NFRS समायोजन कोष सहित) रकमान्तर गरिएको छ ।

९. संस्थाको कार्यालय शंखरधरचोकबाट हुने काउन्टर कारोवार तथा भल्टको लागि बीमा गरेको पाईयो ।

१०. श्रम ऐन, २०७४ को दफा ५३ बमोजिम रोजगारदाताले प्रत्येक श्रमिकको कम्तिमा आधारभूत पारिश्रमिकको आठ दशमलव तेत्तीस प्रतिशत बराबरको रकम प्रत्येक महिना उपदान बापत जम्मा गर्नु पर्ने उल्लेख भएकोले सो व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

११. संस्थाले सहकारी विभागको नीति निर्देशन बमोजिम सबै सदस्यहरूको विवरण कोपोमिसमा अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

M.R.U & Associates Kathmandu Chartered Accountants

सिए. रमन उप्रेती
एम.आर.यु. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

स्थान :काठमाडौ
मिति : २०८१.०९.०७
युडिन नं. **241229CA005902PmLu**

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

## २०८१ आषाढ, ३१ को

## वित्तीय अवस्थाको विवरण

रकम रु. मा

| विवरण | टिप्पणी नं | २०८१.०३.३१ को | २०८०.०३.३१ को पुनर्लेखन | २०७९.०४.०१ को पुनर्लेखन |
|---|---|---|---|---|
| **सम्पत्ति तथा जायदात हिसाब** | | | | |
| नगद तथा नगद समान | ४.१ | ३९९,७०७,२५७ | २१८,४४५,३४९ | २४२,९८७,७४४ |
| सदस्यलाई ऋण लगानी | ४.२ | १,३४१,९४७,२९६ | १,३१२,८७०,७४६ | १,३६९,४००,१९८ |
| आयकर सम्पत्ति | ४.३ | २१,९१४,७४८ | १९,४८५,१२६ | १५,३३६,९८४ |
| मुद्दती लगानी | ४.४ | २१५,२००,००० | २२५,०००,००० | १४०,०००,००० |
| शेयर धितोपत्रमा लगानी | ४.४क | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० |
| सम्पत्ति तथा उपकरण | ४.६ | ६३,८७२,५३९ | ४२,१९५,१५४ | ४३,१११,५१७ |
| अमुर्त सम्पत्ति | ४.७ | १८३,९३० | २२२,३६५ | २६०,८०० |
| अन्य सम्पत्ति हिसाब | ४.९ | ३९,१०१,३९३ | ६२,८९९,६५७ | ४४,५१३,०७७ |
| **जम्मा** | | २,०९७,८९०,९६३ | १,८९७,०८२,१९७ | १,८७१,५७४,१२० |
| **पूँजी तथा दायित्व हिसाब** | | | | |
| **दायित्व हिसाब** | | | | |
| सदस्यको निक्षेप हिसाब | ४.१० | १,८३२,७३७,०४४ | १,६३१,८९७,८०० | १,६३६,३५८,१७० |
| कर्मचारी लाभ व्यवस्था | ४.११ | २६५,२६५ | – | १,६७०,३३३ |
| स्थगन कर दायित्व | ४.८ | २,२५४,९२८ | ३,९२८,३४६ | १,२८२,४७६ |
| अन्य दायित्व | ४.१३ | ७,१८७,४०५ | ७,०९७,६४२ | ४,२५२,३९३ |
| **जम्मा** | | १,८४२,४४४,६४२ | १,६४२,९२३,७८८ | १,६४३,५६३,३७३ |
| **पूँजी हिसाब** | | | | |
| शेयर पूँजी | ४.१४.१ | १३७,०९७,८०० | १३५,०९६,६०० | १३५,३३४,२०० |
| जगेडा तथा अन्य कोषहरू | ४.१४.२ | ११८,३४८,५२१ | ११९,०६१,८०९ | ९२,६७६,५४७ |
| **जम्मा** | | २५५,४४६,३२१ | २५४,१५८,४०९ | २२८,०१०,७४७ |
| **जम्मा पूँजी तथा दायित्व** | | २,०९७,८९०,९६३ | १,८९७,०८२,१९७ | १,८७१,५७४,१२० |
| **संभावित दायित्व र प्रतिबद्धता** | | – | – | – |
| **प्रति शेयर खुद सम्पत्ति** | | १८६.३२ | १८८.१३ | १६८.४८ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

सुदिप श्रेष्ठ
कोषाध्यक्ष

पृथ्वीराम श्रेष्ठ
सचिव

महेन्द्रकुमार जोशी
उपाध्यक्ष

तुईलाल श्रेष्ठ
अध्यक्ष

सुनिलकुमार श्रेष्ठ
सञ्चालक

श्यामकृष्ण पाते श्रेष्ठ
सञ्चालक

सूर्यलाल श्रेष्ठ
सञ्चालक

शिवकृष्ण श्रेष्ठ
सञ्चालक

जीवनहरि श्रेष्ठ
सञ्चालक

ओमकिशोर श्रेष्ठ
सञ्चालक

सुमति साहू श्रेष्ठ
सञ्चालक

चन्द्रमोहन श्रेष्ठ
संयोजक
लेखा सुपरीवेक्षण समिति

सुजेन्द्र श्रेष्ठ
व्यवस्थापक

सिए. रमेश उप्रेती
एम.आर.यु. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट

R.U. & Associates Kathmandu Chartered Accountants

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

## २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको
## नाफा नोक्सान विवरण

रकम रु. मा

| विवरण | टिप्पणी नं | आ.ब. २०८०/८१ | आ.ब. २०७९/८० पुर्नलेखन |
|---|---|---|---|
| ऋण लगानीमा ब्याज आम्दानी | ४.१५ | १८३,६७४,२९० | २०७,२६१,०३९ |
| बैंक खातामा ब्याज आम्दानी | ४.१५ | ४०,१८४,१४३ | ३८,४८१,२२८ |
| निक्षेपमा ब्याज खर्च | ४.१६ | (१८३,७५१,०५३) | (१८७,५००,१५०) |
| **खुद ब्याज आम्दानी** | | ४०,१०७,३८० | ५८,२४२,११७ |
| ऋण जोखिम व्यवस्था/(फिर्ता तथा थप) | ४.३.३ | ८७०,६७५ | (४,५७९,४२९) |
| **कर्जाको घाटा पछिको खुद ब्याज आम्दानी** | | ३९,२३६,७०५ | ६२,८२१,५४६ |
| अन्य आम्दानी | ४.१७ | १०,१८९,६८५ | १२,७५२,९४५ |
| **कुल सञ्चालन आम्दानी (क)** | | ४९,४२६,३८९ | ७५,५७४,४९० |
| **खर्चहरू** | | | |
| कर्मचारी खर्च | ४.१८ | ८,१६१,३१९ | ८,४१९,६३६ |
| ह्रास कट्टी र परिषोधन | ४.१९ | १,१७६,३९३ | १,१३२,३१५ |
| सञ्चालन खर्च | ४.२० | ९,८९५,२३६ | ८,७३४,७४६ |
| कार्यक्रम खर्च | ४.२०क | १०,२५३,३५६ | ९,९८४,१९१ |
| मर्मत तथा संम्भार खर्च | ४.२१ | ३३३,५३४ | २१७,४५४ |
| **जम्मा खर्च (ख)** | | २९,८१९,८३८ | २८,४८८,३४२ |
| **आयकर अघिको नाफा वा (नोक्सान)** | | १९,६०६,५५१ | ४७,०८६,१४८ |
| **कर खर्च** | | | |
| चालु कर | ४.२२ | (३,५९७,६९६) | (१,६२३,५३३) |
| स्थगन कर | ४.२२ | १,६७३,४१८ | (२,६४५,८७०) |
| **आयकर पछिको खुद नाफा वा (नोक्सान)** | | १७,६८२,२७४ | ४२,८१६,७४५ |
| **प्रति शेयर आम्दानी** | | | |
| आधारभुत प्रति शेयर आम्दानी | | १३.०९ | ३१.६९ |
| डाइलुटेड प्रति शेयर आम्दानी | | १३.०९ | ३१.६९ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

सुदिप श्रेष्ठ
कोषाध्यक्ष

पृथ्वीराम श्रेष्ठ
सचिव

महेन्द्रकुमार जोशी
उपाध्यक्ष

तुईलाल श्रेष्ठ
अध्यक्ष

सुनिलकुमार श्रेष्ठ
सञ्चालक

श्यामकृष्ण पाते श्रेष्ठ
सञ्चालक

सूर्यलाल श्रेष्ठ
सञ्चालक

शिवकृष्ण श्रेष्ठ
सञ्चालक

जीवनहरि श्रेष्ठ
सञ्चालक

ओमकिशोर श्रेष्ठ
सञ्चालक

सुमति साहू श्रेष्ठ
सञ्चालक

चन्द्रमोहन श्रेष्ठ
संयोजक
लेखा सुपरीवेक्षण समिति

सुजेन्द्र श्रेष्ठ
व्यवस्थापक

सिए. रमन उप्रेती
एम.आर.यु. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट

M.R.U & Associates Kathmandu Chartered Accountants

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

२०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको

## अन्य विस्तृत आम्दानीको विवरण

रकम रु. मा

| विवरण | टिप्पणी नं | आ.ब. २०८०/८१ | आ.ब. २०७९/८० |
|---|---|---|---|
| **यस वर्षको नाफा** | | १७,६८२,२७४ | ४२,८१६,७४५ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | |
| **क) नाफा/नोक्सान मा पुनःवर्गिकरण नगरिने** | | | |
| उचित मूल्यमा मुल्याङ्कन गरिएका शेयर लगानीबाट भएको नाफा/नोक्सान | ४.२.१ | – | – |
| पुनः मुल्याङ्कनबाट भएका नाफा/नोक्सान | ४.६ | – | – |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/नोक्सान | | | |
| माथि उल्लेख गरिएका बुँदाको आयकर (१०%) | | – | – |
| **नाफा/नोक्सानमा वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी** | | | |
| **ख) नाफा/नोक्सानमा पुनःवर्गिकरण गरिएका वा गर्न लायक** | | | |
| नगद प्रवाहको हेजिङ्गमा भएको नाफा/नोक्सान | | | |
| विदेशी संचालनको वित्तिय सम्पत्तिको रुपान्तरणमा भएको सटही नाफा/नोक्सान | | | |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | | | |
| नाफा/नोक्सानमा पुनःवर्गिकरण | | | |
| **नाफा/नोक्सानमा पुनःवर्गिकरण गरिएका वा गर्न लायक खुद अन्य विस्तृत आम्दानी** | | | |
| **ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश** | | | |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | – | – |
| **जम्मा विस्तृत आम्दानी** | | १७,६८२,२७४ | ४२,८१६,७४५ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

सुदिप श्रेष्ठ
कोषाध्यक्ष

पृथ्वीराम श्रेष्ठ
सचिव

महेन्द्रकुमार जोशी
उपाध्यक्ष

तुईलाल श्रेष्ठ
अध्यक्ष

सुनिलकुमार श्रेष्ठ
सञ्चालक

श्यामकृष्ण पाते श्रेष्ठ
सञ्चालक

सूर्यलाल श्रेष्ठ
सञ्चालक

शिवकृष्ण श्रेष्ठ
सञ्चालक

जीवनहरि श्रेष्ठ
सञ्चालक

ओमकिशोर श्रेष्ठ
सञ्चालक

सुमति साहू श्रेष्ठ
सञ्चालक

चन्द्रमोहन श्रेष्ठ
संयोजक
लेखा सुपरीवेक्षण समिति

सुजेन्द्र श्रेष्ठ
व्यवस्थापक

सिए. रमन उप्रेती
एम.आर.यु. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

२०८१ आषाढ, ३१ को

## नगद प्रबाह बिबरण

रकम रु. मा

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को पुर्नलेखन |
|---|---|---|
| **(क) संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आय कर पछिको खुद नाफा (नोक्सानी) | १७,६८२,२७४ | ४२,८१६,७४५ |
| ह्रास कट्टी र परिषोधन | १,१७६,३९३ | १,१३२,३१५ |
| स्थगन कर खर्च | (१,६७३,४१८) | २,६४५,८७० |
| आयकर व्यवस्था | ३,५९७,६९६ | १,६२३,५३३ |
| बैक खाताबाट ब्याज आम्दानी | (४०,१८४,१४३) | (३८,४८१,२२८) |
| लाभांश तथा म्युचुअल फण्ड आम्दानी प्राप्ती | (५२३,५७५) | (२,१९६,८८९) |
| कोषमा थप वा (घट) | (१,३९३,३४०) | (३,९४८,७१२) |
| निक्षेपमा (ह्रास) बृद्धी | २००,८३९,२४४ | (४,४६०,३७०) |
| कर्जा सापटमा (बृद्धी) ह्रास | (२९,०७६,५५१) | ५६,५२९,४५२ |
| आयकर सम्पत्तिमा (बृद्धि) ह्रास | (४,४०३,७८४) | (३,८३७,९२३) |
| अन्य दायित्वमा (ह्रस) बृद्धी | ३५५,०२७ | १,१७४,९१६ |
| कर भुक्तानी | (१,६२३,५३३) | (१,९३३,७५२) |
| अन्य सम्पत्तिमा (बृद्धी) ह्रास | २३,७९८,२६५ | (१८,३८६,५८०) |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | १६८,५७०,५५४ | ३२,६७७,३७७ |
| **(ख) लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर लगानीमा (बृद्धी) ह्रास | – | – |
| लगानी सम्पत्ति बिक्रि (खरिद) | – | – |
| मुद्दतीमा लगानी (बृद्धी) ह्रास | ९,८००,००० | (८५,०००,०००) |
| अमुर्त सम्पत्ति बिक्रि (खरिद) | – | – |
| सम्पत्ति तथा उपकरण बिक्रि (खरिद) | (२२,८१५,३४३) | (१७७,५१७) |
| बैक खाताबाट ब्याज आम्दानी | ४०,१८४,१४३ | ३८,४८१,२२८ |
| लाभांश तथा म्युचुअल फण्ड आम्दानी प्राप्ती | ५२३,५७५ | २,१९६,८८९ |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | २७,६९२,३७५ | (४४,४९९,४००) |
| **(ग) वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर पुंजिमा बृद्धी/(ह्रास) | २,००१,२०० | (२३७,६००) |
| लाभांश तथा संरक्षित पूँजी फिर्ता वितरण | (१७,००२,२२१) | (१२,४८२,७७३) |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | (१५,००१,०२१) | (१२,७२०,३७३) |
| **खुद नगद प्रवाह (क) + (ख) + (ग)** | १८१,२६१,९०८ | (२४,५४२,३९६) |
| **नगद तथा नगद समानको सुरुको मौज्दात** | २१८,४४५,३४९ | २४२,९८७,७४५ |
| **जम्मा** | ३९९,७०७,२५७ | २१८,४४५,३४९ |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | ३९९,७०७,२५७ | २१८,४४५,३४९ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

सुदिप श्रेष्ठ
कोषाध्यक्ष

पृथ्वीराम श्रेष्ठ
सचिव

महेन्द्रकुमार जोशी
उपाध्यक्ष

तुईलाल श्रेष्ठ
अध्यक्ष

सुनिलकुमार श्रेष्ठ
सञ्चालक

श्यामकृष्ण पाते श्रेष्ठ
सञ्चालक

सूर्यलाल श्रेष्ठ
सञ्चालक

शिवकृष्ण श्रेष्ठ
सञ्चालक

जीवनहरि श्रेष्ठ
सञ्चालक

ओमकिशोर श्रेष्ठ
सञ्चालक

सुमति साहू श्रेष्ठ
सञ्चालक

चन्द्रमोहन श्रेष्ठ
संयोजक
लेखा सुपरीवेक्षण समिति

सुजेन्द्र श्रेष्ठ
व्यवस्थापक

सिए. रमन उप्रेती
एम.आर.यु. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट

M.R.U. & Associates Kathmandu Chartered Accountants

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

२०८१ आषाढ, ३१ को

## इक्वीटिमा भएको परिवर्तनको विवरण

रकम रु. मा

| विवरण | शेयर पूँजी | ब्याज मुल्तबी कोष | जगेडा कोष | सहकारी प्रवर्द्धन कोष ०.५% | संरक्षित पाजी फिर्ता कोष २५% | अन्य NFRS समायोजन कोष | अन्य कोषहरू | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २०७९ श्रावन १ को मौज्दात | १३५,३३४,२०० | - | ४८,२७८,४४१ | १४६,०८५ | ४,९६०,९७० | | १३,२५३,६५९ | २०१,९७३,३५५ |
| समायोजन/ पुनःस्थापना | - | २५,९५३,८७६ | - | - | - | ८३,५१६ | - | २६,०३७,३९२ |
| **२०७९ श्रावन १ पुनः स्थापित मौज्दात** | १३५,३३४,२०० | २५,९५३,८७६ | ४८,२७८,४४१ | १४६,०८५ | ४,९६०,९७० | ८३,५१६ | १३,२५३,६५९ | २२८,०१०,७४७ |
| यस वर्षको नाफा | | - | ७,८७७,६२६ | ८८,९४० | ४,४४७,००० | | १९,०९८,०६० | ३१,५११,६२६ |
| अन्य विस्तृत आम्दानी | | | | | | | | - |
| शेयर पुंजिमा बृद्धी / (ह्रास) | (२३७,६००) | | | | | | | (२३७,६००) |
| लाभांश र संरक्षित पूँजी फिर्ता वितरण | | | | | (३,९७५,५०४) | | (८,५०७,२६८) | (१२,४८२,७७३) |
| कोषमा समायोजन | - | - | १,९२९,२३० | (१४६,०८५) | (९८५,४६६) | | (४,७४६,३९१) | (३,९४८,७१२) |
| अन्य समायोजन | | १०,५३२,१३० | - | - | - | ७७२,९९० | - | ११,३०५,१२० |
| **जम्मा योगदान तथा बाँडफाँड** | (२३७,६००) | १०,५३२,१३० | ९,८०६,८५६ | (५७,१४५) | (५१३,९७०) | ७७२,९९० | ५,८४४,४०१ | २६,१४७,६६२ |
| **२०८० आषाढ अन्तिमको पुनः स्थापित मौज्दात** | १३५,०९६,६०० | ३६,४८६,००६ | ५८,०८५,२९७ | ८८,९४० | ४,४४७,००० | ८५६,५०६ | १९,०९८,०६० | २५४,१५८,४०९ |
| **२०८० श्रावन १ पुनः स्थापित मौज्दात** | १३५,०९६,६०० | ३६,४८६,००६ | ५८,०८५,२९७ | ८८,९४० | ४,४४७,००० | ८५६,५०६ | १९,०९८,०६० | २५४,१५८,४०९ |
| यस वर्षको नाफा | | (१५,६३८,२९३) | ८,३३०,५६७ | १२५,००० | ६,२४८,००० | | १८,६१७,००० | १७,६८२,२७४ |
| अन्य विस्तृत आम्दानी | | | | | | | | - |
| शेयर पुंजिमा बृद्धी / (ह्रास) | २,००१,२०० | | | | | | | २,००१,२०० |
| लाभांश र संरक्षित पूँजी फिर्ता वितरण | | | | | (३,६४५,४७३) | - | (१३,३५६,७४८) | (१७,००२,२२१) |
| कोषमा समायोजन | - | - | ६,०९४,९४५ | (८८,९४०) | (८०१,५२७) | (८५६,५०६) | (५,७४१,३१२) | (१,३९३,३४०) |
| अन्य समायोजन | | - | | | | - | | - |
| **जम्मा योगदान तथा बाँडफाँड** | २,००१,२०० | (१५,६३८,२९३) | १४,४२५,५१२ | ३६,०६० | १,८०१,००० | (८५६,५०६) | (४८१,०६०) | १,२८७,९१३ |
| **२०८१ आषाढ अन्तिमको पुनः स्थापित मौज्दात** | १३७,०९७,८०० | २०,८४७,७१२ | ७२,५१०,८०९ | १२५,००० | ६,२४८,००० | - | १८,६१७,००० | २५५,४४६,३२१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सूर्यलाल श्रेष्ठ<br>सञ्चालक | शिवकृष्ण श्रेष्ठ<br>सञ्चालक | जीवनहरि श्रेष्ठ<br>सञ्चालक | सुदिप श्रेष्ठ<br>कोषाध्यक्ष | पृथ्वीराम श्रेष्ठ<br>सचिव | महेन्द्रकुमार जोशी<br>उपाध्यक्ष | तुईलाल श्रेष्ठ<br>अध्यक्ष |
| श्यामकृष्ण पाते श्रेष्ठ<br>सञ्चालक | सुबिलकुमार श्रेष्ठ<br>सञ्चालक | ओमकिशोर श्रेष्ठ<br>सञ्चालक | सुमति साहू श्रेष्ठ<br>सञ्चालक | चन्द्रमोहन श्रेष्ठ<br>संयोजक<br>लेखा सुपरीवेक्षण समिति | सुजेन्द्र श्रेष्ठ<br>व्यवस्थापक | सिए. रमन उप्रेती<br>एम.आर.यु. एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

## आर्थिक बर्ष २०८०/८१ को
## प्रमुख लेखा नीति तथा लेखा टिप्पणीहरू

१. **सहकारीको परिचय**

**बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड** सदस्यहरूमाझ छरिएर रहेका स-साना रकमलाई सहकारीको माध्यमबाट बचत गर्ने बानी बसाली त्यस्ता रकमलाई आय आर्जन गर्ने क्षेत्रमा लगानी गरी आफ्ना सदस्यहरूको आर्थिक विकासमा टेवा पुऱ्याउने मूख्य उद्धेश्यले सहकारी ऐन अनुसार मिति २०५७/०६/०२ मा तत्कालिन जिल्ला सहकारी कार्यालय, भक्तपुरमा दर्ता भै कार्य गरिरहेको छ। संस्थाले २०५८/०५/०७ मा आन्तिरिक राजस्व विभागमा दर्ता गरी ३००३२८६८० स्थायी लेखा नम्बर प्राप्त गरेको छ।

संस्थाले आफ्नो दर्ता रहेको मुख्य कार्यालय रहेको स्थानबाट आफ्नो व्यवसायिक कारोवार गर्दै आइरहेको छ।

२. **तयारीको आधार**

२.१ **वित्तीय लेखांकनका आधारहरू र अनुपालनको विवरण**

संस्थाको आ.ब. २०८०/८१ को वित्तीय विवरण (वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान विवरण र अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण र प्रमुख लेखा नीतिहरू र लेखा सम्बन्धी टिप्पणी) लेखामान बोर्ड नेपाल (ASBN) द्वारा प्रकाशित भएको र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा अनुपालनको लागी सुचित गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) को आधारमा प्रथम पटक तयार गरिएको छ। साथै सबै लागू कानून र नियमहरूको आवश्यकताहरूको पालनामा तयार गरिएको छ। NFRS बाट कुनै भिन्न भएकोमा जहाँ लागू हुन्छ त्यहाँ खुलासा गरिएको छ। नगद प्रवाह विवरण बाहेकका वित्तीय विवरण लेखाको प्रोदभावी आधारमा तयार गरिएको छ। नगद प्रवाह विवरण अप्रत्यक्ष विधि प्रयोग गरि नगदको आधारमा तयार गरिएको छ।

२.२ **प्रतिवेदन अवधि र वित्तीय विवरणहरूको स्वीकृति**

**क) प्रतिवेदन अवधि**

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) को आधारमा पहिलो पटक वित्तीय प्रतिवेदन तयार गरिएकोले देहाय बमोजिमको प्रतिवेदन अवधि मानिएको छ:

| **वित्तिय अवस्थाको विवरण** | |
|---|---|
| सुरुको NFRS को वित्तीय अवस्थाको विवरण | २०७९ श्रावण ०१ |
| तुलनात्मक प्रतिवेदन मिति | २०८० आषाढ ३१ |
| प्रतिवेदन मिति | २०८१ आषाढ ३१ |
| **अन्य वित्तिय विवरणहरू** | |
| तुलनात्मक प्रतिवेदन मिति | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्म |
| प्रतिवेदन मिति | १ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्म |

**ख) वित्तीय विवरणहरूको स्वीकृति**

प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणी सहितको आ.व. २०८०/८१ को वित्तीय विवरण संस्थाको संचालक समितिको मिति २०८१.०९.०६ को बैठकमा अध्ययन तथा छलफल भई स्वीकृत भएको छ। साथै संचालक समितिबाट स्वीकृत भएको वित्तीय विवरण शेयरधनीहरूको स्वीकृतिका लागि आगामी वार्षिक साधारण सभासमक्ष सिफारिस गरिएको छ।

२.३ **कार्यात्मक र प्रस्तुति मुद्रा**

संस्थाको कार्यात्मक र प्रस्तुति मुद्रा नेपाली रुपैंया हो। जुन प्राथमिक आर्थिक वातावरणको मुद्रा हो जसमा संस्थाले काम गर्दछ।

२.४ **लेखा प्रणाली**

Sumati

M.R.U. & Associates Kathmandu Chartered Accountants

संस्थाको आर्थिक बर्ष २०८०/८१ को वार्षिक वित्तीय विवरण पहिलोपटक नेपाल वित्तीय प्रतिवेदन मानमा भएका व्यवस्था अनुसार सहकारी ऐन, नियमावली तथा निर्देशनहरू समेतको मध्येनजर गरी विशेष गरि उल्लेख गरिएको बाहेक प्रोदभावीको आधारमा तयार गरिएको छ ।

**२.५ अनुमान, धारणा र स्वविवेकको प्रयोग (Use of Estimate, Assumptions and Judgement)**

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप वित्तीय विवरणहरूको तयारी गर्दा NFRS ले निर्दिष्ट गरेबमोजिम उपयुक्त अनुमान, धारणा तथा स्वविवेक (Estimate, Assumptions and Judgement) हरूको प्रयोग गरिएको छ । प्रयोग भएका अनुमान, अन्तर्निहित धारणाहरू तथा स्वविवेकहरूको निरन्तर रुपमामा समीक्षा गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्देश गरेबमोजिम समायोजन गर्ने गरिएको छ ।

वित्तीय विवरणको तयारीमा प्रयोग भएका अनुमानहरू उपलब्ध भएका जानकारीहरू र संस्थाको व्यवस्थापनको स्वविवेकमा आधारित हुन्छन् । वास्तविक परिणामहरू अनुमान गरिएको भन्दा फरक समेत हुन सक्दछन् र कहिलेकाहि यस्ता भिन्नताहरू महत्वपूर्ण पनि हुन सक्दछन् । संस्थाले पालना गरेका सम्बन्धित लेखा नीति र तिनले पार्ने असरहरू सम्बन्धित लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ । लेखा नीतिहरू लागू गर्नमा महत्वपूर्ण क्षेत्रहरूको अनुमान, अनिश्चितता र आलोचनाको वित्तीय विवरणमा सबैभन्दा महत्वपूर्ण प्रभाव हुन्छ ।

**२.६ अविच्छिन्न संचालन (Going Concern)**

संस्थाको व्यवस्थापनले आफ्नो व्यवसाय अविच्छिन्न रुपमा चलिरहन्छ भन्ने सिद्धान्तलाई आत्मासाथ गरी वित्तीय विवरण तयार गरेको छ । संचालक समितिले संस्थालाई अविच्छिन्न संस्थाको रूपमा जारी राख्नको लागि संस्थाको क्षमताको मूल्यांकन गरेको छ र संस्थासँग भविष्यको लागि व्यवसाय जारी राख्नको लागि स्रोतहरू छन् भन्ने विषयमा सन्तुष्ट छ । यसबाहेक, संस्थाको एक अविच्छिन्न संस्थाको रूपमा जारी गर्न सक्ने क्षमतामाथि महत्वपूर्ण शंका प्रदान पर्ने सारभुत अनिश्चितताहरू (Material Uncertainties) को बारेमा संचालक समितिलाई हालसम्म कुनै संकेत प्राप्त छैन । साथै संचालक समिति यस संस्थाको व्यवसायलाई रोक्न वा बन्द गर्न चाहँदैनन् । त्यसकारण, वित्तीय विवरणहरू अविच्छिन्न संस्थाको आधारमा तयार गरिएको छ ।

**२.७ लेखा नीतिहरू र लेखा नीतिहरूमा परिवर्तन**

यस संस्थाले २०८१ आषाढ समाप्त भएको बर्षको लागि पहिलो पटक NFRS को आधारमा वित्तीय विवरण तयार गरेको हो । संस्थाले आफ्नो सम्पत्ति र दायित्वलाई नेपाल वित्तीय प्रतिवेदनमान अनुसार पहिचान गरेको छ र सो अनुसार पहिचान नहुने सम्पत्ति तथा दायित्वहरूलाई पहिचान गरिएको छैन ।

२०७९ श्रावण सुरुको विवरण र सो पछि GAAP बमोजिम तयार भएका वित्तीय विवणहरूमा NFRS अनुसार पहिचान हुने सबै सम्पत्ति र दायित्वहरू लेखांकन गर्ने तथा NFRS अनुसार पहिचान नहुने सम्पत्ति वा दायित्वहरू लेखांकन नगरी, NFRS ले निर्दिष्ट गरेबमेजिम सम्पत्ति तथा दायित्वहरूलाई GAAP बाट NFRS मा पुन: वर्गीकृत गरी लेखांकित सम्पत्ति र दायित्व मापनमा NFRS लागू गर्दै तयार गरिएको छ ।

**२.८ प्रतिवेदन घोषणा**

संस्थाले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (ASB) बाट जारी भएको तथा ICAN बाट लागू गरिएको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS-2018) अङ्गीकार गरेको छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोदन गर्छ । यद्यपि लेखामान बोर्डको सुझावका आधारमा ICAN द्वारा प्रस्तुत केही बैकल्पिक प्रावधानहरू (Carve out) पनि लागू गर्न सकिने उल्लेख गरिएको छ जुन निम्नानुसार रहेको छ :

- ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सूचनाअनुसार संस्थाले ऋण लगानी हुने हानि-नोक्सानीको मापन गरेको छ र Conservatism Concept अनुसार ऋण नोक्सानी व्यवस्थाका लागि सहकारी मापदण्डले तोकेको व्यवस्था र NAS ३९ को अनुच्छेद ६३ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ, त्यसैलाई लेखाङ्कन गरिएको छ ।
- ICAN ले जारी गरेको बैकल्पिक व्यवस्था (Carve Out) अनुसार वित्तीय उपकरणको लागि प्रभावकारी ब्याज दरको गणना संस्थाले NFRS को व्यवस्था बमोजिम ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा अनुबन्ध सर्तहरू अन्तर्गत भूक्तानी वा प्राप्त भएका सबै शुल्कहरू (त्यस्ता शुल्कहरू भरपर्दो रुपमा निर्धारित गर्न अव्यवहारिक नभएसम्म) समावेस गर्नुपर्दछ । संस्थाले ऋण लगानीको मामिलामा यो वैकल्पिक व्यवस्था अपनाएको छ । यस वैकल्पिक व्यवस्थाको परिणाम स्वरुप संस्थाले ऋणको प्रभावकारी ब्याजदर (Effective Interest Rate) को गणनामा अग्रिम ऋण व्यवस्थापन शुल्क वा ऋण लगानीमा प्राप्त शुल्कलाई समावेस गरेको छैन जुन कर्जा स्वीकृती भएको अवधीमा आयमा लेखाङ्कन गरिन्छ ।

Sumati

लागत र लाभको सिद्धान्त अनुसार यो मूल्याङ्कन न्यायोचित छ भनि संस्थाले मूल्याङ्कन गरेको हुनाले यी व्यवस्थाहरू अपनाइएका हुन् ।

**२.९ नयाँ मान तथा लागू सम्बन्धमा**

वित्तीय उपकरणको लेखांकनको लागि संस्थाले NAS 32, NAS 39 र NFRS 7 लागू गरेको छ । वित्तीय उपकरणहरूको वर्गीकरणका लागि NFRS 9 को अनुपालना गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएका तर अनिवार्य नभएका NFRS 14 and NFRS 17 संस्थाले लागू गरेको छैन । IASB द्वारा NFRS को घोषणा पछि फरक फरक कार्यान्वयन मितिसहित केही नयाँ मापदण्ड र पुराना मापदण्डहरूको संशोधन जारी भएको छ । ASB नेपालले NFRS मा ती मापदण्डहरू समाहित गरेका बखत लागू हुनेछन् ।

**२.१० डिस्काउन्टिङ (Discouting)**

गैर चालु सम्पत्ति र दायित्व (Non-current Assets or Liabilities)मा डिस्काउन्टिङ्गको प्रभाव महत्वपूर्ण भएको अवस्थामा डिस्काउन्टेड वर्तमान मुल्यमा मापन गरिएको छ ।

**२.११ महत्वपूर्ण अवस्था र एकत्रीकरण**

सम्पत्ति, दायित्व, आय र खर्चलाई सारभुतता र प्रकृतीको आधारमा छुट्टा छुट्टै प्रस्तुत गरिएको छ । कुनै सम्पत्ति र दायित्व, वा आय र व्यय आवश्यक परेमा वा NFRS द्वारा अनुमति दिइएकोमा बाहेक समायोजन (offset) गरिएको छैन ।

**२.१२ तुलनात्मक जानकारी**

वर्तमान अवधिको वित्तीय विवरण बुझ्नको लागि उपयुक्त भएकोमा तुलनात्मक जानकारी narrative & descriptive रुपमा प्रस्तुत गरिएको छ र वर्तमान प्रस्तुतिकरणको साथै आवश्यक पर्नेमा पुन: वर्गीकरण र एकत्रिरण गरिएको छ ।

**२.१३ नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको सीमा**

जानकारी पर्याप्त रुपमा उपलब्ध नभएको अवस्थामा र जानकारी प्राप्त गर्न लाग्ने लागत त्यसको फाइदाभन्दा बढि भएमा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) को कार्यान्वयनको यस्तो अपवाद सम्बन्धित खण्डहरूमा उल्लेख गरिएको छ ।

**३ प्रमुख लेखा नीतिहरू (Significant Accounting Policies)**

तल उल्लेखित लेखा नीतिहरू यी वित्तीय विवरणहरूमा प्रस्तुत सबै अवधिको लागि लगातार लागू गरिएको छ, र यदि कुनै परिवर्तनहरू भएमा सोही अनुसार खुलासा गरिएको छ ।

**३.१ मापनको आधार**

प्रस्तुत वित्तीय विवरण अन्यत्र उल्लिखित अवस्थामा बाहेक ऐतिहासिक लागतको आधार (Historical Cost Convention) का आधारमा तयार गरिएको छ ।

**३.२ नगद र नगद समान**

नगद तथा नगद समान भनी संस्थामा रहेको नगद मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात र जोखिम रहित वा नगन्य जोखिम रहेको ३ महिना भित्र नगदमा प्राप्त गर्न सकिने अत्याधिक तरल वित्तीय सम्पत्तिहरूलाई जनाईएको छ । वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मूल्यमा देखाइन्छ । बैंक तथा वित्तीय संस्थामा रहेको प्रतिवेदन अवधिबाट ३ महिना भन्दा कम परिपक्कता अवधि भएका मुद्धती लगानीलाई समेत परिशोधन मुल्यमा लेखांकन गरी नगद र नगद समान अन्तर्गत वर्गिकरण तथा प्रस्तुतीकरण गरिएको छ ।

**३.३ वित्तीय सम्पत्तिहरू र वित्तीय दायित्वहरू**

**३.३.१ मान्यता**

संस्थाले प्रारम्भमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको वित्तीय अवस्थाको विवरणमा लेखांकन त्यतिखेर मात्र गर्छ जतिखेर सो उपकरणको करारको प्रावधानहरूको कुनै एक पक्ष (party) यो संस्था हुन्छ । संस्थाले प्रारम्भमा ऋण र अग्रिमहरू र निक्षेपलाई उनीहरूको उत्पत्ति भएको जारी मितिमा मान्यता दिन्छ, जुन मितिमा संस्था उपकरणहरूको करारको प्रावधानहरूको पक्ष बन्छ । इक्विटी उपकरणमा लगानी कारोवार मितिमा मान्यता प्राप्त हुन्छ जहाँ संस्थाले वित्तीय सम्पत्तिहरू खरीद र अधिग्रहण गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । नियमित तरीकाको वित्तीय सम्पत्तिको खरीद र बिक्रिलाई कारोवार मितिमा मान्यता दिइन्छ जुन मितिमा संस्थाले सम्पत्तिको खरीद गर्न वा बेच्न सम्झौता गर्दछ ।

Sumati

M.R.U. & Associates, Kathmandu, Chartered Accountants

३.३.२ **वर्गीकरण**

**वित्तीय सम्पत्ति**

संस्थाले वित्तीय सम्पत्तिहरूको व्यवसायिक वर्गीकरण गर्दछ जसलाई पछि वित्तीय सम्पत्तिको प्रबन्धनको लागि संस्थाको व्यापार मोडेल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह सुविधाहरूको आधारमा परिशोधन लागत वा उचित मूल्यमा मापन गरिएको छ। वित्तीय सम्पत्तिलाई निम्नानुसार वर्गिकरण गरिएको छः

**क. परिशोधन लागतमा मापन गरिएको वित्तीय सम्पत्ति**

संस्थाले तल उल्लेखित दुवै सर्तहरू पूरा भएमा वित्तीय सम्पत्तिहरूलाई परिशोधन लागतमा मापन गरिएको वित्तीय सम्पत्तिमा वर्गीकरण गरेको छ:

१. सम्पत्ति एक व्यवसाय मोडेल भित्र आयोजित छ जसको उद्देश्य अनुबंधात्मक नगदी प्रवाह (Contractual cash flows) संकलन गर्नं रहेको हुन्छ, र

२. वित्तीय सम्पत्तिको अनुबंधात्मक शर्तहरूको आधारमा निर्दिष्ट मितिहरूमा नगद प्रवाह हुन्छ जुन केवल बाँकि साँवामा ब्याज र साँवाको भुक्तानी मात्र हो ।

**ख. उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति**

परिशोधन लागतमा मापन भएका बाहेकका अन्य वित्तीय सम्पत्तीहरू उचित मूल्यमा मापन गरिएको छ। उचित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्तिलाई देहायका वर्गमा पुनःवर्गीकरण गरिएको छ:

**१. नाफा-नोक्सानबाट उचित मूल्यमा मापन गरिने वित्तीय सम्पत्ति**

यदि वित्तीय सम्पत्तिहरू व्यापारको लागि होल्ड गरिएको छ भने त्यस्ता वित्तीय सम्पत्तिहरूलाई नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यको रूपमा वर्गीकरण गरिएको छ। शुरुको मापनमा, खरीदसँग प्रत्यक्ष सम्बन्धित खर्चलाई नाफा-नोक्सानमा लेखांकन गरिन्छ। त्यस्ता सम्पत्तिहरू पछि उचित मूल्यमा मापन गरिन्छ र उचित मूल्यमा भएको परिवर्तनलाई नाफा-नोक्सानको विवरणमा लेखांकन गरिन्छ।

**२. अन्य विस्तृत आय मार्फत उचित मुल्यमा मापन गरिने वित्तीय सम्पत्ति**

इक्विटी उपकरणमा गरेको लगानी जुन व्यापारको लागि राखिएको हुदैन र व्यवस्थापनले उपकरणको उचित मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा मान्यता दिइनुपर्दछ भन्ने अपरिवर्तनीय निर्णय गर्दछ भने सो सम्पत्तिलाई अन्य विस्तृत आय मार्फत उचित मूल्यमा मापन गरिने वित्तीय सम्पत्तिको रूपमा वर्गीकरण गरिएको छ। त्यसपश्चात त्यस्ता वित्तीय सम्पत्तिहरूलाई उचित मुल्यमा मापन गरिएको छ र उचित मुल्यमा भएको फरकलाई अन्य विस्तृत आयमा लेखांकन गरिएको छ।

**वित्तीय दायित्व**

संस्थाले निम्न अनुसार आफ्नो वित्तीय दायित्वको वर्गीकरण गरेको छ;

**१. नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन गरिएको वित्तीय दायित्व**

यदि वित्तीय दायित्वहरू व्यापारको लागि होल्ड गरिएको छ भने त्यस्ता वित्तीय दायित्वहरूलाई नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यको रूपमा वर्गीकरण गरिएको छ। शुरुको मापनमा, खरीदसँग प्रत्यक्ष सम्बन्धित खर्चलाई नाफा -नोक्सानमा मान्यता दिइन्छ। त्यस्ता दायित्वहरू पछि उचित मूल्यमा मापन गरिन्छ र उचित मूल्यमा भएको परिवर्तनलाई नाफा-नोक्सानको विवरणमा लेखांकन दिइन्छ।

**२. परिशोधन लागतमा मापन गरिएको वित्तिय दायित्व**

नाफा या नोक्सानबाट उचित मूल्यमा मापन भएको भन्दा बाहेक सबै वित्तीय दायित्वहरू वर्गीकृत गरी पछि प्रभावकारी ब्याज विधि (EIR) प्रयोग गरेर परिशोधन लागतमा मापन गरिएको छ।

३.३.३ **मापन**

**शुरुको मापन**

नाफा-नोक्सानका माध्यमबाट उचित मुल्यमा मापन गरिएका बाहेकका वित्तीय सम्पत्ति वा दायित्वलाई शुरुको उचित मुल्यमा प्रत्यक्ष संलग्न कारोबार रकम जोडी मापन गरिन्छ। नाफा-नोक्सानका माध्यमबाट उचित मुल्यमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसँग सम्बन्ध भएको कारोवार लागतलाई नाफा-नोक्सान विवरणमा लेखांकन गरिएको छ।

Sumati

**पछिको मापन**

शुरुको मापन पश्चात वित्तीय सम्पत्ति वा वित्तीय दायित्वलाई तिनिहरूको वर्गीकरण को आधारमा उचित मूल्य वा परिशोधन लागतमा मापन गरिन्छ । परिशोधन लागतमा मापन गरिने वित्तीय सम्पत्ति वा दायित्वलाई त्यसपश्चात प्रभावकारी ब्याज दर विधि प्रयोग गरी परिशोधन लागतमा मापन गरिएको छ ।

उचित मुल्यमा मापन गरिएको वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात उचित मुल्यमा मापन गरिएको छ । नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन हुने सम्पत्तिमा वित्तीय सम्पत्तिको उचित मूल्यमा भएको परिवर्तनलाई नाफा-नोक्सानको विवरणमा लेखांकन गरिएको छ भने अन्य विस्तृत आयबाट उचित मूल्यमा मापन हुने वित्तीय सम्पत्तिको उचित मुल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आयको विवरणमा लेखांकन गरिन्छ ।

**३.३.४ पहिचान खारेज (De-Recongnition)**

**वित्तीय सम्पत्तिको पहिचान खारेज**

संस्थाले एक वित्तीय सम्पत्तिलाई त्यतिबेला पहिचानबाट हटाउँछ जब वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबंधात्मक अधिकार समाप्त हुन्छ, वा यसले कारोबारमा अनुबंध नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्दछ जसमा वित्तीय सम्पत्तिको स्वामित्वको सबै जोखिम र प्रतिफलहरू पर्याप्त रुपमा हस्तान्तरण हुन्छन् अथवा जसमा संस्थाले न त प्रतिफल स्थानान्तरण गर्छ न त पर्याप्त जोखिम र स्वामित्वको अधिकार राख्दछ र यसले वित्तीय सम्पत्तिको नियन्त्रण समेत राख्दैन ।

संस्थाद्वारा बनाईएको वा कायम गरी राखिएको पहिचान खारेजका लागि योग्य यस्तो स्थानान्तरित वित्तीय सम्पत्तिमा निहित कुनै पनि हित एक अलग सम्पत्ति वा दायित्वको रूपमा मान्यता प्रदान गरिन्छ । एक वित्तीय सम्पत्तिको पहिचान खारेजमा, सम्पत्तिको किताबी मुल्य (वा सम्पत्तिको हस्तान्तरणको हिस्साको लागी किताबी मुल्य) र प्राप्त मुल्यका (consideration) (कुनै पनि प्राप्त नयाँ सम्पत्ति कम ग्रहण गरिएको कुनै नयाँ दायित्व) बीच भिन्नता, र कुनै पनि संचित लाभ वा घाटा (जुन अन्य विस्तृत आयमा मान्यता प्राप्त थियो) लाई नाफा वा नोक्सानमा मान्यता दिइन्छ ।

**वित्तीय दायित्वहरूको पहिचान खारेज**

दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्द भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरूलाई पहिचानबाट हटाइन्छ । जहाँ विद्यमान दायित्वहरू एकै ऋणदाताबाट अरु विभिन्न सर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नयाँ दायित्वसँग साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मुल दायित्वको पहिचान खारेज र नयाँ दायित्वको लेखांकन गरिन्छ । मुल वित्तीय दायित्वको किताबी मुल्य र भुक्तान गरिएको प्रतिफलवीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

**३.३.५ उचित मुल्यको निर्धारण**

उचित मुल्य त्यो रकम हो, जुन रकममा असम्बन्धित पक्षहरू बिच सामान्य अवस्थामा कारोवार हुन्छ ।

उचित मुल्यको निर्धारण निम्न अनुसार निर्धारण गरिन्छ:

१ उचित मुल्य मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारले निर्धारण गरेको मुल्य ।

२ मूल्यांकन ती हुन् जुन सक्रिय बजारमा समान प्रकृतिका वस्तुहरूको लागि निर्धारित मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा उस्तै वस्तुहरूको लागि निर्धारित मूल्यहरू र जहाँ वित्तीय उपकरणहरू मुल्यांकन गर्दा सबै महत्वपूर्ण इन्पुटहरू अवलोकन योग्य हुन्छन् ।

३. पोर्टफोलियोहरू ती हुन् जहाँ कम्तिमा एउटा इन्पुट, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, जुन अवलोकन योग्य बजार आँकडामा आधारित हुँदैन ।

उपलब्ध भएसम्म संस्थाले उपकरणको उचित मूल्यको लागि उपकरणको सक्रिय बजारमा उद्धृत मूल्यहरू प्रयोग गरेको छ । बजार मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र Arm's Length Price मा आधारित भएर वास्तविक र नियमित रूपमा हुने बजार कारोबारलाई प्रतिनिधित्व गर्दछन् भने सो बजारलाई सक्रिय बजार मानिन्छ । यदि वित्तीय उपकरणको लागि कुनै सक्रिय बजार छैन भने संस्थाले मूल्य निर्धारण प्रविधिको प्रयोग गरी उचित मूल्य निर्धारण गर्दछ । मूल्य निर्धारण प्रविधीले जानकार, इच्छुक पक्षहरू (यदि उपलब्ध छन् भने) बीचको तात्कालिन Arm's Length Price मा भएको कारोबार, अन्य समान उपकरणहरूको वर्तमान उचित मूल्य र छूटको नगद प्रवाह विश्लेषणहरू समावेश गरेको हुन्छ ।

**३.३.६ ऋण लगानी नोक्सानी (Impairment of Loans)**

प्रत्येक प्रतिवेदन मितिमा संस्थाले वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आङ्कलन गर्ने गरेको हुन्छ ।

Sumati

उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको आङ्कलन कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरूको सामुहिक आङ्कलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरू यस प्रकार रहेका छन्:

१. ऋणीको खराब वित्तीय अवस्था

२. सम्झौताका सर्तहरूको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता

३. ऋणीको आर्थिक वा कानुनी कारणहरूले गर्दा ऋणीलाई अन्यथा प्रदान नगर्ने सहुलियत प्रदान गरिएको

४. ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेको

५. वित्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आङ्कलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आङ्कलन कम भएमा ।

**क) नोक्सानी व्यवस्था/ नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन**

ऋणको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सोबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आङ्कलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान विवरणमा खर्चमा लेखांकन गरिन्छ र ऋणको किताबी मूल्यबाट सो नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्न पर्ने भनी आङ्कलन गर्ने प्रमाणहरूले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान विवरणमा आम्दानी जनाईन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

**ख) एकल रुपमा ऋण नोक्सानी व्यवस्था**

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरूलाई मध्यनजर गरिएको हुन्छ:

१. सो एकल ग्राहक समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम

२. ग्राहकको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता

३. भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति

४. धितोबाट उठ्न सक्ने अनुमानित रकम

संस्थाले NFRS बमोजिम नोक्सानीको एकल मूल्याङ्कनको लागि रु. १ लाखभन्दा माथिका भाखा नाघेका सम्पूर्ण ऋणहरू समावेश गरेको छ । यसै सर्न्दभमा हरेक ऋणको भुक्तानी ऋणीको अनुमानित नगद प्रवाहबाट प्राप्त हुने (Going Concern) र धितोको बिक्रीबाट ऋणको भुक्तानी हुने (Gone Concern) मा विभाजन गरिन्छ । सहकारीले यी दुवै अवस्थामा परम्परागत मान्यताअनुरुप ऋणीको अनुमानित नगद प्रवाह, वर्तमानको आर्थिक अवस्था, सहकारीको आफ्नै अनुमान आदिलाई आधार मानी ऋण नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्दछ ।

**ग) सामुहिक ऋण नोक्सानी व्यवस्था**

एकल रुपमा ऋण नोक्सानी व्यवस्था (Individual Impairment) नगरिएका ऋणहरूलाई सामूहिक ऋण नोक्सानी अन्तर्गत मूल्याङ्कन गरिएको छ । सामूहिक नोक्सानीको आंकलन गर्दा संस्थाले ऋण नतिर्ने सम्भाबना (Probability of default), पुनः स्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति (Loss Given Default) आदिको तथ्याङ्कीय विश्लेषण, प्रोडक्ट, जोखिम कारकहरू, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ । डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ ।

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सूचनाअनुसार संस्थाले ऋण लगानी हुने हानि-नोक्सानीको मापन गरेको छ र Conservatism Concept अनुसार ऋण नोक्सानी व्यवस्थाका लागि सहकारी मापदण्डले तोकेको व्यवस्था र NAS ३९ को अनुच्छेद ६३ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ, त्यसैलाई लेखाङ्कन गरिएको छ । NFRS र सहकारी मापदण्ड बमोजिमको व्यवस्था निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**सहकारी मापदण्ड बमोजिमको ऋण नोक्सानी व्यवस्था**

संस्थाले सहकारी ऐन तथा मापदण्ड बमोजिम असुल हुन बाँकी ऋणलाई भाखा नाघेको आधारमा असल, शंकास्पद तथा

Sumati

खराव गरि तीन वर्गमा वर्गिकरण गरि क्रमश: १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशतको दरले ऋण नोक्सानी व्यवस्था रु.२,३०,६९,९५६.०५ गरेको छ। यस आ.ब. अन्तिममा भाका नाघेको, तर वित्तीय विवरण प्रमाणित मिति अगाडि नै चुक्ता तथा लिलामी प्रक्रियाको लागी सुचना जारी भईसकेका रु.५,९४,६२,९९१.४३ रकम बराबरको ऋणमा १ प्रतिशतले ऋण नोक्सानी व्यवस्था गरिएको छ।

सोको विवरण निन्नानुसार रहेको छ :

| ऋणको वर्गिकरण | नोक्सानी प्रतिशत | जम्मा ऋण रकम | नोक्सानी व्यवस्था |
|---|---|---|---|
| भाखा ननाघेको ऋण | १% | १,३४९,८१२,४११.१४ | १३,४९८,१२४.११ |
| १ बर्ष सम्म भाखा नाघेको ऋण | ३५% | १२,७२७,९५७.४६ | ४,४५४,७८५.११ |
| १ बर्ष भन्दा बढी भाखा नाघेको ऋण | १००% | ५,११७,०४६.८३ | ५,११७,०४६.८३ |
| **कुल** | | १,३६७,६५७,४१५.४३ | २३,०६९,९५६.०५ |
| **गत बर्ष सम्मको नोक्सानी व्यवस्था** | | | २४,८३९,४४४.१९ |
| **यस बर्षको थप व्यवस्था (फिर्ता)** | | | (१,७६९,४८८.१४) |

**NFRS बमोजिम ऋण तथा सापटीमा हुने हानि-नोक्सानी**

| विवरण | जम्मा ऋण रकम | ऋण नोक्सानी व्यवस्था |
|---|---|---|
| व्यक्तिगत रुपमा ऋण नोक्सानी व्यवस्था | ७२,६७१,१३२.११ | ९,३१७,६७०.५८ |
| सामूहिक ऋण नोक्सानी व्यवस्था | १,२९४,९८६,२८३.३२ | १६,३९२,४४८.७१ |
| **जम्मा** | १,३६७,६५७,४१५.४३ | २५,७१०,११९.२९ |
| **गत बर्ष सम्मको नोक्सानी व्यवस्था** | | २४,८३९,४४४.१९ |
| **यस बर्षको थप व्यवस्था (फिर्ता)** | | ८७०,६७५.१० |

NFRS बमोजिम ऋण नोक्सानी व्यवस्था भन्दा सहकारी मापदण्डले तोके बमोजिमको ऋण नोक्सानी व्यवस्था कम आएकाले, NFRS बमोजिम गणनालाई आधार मानि रु.८६०,६७५.१० ऋण नोक्सानी व्यवस्था थप गरिएको छ।

**घ) परिशोधन लागतमा मापन भएको सम्पत्तिमा नोक्सानी**

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको परिशोधन लागतको रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ। कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुन रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिन्छ। सहकारीले समायोजित ब्याज दरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको परिशोधन लागत मापन गर्ने गरेको छ।

**ङ) अन्य विस्तृत आय मार्फत उचित मूल्यमा वर्गीकरण भएका इक्विटी उपकरणको लगानीको नोक्सानी**

विक्रीको लागि वित्तीय सम्पत्तिको लागी कमजोरीको उद्देश्य प्रमाणहरू उपलब्ध छ भने संचयी घाटा (नाफा वा नोक्सानमा पहिले पहिचान प्राप्त वित्तीय सम्पत्तिमा परिशोधन लागत र वर्तमान उचित मूल्य बीचको भिन्नता कम कुनै नोक्सान को रुपमा मापन भएको) इक्विटीबाट पुन: वर्गीकृत गरी नाफा वा नोक्सानमा पहिचान दिइएको छ। इक्विटी धितोहरूको कम जोरीको उद्देश्य प्रमाणको मूल्यांकनका अन्य कारकहरूका साथै इक्विटी उपकरणको उचित मूल्यमा उल्लेख्य वा लामो अवधिको गिरावट भई लागत भन्दा कम भएमा सो अवस्थालाई समेत विचार गरिन्छ।

यदि त्यसपछिको अवधिमा, बिक्रीको लागि वर्गीकृत भएको ऋण उपकरणको उचित मूल्य वृद्धि हुन्छ र वृद्धि नोक्सानी घाटा पहिचान भए पछि हुने घटनासँग वस्तुगत रूपमा सम्बन्धित हुन सक्दछ भने यस्तो नोक्सानीलाई नाफा वा नोक्सान विवरणमा उल्टाइन्छ।

३.४ **व्यापार सम्पत्ति र दायित्व**

व्यापार सम्पत्ति र दायित्व भनेको ती सम्पत्ति र दायित्व हुन् जुन संस्थाले खास गरी निकट अवधिमा बेच्ने वा पुन: खरीद

Sumati

गर्ने उद्देश्यको लागि प्राप्त गर्दछ वा छोटो अवधिको नाफा लिनको लागि सँगै व्यवस्थित गरिएको पोर्टफोलियोको अंशको रूपमा होल्ड गर्दछ ।

व्यापार सम्पत्ति र दायित्व शुरुमा उचित मूल्यमा मापन गरिन्छ र पछि वित्तीय अवस्थाको विवरणमा उचित मूल्यमा मापन गरी फरक रकमलाई नाफा नोक्सान विवरणमा लेखांकन गरिन्छ ।

### ३.५ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणहरू एक वर्ष वा सोभन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नका लागि वा संस्थाको प्रशासनिक कार्यको प्रयोगका लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । सहकारी संस्थाले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्ना सम्पत्ति र उपकरणहरूको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । संस्थाले आफ्नै प्रयोजन प्रयोग गर्दै आएको (Owner-occupied Property) जग्गा तथा भवनलाई सम्पत्ति तथा उपकरण अन्तर्गत पहिचान तथा लेखांकन गरिएको छ । जग्गामा ह्रासकट्टी गरिएको छैन । सहकारी संस्थाको सम्पत्ति तथा उपकरणहरूको बारेमा थप जानकारी टिप्पणी नं. ४.६ मा प्रस्तुत गरिएको छ । निम्नानुसारका अवस्थामा मात्र सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ:

क) सहकारी संस्थालाई सम्पत्ति तथा उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा

ख) सो सम्पत्ति तथा उपकरणको लागत मापन गर्न सकिएको ।

सम्पत्ति तथा उपकरणलाई लागत मोडलमा लेखाङ्कन तथा प्रस्तुत गर्ने सहकारीको लेखा नीति रहेको छ । यस मोडेल अनुसार सम्पत्ति तथा उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ । सम्पत्ति तथा उपकरण बिक्री गरिएमा अथवा सोको प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा-नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

रु. १,०००/- भन्दा कम मूल्यमा खरिद गरिएका सम्पत्तिलाई खरीदको वर्षमा उनीहरूको उपयोगी आयुको पर्वाह नगरी आय विवरणमा लेखांकन गरिएको छ ।

पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्दा सुरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिमको वित्तीय अवस्थाको विवरणमा प्रस्तुत भएको किताबि मुल्य (Carrying Amount) लाई यस वित्तीय विवरणमा प्रस्तुत भएका आ.व.हरूको प्रारम्भिक लागत मानी लेखांकन गरिएको छ ।

सहकारी संस्थाका विभिन्न प्रकृतिका सम्पत्ति तथा उपकरणको अनुमानित जम्मा उपयोग अवधि निम्नबमोजिम आँकलन गरिएको छ :

| सम्पत्ति | अनुमानित उपभोग अवधी |
|---|---|
| भवन तथा भवन संरचना | ४० वर्ष |
| कम्प्युटर, इलोक्ट्रिकल तथा इलोक्ट्रोनिक उपकरणहरू | ७ वर्ष |
| अफिस फर्निचर | १० वर्ष |
| फुटकर सम्पत्ति | २ वर्ष |
| मेसिनरी सामान | ७ वर्ष |

पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्दा २०७९.०४.०१ सालमा प्रारम्भिक लागत मानिएको सम्पत्तिहरूमध्ये कम्प्युटर, इलोक्ट्रिकल तथा इलोक्ट्रोनिक उपकरणहरूमा ५ बर्ष अफिस फर्निचरमा ८ बर्ष उपयोग अवधि अनुमान गरि ह्रासकट्टी गरिएको छ ।

**ह्रास कट्टी**

सहकारी संस्थाले सम्पत्ति तथा उपकरण उपयोगका लागि उपलब्ध भएपछि निसर्ग हुने समय वा अनुमानित उपभोग्य अवधिसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । यस वर्ष खरिद गरिएका सम्पत्तिहरूलाई खरिद गरिएको महिनादेखि पछिल्लो महिनाबाट आनुपातिक रुपमा ह्रासकट्टी हुने गरी लेखांकन गरिएको छ । साथै निसर्ग भएका सम्पत्तिहरूको सम्बन्धमा निसर्ग भएको महिना भन्दा अघिल्लो महिनासम्मको अवधिको लागि आनुपातिक रुपमा ह्रास कट्टी गरिएको छ ।

संस्थाले सम्पत्ति तथा उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर विधि (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ ।

Sumati

**अपलेखन वा पहिचान खारेज**

जब सम्पत्ति र उपकरणको बिक्री वा अपलेखन हुन्छ अथवा यसको प्रयोग वा अपलेखनबाट भविष्यमा कुनै स्थितिमा आर्थिक लाभहरू अपेक्षा गरिदैन, तब Carrying Amount लाई अपलेखन गरिने छ। सम्पत्ती र उपकरणको अमान्यताबाट उत्पन्न हुने लाभ वा घाटा नाफा नोक्सान विवरणमा समावेश हुनेछ।

मूल्यह्रास विधि, उपयोगी आयु र अवशिष्ट मूल्य (Salvage Value) प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र, यदि कुनै छ भने समायोजन गरिन्छ।

३.६ **अमूर्त सम्पत्ति**

**खरिद भएको अमूर्त सम्पत्ति**

अमूर्त सम्पत्ति सुरूमा लागतमा मापन गरिन्छ, जसले सम्पत्तिमा समाहित भावी आर्थिक लाभहरू संस्थामा प्रवाह हुने र उनीहरूको अपेक्षित उपयोगी जीवनको आधारमा परिमार्जन हुने सम्भावनाको बजार अपेक्षाहरू प्रतिबिम्बित गर्दछ।

**कम्प्यूटर सफ्टवेयर**

खरीदबाट प्राप्त कम्प्युटर सफ्टवेयर र सो सफ्टवेयरमा प्रयोगमा ल्याउनको लागि लागेको लागतको आधारमा पुँजीकरण हुने गर्दछ। सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पुँजीकरण हुन्छन् जहाँ सम्भावना छ कि यसले आफ्नो लागतको अधिनमा भावी आर्थिक लाभहरू उत्पन्न गर्दछ। कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी आयुको आधारमा परिशोधित हुन्छन्। प्रत्येक वर्ष गरिने सफ्टवेयर संचालन सम्बन्धी लागतहरूलाई खर्चको रूपमा मान्यता दिइन्छ।

प्रत्येक प्रतिवेदन मितिमा, यी सम्पत्तिहरू क्षयका संकेतहरूको लागि मूल्यांकन गरिन्छ। जब सम्पत्तिको carrying amount यसको पुन: प्राप्ति योग्य रकम भन्दा बढी निर्धारण हुन पुग्दछ, उक्त घटनामा सम्पत्ति तुरुन्तै उपलेखन गरिन्छ।

सफ्टवेयरको परिशोधन यो प्रयोग गर्न उपलब्ध भएको मितिबाट यसको अनुमानित उपयोगी जीवनमा एक समदरमा आधारित छ। हालको र तुलनात्मक अवधिको लागि संस्थासँग रहेका सफ्टवेयरहरूको अनुमानित उपयोगी आयु निम्नबमोजिम आँकलन गरी सो को परिषेध नगरिएको छ।

| सम्पत्ति | अनुमानित उपभोग अवधी |
|---|---|
| इन्फीनिटी सफ्ट्वेयर | ५ वर्ष |
| कोर बैकिंग सफ्ट्वेयर | ८ वर्ष |

रु. १,००० भन्दा कमको सफ्टवेयरलाई खरीदको वर्षमा उनीहरूको उपयोगी जीवनको पर्वाह नगरी खर्चमा राखिएको छ। परिशोधन विधि, उपयोगी जीवन र अवशिष्ट मूल्य प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र कुनै उपलेखन आवश्यक भएमा सो अपलेखन समेत गरिन्छ।

३.७ **उपयोगको अधिकार रहेको सम्पत्ति (ROU Assets) तथा पट्टा दायित्व**

संस्थाले NFRS 16 “Leases" अनुसार पट्टामा लिएका सम्पत्तिमा उपयोग को अधिकार सम्पत्ति (right-to-use asset) तथा पट्टा दायित्व लेखांकन गरेको छ। NFRS 16 “Leases" ले दिएको छोटो अवधिको पट्टाको लागि पहिचानमा छुट (recognition exemption) को अधिकार पनि प्रयोग गरि लेखांकन गरेको छ। NFRS 16 “Leases" अनुसार, सम्झौता पट्टा हो या सम्झौतामा पट्टा छ भन्ने यकिनका लागि सम्झौताको निर्धारणको आधारमा हुन्छ। यस्तो निर्धारणमा सम्झौता पूर्ति गर्न, रकम (consideration) को लागि निश्चित सम्पत्तिको प्रयोगमा निर्भर छ या सम्झौताले समयावधि भर पहिचानयोग्य सम्पत्तिको प्रयोगमा नियन्त्रण लिएको छ या छैन भनी मूल्यांकन गरिन्छ।

३.७.१ **पहिचान**

सम्झौताले पहिचानयोग्य सम्पत्तिको प्रयोगमा नियन्त्रण लिएको या नलिएको मुल्यांकन गर्न संस्थाले तलका कारकहरू विचार गर्दछ :

१. सम्झौतामा पहिचानयोग्य सम्पत्तिको प्रयोगको अधिकार समावेश छ। यस्तो सम्पत्ति भौतिक रुपमा अलग्गै हुनु पर्दछ। यदि आपूर्तिकर्ताले सम्पत्ति प्रतिस्थापन गर्ने क्षमता राख्दछ भने त्यस्तो सम्पत्तिलाई पहिचानयोग्य भनिदैन।

२. संस्थाले पट्टाको समयावधि भर उक्त सम्पत्तिको प्रयोगबाट आर्थिक लाभ प्राप्त गर्ने सम्पूर्ण अधिकार राख्दछ र

३. संस्थासँग सम्पत्ति के कसरी प्रयोग गर्ने सम्पूर्ण अधिकार हुन्छ। संस्थासँग यो अधिकार तब हुन्छ जब सम्पत्ति के को लागि र कसरी प्रयोग गर्ने भन्ने निर्णय गर्ने अधिकार हुन्छ। धेरै जसो सम्झौतामा सम्पत्ति के को लागि र कसरी

Sumati

प्रयोग गर्ने भनी पहिले नै परिभाषित हुने गर्दछ, यस्तो अवस्थामा संस्थासँग सम्पत्ति के कसरी प्रयोग गर्ने अधिकार छ भनी तल उल्लेखित कुनै अवस्थामा हुने गर्दछ :

- संस्थासँग सम्पत्ति संचालन गर्ने अधिकार छ ; वा
- संस्थाले सम्पत्तिको डिजाइन, सम्पत्ति के को लागि र कसरी प्रयोग गर्ने पूर्वनिर्धारित उद्देश्यको आधारमा गर्दछ ।

**३.७.२ प्रारम्भिक मापन (Initial Measurement)**

उपयोग को अधिकार सम्पत्ति तथा पट्टा दायित्व पट्टाको मापन सुरु भएको मितिबाट गरिन्छ । पट्टा दायित्व भन्नाले पट्टाको सम्झौता अनुसार सम्झौता अवधिभर तिर्नुपर्ने रकम (बढ्ने भाडा सहित)को हालको मान (present value) लाई जनाउँदछ । दायित्वको वर्तमान मुल्य (present value) सापटी लिंदा लाग्ने ब्याज दर (borrowing rate) प्रयोग गरि निर्धारण गरिएको छ । संस्थाले सापटी लिंदा लाग्ने ब्याज दर (borrowing rate) १० प्रतिशत अनुमान गरि पट्टा दायित्वको मापन गरेको छ ।

उपयोग को अधिकार सम्पत्तिलाई शुरुमा लागतमा लेखांकन गरिन्छ । उपयोग को अधिकार सम्पत्तिको लागतमा निम्न रकमहरू समावेश गरिएको हुन्छः

पट्टा दायित्वको प्रारम्भिक मापनको रकम + प्रारम्भ मितिमा वा अघिको पट्टा भुक्तानी - प्रारम्भको प्रत्यक्ष खर्च + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुर्नस्थापना गर्न लाग्ने लागत

**३.७.३ पछिको मापन (Subsequent Measurement)**

संस्थाले प्रारम्भिक मिति पश्चात उपयोगको अधिकार सम्पत्तिलाई लागतमा सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ । साथै NFRS 16 बमोजिम पट्टा दायित्वको पुनः मापन रकम समेत समायोजन गरि प्रस्तुत गरिन्छ । उपयोगको अधिकार सम्पत्तिको ह्रासकट्टी सम्झौता अवधिभर सीधा रेखा विधि (Straight Line Method) प्रयोग गरि गरिन्छ ।

पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात निम्नानुसार मापन गरिन्छः

- पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानी रकमलाई कम गर्ने र
- पट्टा पुनःमापन वा संशोधन प्रतिविम्वित हुने रकम समायोजन गर्ने ।

संस्थाको यस प्रकारको सम्पत्ति रहेको छैन ।

**३.८ लगानी सम्पत्ति र बिक्रीको लागि उपलब्ध सम्पत्ति**

**लगानी सम्पत्ति (Investment Property)**

बहालको आम्दानी वा पुंजी वृद्धि वा दुवै प्रयोजनका लागि राखिएको सम्पत्तिलाई लगानी सम्पत्तिको रूपमा वर्गीकृत गरिन्छ । लगानी सम्पत्तिहरू शुरुमा लागतमा मापन गरिन्छ र पछि लागतबाट सञ्चित ह्रासकट्टी घटाएर प्रस्तुत गरिन्छ । त्यसपछिको खर्चलाई सम्पत्तिको किताबि मुल्यमा तव पुंजीकरण गरिन्छ जब यो सम्भावित हुन्छ कि भविष्यमा खर्चसँग सम्बन्धित आर्थिक लाभहरू संस्थामा प्रवाहित हुनेछन् र लागतलाई विश्वसनीय रूपमा मापन गर्न सकिन्छ । अन्य सबै खर्चहरू मर्मत र मर्मतसम्भार खर्च अन्तर्गत लेखांकन गरिन्छ । जग्गा जमिनको हकमा भने ह्रासकट्टी नहुने भएकोले ऐतिहासिक लागतमा लेखांकन गरिन्छ । संस्थाले गैर बैंकिङ सम्पत्तिलाई पनि लगानी सम्पत्तिको रुपमा पहिचान गरेको छ ।

लगानी सम्पत्तिहरू निसर्ग गरिएमा वा लगानी सम्पत्ति स्थायी रूपमा प्रयोगबाट फिर्ता लिइएमा र यसको निसर्गबाट भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा नभएको अवस्थमा वित्तीय विवरणबाट पहिचान खारेज गरिन्छ र सोको कुनै लाभ वा हानिलाई नाफा नोक्सान विवरणमा लेखांकन गरिन्छ ।

संस्थाले निर्माण गरी प्रयोग गर्दै आएको भवनको नगन्य क्षेत्र (Insignificant Area) मात्रै सञ्चालन पट्टा (Operating Lease) अन्तर्गत अन्य व्यक्तिहरूलाई बहालमा दिएकोले सो भवनलाई लगानी सम्पत्तिको रुपमा पहिचान गरिएको छैन ।

**३.९ आयकर**

आयकर खर्चमा यस बर्षको कर, स्थगन कर तथा विगत बर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । आयकर खर्च र स्थगन कर नाफा वा नोक्सानी, इक्विटी वा अन्य विस्तृत आयमा सिधा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित हदसम्म लेखांकन गरिन्छ । संस्थाले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ ।

Sumati

**चालु आयकर (Current Income Tax)**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक बर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस बर्षको नाफालाई आधार मानी सोमा आयकर ऐनले उल्लेख गरेको समायोजन गरि गणना गरिन्छ । विगत बर्षको कुनै थप कर दायित्व आएमा सो समेत यस अन्तर्गत समावेश गरिन्छ । स्रोतमा कट्टि गरिएको (TDS) करलाई भने अन्य दायित्वमा राखिएको छ ।

**स्थगन कर (Deferred Tax)**

वित्तीय प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि आर्थिक बर्षको अन्त्यमा सम्पत्ति र दायित्वको कर आधार (tax base) र किताबी मूल्यको अस्थायी भिन्नताहरूमा स्थगन करको व्यवस्था गरिन्छ । तल उल्लेखित बाहेकका सवै करयोग्य अस्थायी भिन्नताहरूमा स्थगन कर दायित्व पहिचान गरिन्छ :

- स्थगन कर दायित्वको उत्पत्ति ख्यातिको प्रारम्भिक पहिचानबाट वा व्यापार संयोजनबाट नआएको सम्पत्ति वा दायित्वको शुरुको मापनबाट भएमा, र यस्तो कारोबारको मितिमा लेखा अनुसारको नाफा नोक्सान र करयोग्य नाफा नोक्सान दुवैमा प्रभाव नपरेमा ।

सम्पूर्ण घटाउन योग्य अस्थायी भिन्नता, अघिल्ला बर्षबाट ल्याइएको उपयोग नभएको कर क्रेडिट र उपयोग नभएको कर नोक्सानी बापत स्थगन कर सम्पत्ति पहिचान गरिन्छ, तथापी यसको पहिचान तल उल्लेखित अवस्था बाहेकका घटाउन योग्य अस्थायी भिन्नता, उपयोग नभएको कर क्रेडिट र कर नोक्सानीको उपयोग गर्न भविष्यमा करयोग्य नाफा उपलब्ध हुने सम्भावनाको हदसम्म मात्र हुन्छ :

- घटाउनयोग्य अस्थायी फरकसँग सम्बन्धित स्थगन कर सम्पत्तिको उत्पत्ति व्यापार संयोजनबाट नआएको सम्पत्ति वा दायित्वको शुरुको पहिचानबाट भएमा, र यस्तो कारोबारको मितिमा लेखा अनुसारको नाफा नोक्सान र करयोग्य नाफा नोक्सान दुवैमा प्रभाव नपरेमा ।

स्थगन कर सम्पत्तिको किताबी मूल्य प्रत्येक वर्षान्तमा पुनरावलोकन गरिन्छ र भविष्यमा पर्याप्त नाफा उपलब्ध हुने सम्भावना भएको सीमासम्म स्थगन कर सम्पत्ति घटाइन्छ । पहिचान नगरिएको स्थगन कर सम्पत्ति प्रत्येक वर्षान्तमा पुनः मूल्याङ्कन गरिन्छ र भविष्यको सम्भावित करयोग्य नाफासँग स्थगन कर सम्पत्ति उपयोग गर्न सकिने हदसम्म पहिचान गरिन्छ ।

आर्थिक बर्षको अन्त्यमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको करको दरको आधारमा सम्पत्ति बिक्री भएको वा दायित्व समाप्त भएको समयको अपेक्षित करको दर प्रयोग गरी स्थगन कर सम्पत्ति र दायित्वको मूल्याङ्कन गरिन्छ ।

चालु वा स्थगन कर सम्पत्ति र दायित्व एउटै कर हेर्ने निकायसँग सम्बन्धित भएमा मात्र अफसेट गरिन्छ ।

**३.१० निक्षेप**

संस्थाले आफ्ना सदस्यहरूबाट आबधिक, सामान्य बचत, दैनिक बचत, नियमित बचत, साप्ताहिक बचत, मासिक बचत आदि प्रकारका बचतहरूबाट निक्षेप स्विकार गर्छ र खातावालालाई पैसा जम्मा गर्न र निकाल्न अनुमति दिन्छ । यी लेनदेनहरू संस्थाको अभिलेखहरूमा रेकर्ड गरिएको छ, र परिणामस्वरूपको मौज्दात रकमलाई संस्थाको दायित्वको रूपमा लेखांकन गरिएको छ ।

**३.११ व्यवस्थाहरू तथा सम्भावित दायित्वहरू (Provisions and Contingent Liabilities)**

संस्थाले सम्भावित दायित्वहरूको पहिचान तथा व्यवस्थाहरू लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । विगतका घटनाहरूको परिणामस्वरुप संस्थाको वर्तमानमा सिर्जित कुनै दायित्वहरू छन, जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नका लागि स्रोतको बहिर्गमन हुन्छ भने त्यसलाई व्यवस्थाका रुपमा लेखाङ्कन गरिएको छ ।

हाल संस्था समेत सम्बन्धित भएर विभिन्न अदालतहरूमा मुद्दाहरू विचाराधिन रहेको छैन ।

**३.१२ आम्दानी लेखांकन (Revenue Recognition)**

आय भनेको सहकारीको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जसबाट इक्विटीका सहभागीहरूले योगदान पुर्‍याएको बाहेक इक्विटीमा बृद्धि हुन्छ । आम्दानीलाई यस हदसम्म पहिचान र लेखाङ्कन गरिन्छ

Sumati

कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ति सम्भव छैन, तिनलाई आम्दानीको रुपमा लेखांकन गरिएको छैन । अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 - Revenue from Contract with Customer को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । संस्थाको आय र आय मान्यताको आधारहरू निम्नानुसार छन्:

**१. ब्याज आम्दानी**

सदस्यहरूलाई प्रदान गरिएको ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा कर्मचारीलाई प्रदान गरेको ऋणमा प्राप्त ब्याज रकमहरूलाई संस्थाले NFRS 15 को प्रावधान बमोजिम प्रोदभावी आधारमा गणना गरी ब्याज आम्दानीको रुपमा लेखांकन गरेको छ ।

ऋण लगानीमा प्राप्त ब्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ, जुन प्रभावकारी ब्याज विधिको नजिक हुने गर्दछ । नोक्सानी व्यवस्था गरिएका ऋणहरूमा पाउने ब्याजलाई प्रभावकारी ब्याज (EIR) गणना विधिमा समावेश गरिँदैन । संस्थाले ब्याज आम्दानी लेखांकन गर्दा प्रभावकारी ब्याज गणनाको लागी वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ । सो अनुसार संस्थाले ऋण लगानीको अग्रिम ऋण व्यवस्थापन शुल्क वा ऋण लगानीमा प्राप्त शुल्कलाई EIR दर गणनामा समावेश गरेको छैन, जसका कारण EIR दर ऋणीहरू लाई प्रदान गरिएको ब्याजदर सँग बराबर हुन्छ ।

**२. सेवा शुल्क**

सेवा शुल्क EIR गणनाको अभिन्न अंग हो । यद्यपि ICAN द्वारा जारी EIR दर सम्बन्धि carve out अनुसार सेबा शुल्क EIR गणना गर्दा समावेश गर्नँ पर्दछ, जबसम्म यो अव्यावहारिक हुँदैन । अव्यवहार्यताको कारण, संस्थाले ऋण लगानी वा नविकरण बाट प्राप्त हुने शुल्कहरूलाई ऋण स्विकृतिको बखतमा नै आम्दानी लेखांकन गर्ने गरेको छ ।

**३. लाभांश आय**

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

**४. बहाल आम्दानी**

संस्थाले संस्थाको पूँजीगत सम्पत्तिको बहालबाट प्राप्त गर्ने आम्दानीलाई बहाल सम्झौतामा बमोजिम प्रोदभावी आधारमा लेखांकन गरेको छ ।

**३.१३ ब्याज खर्च**

ICAN द्वारा जारी NFRS 9 को Para 5.4 को carve out मा व्यवस्था गरिएको बाहेकका निक्षेपहरू लगायत सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई नाफा नोक्सान विवरणमा प्रभावकारी ब्याज (EIR) गणना विधि बमोजिम प्रोदभाबी आधारमा लेखाङ्कन गरिन्छ ।

**३.१४ कर्मचारी खर्च**

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवाबापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँदछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरू रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि सहकारीले NAS 19 – “Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

**३.१४.१ अल्पकालीन प्रकृतिका कर्मचारी खर्च**

अल्पकालीन प्रकृतिका कर्मचारी सुविधाहरू ती लाभहरू हुन् जुन १२ महिनापछि पूर्ण रूपमा भुक्तानी हुने आशा गरिन्छ र त्यसैले कर्मचारीहरूले सम्बन्धित सेवा प्रदान गरेको अवधिमा खर्चको रूपमा लेखांकन गरिन्छ । अल्पकालिन अवधिको कर्मचारी खर्च अन्तर्गत निम्नानुसारका खर्चहरू पर्ने गर्दछन्:

१. ज्याला, तलब, भत्ता र सामाजिक सुरक्षा योगदान
२. बिदा बापतको रकम भुक्तानी
३. नाफामा आधारित बोनस
४. गैर मौद्रिक लाभ आदि ।

संस्थाले नाफामा आधारित बोनस व्यवस्था वितरणयोग्य नाफा रकमको ५% का दरले गर्ने गरेको छ ।

**३.१४.२ दीर्घकालीन प्रकृतिका कर्मचारी खर्च**

Sumati

संस्थाको नियम बमोजिम सेवाबाट निवृत्त भएपछि भुक्तानी हुने उपदान, सञ्चय कोष, बिदा बापतको भुक्तानी आदि तथा कर्मचारीले स्वेच्छिक रुपमा सेवाबाट निवृत्त हुने निर्णय गरेमा प्रदान गरिने निवृत्ति सुविधाहरू दीर्घकालीन कर्मचारी खर्च अन्तर्गत पर्दछन् ।

**३.१४.२.१ परिभाषित योगदान योजनाहरू (Defined Contribution Plan)**

परिभाषित योगदान योजना एक रोजगार पछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले कर्मचारीको र संस्थाको योगदान रकम छुट्टै संस्थामा भुक्तान गनुपर्ने हुन्छ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । संस्थाले नियमित रुपमा संस्थाको योगदान १०% तथा कर्मचारीको योगदान १०% गरि कुल २०% सञ्चय कोषमा दाखिला गर्दै आएको छ । परिभाषित योगदान योजनाहरूको लागि योगदानका लागि दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा यस अवधिमा नाफा वा नोक्सानमा कर्मचारी खर्चको रूपमा मान्यता दिइएको छ ।

**३.१४.२.२ परिभाषित लाभ योजनाहरू (Defined Benefits Plan)**

परिभाषित योगदान योजना बाहेकका अन्य अवकास पछि दिईने लाभ योजनाहरू परिभाषित लाभ योजनाहरू हुन् । संस्थाले उपदान तथा सञ्चय गर्न सकिने बिदा सुविधालाई परिभाषित लाभ योजना अन्तर्गत पहिचान गरेको छ । परिभाषित लाभ योजनामा खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टै गणना गरिन्छ ।

**(क) कर्मचारी बिदाको व्यवस्था**

संस्थाको स्वीकृत विनियमावली बमोजिम कर्मचारीहरूलाई प्रदान गरिने बिदा बापतको क्षतिपूर्तिहरू कर्मचारी बिदा बापतको खर्चमा समावेश गरिन्छ । सञ्चय गर्न सकिने बिदाको हकमा कर्मचारीहरूले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरू वृद्धि भएमा तथा सञ्चय गर्न नसकिने बिदाहरूको हकमा कर्मचारीलाई बिदा बापतको रकम भुक्तानी दिएको अवस्थामा बिदा बापतको खर्चको लेखाङ्कन गरिन्छ । बिदा अन्तर्गत घर बिदामा १२० दिन तथा बिरामी बिदा सेवा अवधिभर सञ्चय गर्न सकिने व्यवस्था संस्थाको नियमावलीमा रहेको छ । संस्थाको कर्मचारीको संख्या न्युन रहेको कारण कर्मचारी बिदा शिर्षकमा हुने खर्च समेत सारभुत नहुने देखिन्छ । यस सन्दर्भमा नेपाल वित्तीय प्रतिवेदन मानको अवधारणागत फ्रेमवर्कमा विदा वापतको खर्चको लागि बिमांकिय मुल्याकंन गरी खर्च तथा दायित्व निर्धारण गर्दा प्राप्त हुने लाभ यसको लागि लाग्ने लागतको तुलनामा नगन्य हुने देखिएको अवस्थामा बिमाकिंय लेखांकन अनिवार्य नहुने व्यवस्था रहेको छ ।

**(ख) कर्मचारी उपदान कोष**

कर्मचारी उपदान व्यवस्था गर्दा कर्मचारीको सेवा अवधिको आधारमा ५ वर्ष सम्म उपदान कोष नदिने, ५ वर्ष देखि १० वर्ष सम्म कार्य अवधि भएमा प्रति वर्ष आधा महिना बराबरको खाईपाई आएको तलब, १० वर्ष देखि १५ वर्ष सम्म कार्य अवधि भएमा प्रति वर्ष एक महिना बराबरको खाईपाई आएको तलब, १५ वर्ष देखि २० वर्ष सम्म कार्य अवधि भएमा प्रति वर्ष साढे एक महिना बराबरको खाईपाई आएको तलब र २० वर्ष भन्दा माथि कार्य अवधि भएमा प्रति वर्ष दुई महिना बराबरको खाईपाई आएको तलब दिने व्यवस्था अनुसार रहेको छ । संस्थाको मानव संसाधन व्यवस्था कार्यविधि २०७८ बमोजिम प्रत्येक कर्मचारीले काम गरेको समय अवधिमा प्रत्येक महिनाको ग्रेड सहितको आधारभुत तलबमानको ५ प्रतिशत बराबरको रकम कर्मचारी उपदान कोषमा जम्मा गर्ने व्यवस्था रहेको छ । यसैगरी उक्त कार्यविधिमा आ.ब. २०८०को साधारण सभाबाट पारित संसोधन अनुसार अन्य व्यवस्था जे सुकै भएपनि उपदान कोषमा कार्यरत कर्मचारीहरू सबैलाई दिने रकम जम्मा नभएमा कर्मचारी उपादान दिँदा स्थायी सेवा अवधि ५ वर्ष देखि १० वर्ष सम्म भएकालाई ५ महिना , १० वर्ष देखि १५ वर्ष सम्म भएकालाई १० महिना, १५ वर्ष देखि २० वर्ष सम्मकालाई १ बर्ष १ महिना र २० वर्ष भन्दा माथिकालाई १ वर्ष ८ महिना बराबरको तलब र ग्रेडको रकम बराबर एकमुष्ट उपदान दिने व्यवस्था रहेको छ ।

यसरी संस्थाले उपदान वापतको रकम खर्च लेखांकन गरी नागरीक लगानी कोषमा जम्मा गरेको रकमसम्म मात्र आफुले दायित्व बहन गर्ने गरी माथि उल्लेख भएबमोजिम व्यवस्था गरेकोले माथि उल्लेखित व्यवस्था बमोजिम प्रत्येक महिनाको ग्रेड सहितको आधारभुत तलबमानको ५ प्रतिशत बराबरको रकम नागरीक लगानीकोषमा भुक्तानी भएकै बखत सम्पुर्ण रकमलाई बिमांकिय लेखांकन नगरी खर्च लेखिएको छ ।

यस आ.व. २०८०/८१ मा सहकारी संस्थाले रु २६५,२६५ खर्चको रुपमा लेखांकन गरेको छ भने सो रकम गत आ.व.मा रु.२,४३,०७२ रहेको थियो । साथै नागरीक लगानीकोषमा प्राप्त भएको आयलाई पनि दायित्वमा नै गणना गरिएको छ ।

नेपाल वित्तीय प्रतिवेदन मानको अवधारणागत फ्रेमवर्कमा को अध्याय २ को अनुच्छेद २.३९ तथा २.४२ मा देहायको व्यवस्था रहेको छः

2.39 Cost is the pervasive constraint on the information that can be provided by financial reporting. Reporting financial information imposses costs, and it is important that those costs are justified by

Sumati

the benefits of reporting that information. There are several types of costs and benefits to consider.

2.42 In applying the cost constraint, the Board assesses whether the benefits of reporting particulars information are likely to justify the cost incurred to provide and use that information. When applying the cost constraint in developing a proposed standard, the board seeks information from providers of financial information, users, auditors, academics and others about the expected nature and quantity of the benefits and costs of that standard. In most situations, assessments are based on a combination of quantitative and qualitative information.

संस्थाको कर्मचारीको संख्या न्युन रहेको कारण उपदान शिर्षकमा हुने खर्च समेत सारभुत नहुने देखिन्छ। यस सन्दर्भमा नेपाल वित्तीय प्रतिवेदन मानको अवधारणागत फ्रेमवर्कमा उपदान वापतको खर्चको लागि बिमांकिय मुल्याकंन गरी खर्च तथा दायित्व निर्धारण गर्दा प्राप्त हुने लाभ यसको लागि लाग्ने लागतको तुलनामा नगन्य हुने देखिएको अवस्थामा बिमाकिंय लेखांकन अनिवार्य नहुने व्यवस्था रहेको छ।

**३.१५ अन्य खर्चहरू**

सम्बन्धित अवधिको लागि भएका अन्य खर्चहरूलाई खर्च भएको अवधिमा प्रोदभावी आधारमा नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिएको छ।

**३.१६ विदेशी मुद्रा अनुवाद**

वित्तीय विवरण नेपाली रुँपैयामा प्रस्तुत गरिएको छ। सहकारीको यस आ.व.मा विदेशी मुद्रामा कारोवार भएको छैन र ऐन नियम बमोजिम संस्थाले विदेशी मुद्रामा कारोवार गर्न पाउदैन।

**३.१७ शेयर पूँजी तथा कोषहरू**

**३.१७.१ शेयर पूँजी**

संस्थाले पूंजीगत उपकरणहरू वित्तीय दायित्व वा इक्विटी उपकरणहरूको रूपमा उपकरणहरूको अनुवंध शर्तहरूको रूपमा वर्गीकृत गर्दछ। इक्विटीलाई संस्थाको कुल सम्पत्तिमा सम्पूर्ण दायित्व घटाए पछि अवशिष्ट रकमको रूपमा परिभाषित गरिएको छ। सहकारीका शेयर सदस्यहरूले वार्षिक साधारणसभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ।

**३.१७.२ कोषहरू**

**३.१७.२.१ वैधानीक कोषहरू**

संस्थाले सहकारी ऐन तथा नियमावलीको अधिनमा रहि यस बर्ष भएको करपछिको मुनाफा रकमलाई निम्नानुसार विभिन्न कोषहरूमा बाँडफाँड गरेको छ।

संस्थाको आयकर पछिको नाफाबाट स्थगन कर पछिको पाकेको तर पाउनबाँकी ब्याजको रकम ब्याज मुल्तबी कोषमा लगिएको छ। अन्य विस्तृत कोषमा लेखांकन भएको रकमलाई अन्य कोषमा लेखांकन गरिएको छ। सो पछिको नाफालाई संस्थाले वितरणयोग्य नाफाको रुपमा पहिचान गरेको छ। त्यसपछिको ऐन बमोजिम वितरण योग्य नाफाको २५% जगेडा कोषमा छुट्याई बाँकी रकमलाई शतप्रतिशत मानी सहकारी ऐन, २०७४ र प्रदेश सहकारी ऐन २०७६ बमोजिम संरक्षित पुँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्बद्धन कोषमा ०.५% बाँडफाँड गरिएको छ। बाँकी रकमलाई शतप्रतिशत मानी सहकारी नियमावली २०७५ र प्रदेश सहकारी नियमावली २०७६ साथै संचालक समितिको निर्णयानुसार देहाय बमोजिम बाँडफाँड गरिएको छ :

| कोषहरू | प्रतिशत/रकम |
|---|---|
| सहकारी शिक्षा कोष | ५% |
| घाटापूर्ति कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| अन्य जोखिम व्यवस्थान कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| शेयर लाभांश कोष | बाँकी |

जगेडा कोष भन्दा बाहेकका कोषहरूलाई नजीकको हजारमा लेखांकन गरिएको छ।

जगेडा कोषमा माथी उल्लेखित रकम बाहेक निम्न रकमहरू समेत लेखांकन गर्ने नीति रहेको छ :

(क) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम सहकारी ऐन तथा नियमावली बमोजिम सदस्यहरूलाई कारोबारको आधारमा वितरण गरिन्छ । वितरण नभएमा जगेडा कोषमा रकमान्तर गरिन्छ । संस्थाले शेयर लाभांश कोषमा छुट्याएको रकमबाट मात्रै शेयर लाभांश वितरण गर्ने गरेको छ । अन्य कोषहरूमा रहेको रकम संस्थाले सो सँग सम्बन्धित कार्यक्रमहरूमा संस्थाको नीति बमोजिम खर्च गर्ने गरेको छ । सो अन्य कोषहरूमा बाँकी रकमहरू मध्ये संचालक समितिको निर्णय बमोजिम जगेडा कोषमा रकमान्तर गर्ने गरेको छ ।

संस्थाले वितरणयोग्य नाफामा समायोजन गरेको ब्याज मुल्तवी तथा अन्य कोषहरूका लेखांकन गरिएको आम्दानीलाई प्राप्त भए पश्चात् मात्रै वितरणयोग्य नाफामा रकमान्तर गरिने छ ।

### ३.१७.२.२ अन्य कोषहरू

माथि उल्लेखित कोषहरू बाहेक निम्नानुसारका अन्य कोषहरू समेत रहने छन् ।

**ब्याज मुल्तबी कोष (Interest Suspense Reserve)**

NFRS बमोजिमको लेखा नीति अपनाउने क्रममा ब्याज आम्दानीको लेखाकंन सम्बन्धमा विद्यमान लेखानीतिबाट फरक नीतिका कारण उत्पन्न हुने रकमहरूको कोष ब्याज मुल्तबी कोष हो । यस शीर्षकमा भएका कोषको रकमबाट लाभांश वितरण गर्न पाइदैन । यस कोषमा पाकेको तर प्राप्त नभएको ब्याज तथा सो रकमको स्थगन कर बापतको रकम पर्दछन् । संस्थाले ब्याज प्राप्त गरेको अवस्थामा मात्रै यस कोषबाट वितरणयोग्य नाफामा रकमान्तर गरि वैधानीक कोषहरूमा बाँडफाँड गरिन्छ ।

प्रस्तुत गरिएका आर्थिक वर्षमा निम्नानुसार ब्याज मुल्तबी कोष (Interest Suspense Reserve) रहेको छ:

| क्र.स. | विवरण | २०८०।८१ | २०७९।८० | २०७८।७९ |
|---|---|---|---|---|
| १ | प्राप्त नभएको ब्याज आम्दानी | २३,१६४,१२४ | ४,०५,४०,००७ | २,७३,१९,८६९ |
| २ | स्थगन कर | (२,३१६,४१२) | (४०,५४,००१) | (२७,३१,९८७) |
| | **जम्मा** | २०,८४७,७१२ | ३,६४,८६,००६ | २,४५,८७,८८२ |

**पूर्नमूल्यांकन कोष (Revaluation Reserve)**

NFRS बमोजिम Revaluation Reserve मा उचित मूल्य समायोजन हुने प्रकृतिको शेयरमा लगानी भएको अवस्थामा वा कुनै सम्पतिको लेखांकन उचित मुल्यमा गरिएमा त्यस्तो सम्पत्ति पूनर्मूल्याङ्कन हुँदा हुने सबै उतारचढाव वा नोक्सानलाई यसै कोषमा समायोजन गरिन्छ ।

**अन्य NFRS समायोजन कोष**

यसमा NFRS लागु गर्दाको अन्य असरहरूलाई लेखांकन गरिएको छ । यसका बाँकी बसेको रकमलाई जगेडा कोषमा सारिएको छ ।

| क्र.स. | विवरण | २०८०।८१ | २०७९।८० | २०७८।७९ |
|---|---|---|---|---|
| १ | सुरुको रकम | ८५६,५०६ | ८३,५१६ | – |
| २ | यस वर्ष थप (छट) | – | ७७२,९९० | ८३,५१६ |
| | **अन्तिम मौज्दात** | ८५६,५०६ | ८५६,५०६ | ८३,५१६ |
| | **जगेडा कोषमा रकमान्तर भएको** | ८५६,५०६ | – | – |

### ३.१८ प्रतिशेयर आम्दानी

संस्थाले NAS 33 – "Earnings Per Share" को प्रावधान बमोजिम आधारभूत प्रति शेयर आम्दानी (Earnings Per Share) को गणना गर्ने गरेको छ ।

### ३.१९ प्रस्तावित लाभांश

संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०६ मा बसेको बैठकले संस्थाका शेयरसदस्यहरूलाई २०८०/८१ को नाफाबाट ९.६२ प्रतिशत बराबरको नगद लाभांश प्रदान गर्न साधारणसभामा सिफारिस गर्ने निर्णय गरेको छ, जुन वितरणका लागि वार्षिक साधारणसभाबाट पारित हुनु आवश्यक हुन्छ ।

Sumati

M.R.U & Associates Kathmandu Chartered Accountants

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

## आर्थिक बर्ष २०८०/८१ को

## वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरू

### टिप्पणी नं ४.१ नगद तथा नगद समान

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| नगद मौज्दात | ९,१५२,१६० | ८,८४४,८८१ | ५,४०६,६६० |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – | – |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात (४.१क) | २८०,५५५,०९७ | १४४,४००,४६८ | १०४,३८१,०८४ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात (३ महिना सम्ममा परिपक्व हुने आवधिक वचत) | ११०,०००,००० | ६५,२००,००० | १३३,२००,००० |
| **कुल जम्मा** | ३९९,७०७,२५७ | २१८,४४५,३४९ | २४२,९८७,७४४ |

नगद तथा नगद समान मौज्दात अन्तर्गत ढुकुटीमा रहेको रकम र बैंकहरूमा रहेको र ती महिना भित्र परिपक्क हुन सक्ने बैंक मौज्दात लाई प्रस्तुत गरिएको छ। नगद तथा नगद समान मौज्दातको Carrying amount लाई fair value मानिएको छ। ढुकुटीमा रहेको नगद मौज्दातलई भौतिक तथा आर्थिक जोखिमको लागि बीमा गरिएको छ। नियामक व्यवस्था, तरलता र व्यापारिक आवश्यकताका आधारमा ढुकुटीमा नगद मौज्दात राख्ने गरिएको छ। नियामक र तरलता व्यवस्थाको हदसम्म ढुकुटीमा रहेको नगद मौज्दातमा सीमितता रहेको हुन्छ।

### टिप्पणी नं ४.१.१ बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| “क” वर्गका वाणिज्य बैङ्कहरूमा रहेको बैंक मौज्दात | ८४,८२२,८२२ | ६८,४८२,३६७ | ४५,१३४,४८२ |
| “ख” वर्गका विकास बैङ्कहरूमा रहेको बैंक मौज्दात | ५१,२९०,२८६ | १४,८७६,९५७ | १३,६५८,९४४ |
| “ग” वर्गका विकास बैङ्कहरूमा रहेको बैंक मौज्दात | – | – | – |
| सहकारी बैंक/संघ/संस्थाहरूमा रहेको मौज्दात | १४४,४४१,९८९ | ६१,०४१,१४४ | ४५,५८७,६५७ |
| **जम्मा बैंक मौज्दात** | २८०,५५५,०९७ | १४४,४००,४६८ | १०४,३८१,०८४ |

यस अन्तर्गत सहकारीहरूले बैंक, वित्तिय संस्था तथा सहकारी संस्थाहरूमा जम्मा गरेको बैंक मौज्दातलाई प्रस्तुत गरिएको छ। बैंकहरूमा रहेको आषाढ मसान्तको रकमलाई सहकारीको लेखा तथा बैंकको स्टेटमेन्टबाट भिडान गरी प्रस्तुत गरिएको छ।

### टिप्पणी नं ४.१.१क बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| **“क” वर्गका वाणिज्य बैक्तहरूमा रहेको बैंक मौज्दात** | ८४,८२२,८२२ | ६८,४८२,३६७ | ४५,१३४,४८२ |
| राष्ट्रिय वाणिज्य बैंक लि. | ६,७८२,७६६ | – | – |
| सेन्चुरी कर्मसियल बैंक लि. (प्रभु बैंक ९०३९) | ७८७,११३ | ५४९,३५५ | २,२९३,७६६ |
| कुमारी बैंक लि. | १५,९४८,५८७ | ९,१५१,३६५ | ५७०,५९५ |
| सानिमा बैक लि. | २,९२३,५९४ | ३,९०१,७८३ | १,१०९,०८१ |
| नविल बंैक लि. (साविक युनाइटेड फाइनान्स लि.) | ९९९,७०० | ३,९८१,७१८ | २,४७६,९१८ |
| माछापुच्छे बैक लि. | ६१३,५६१ | ५,५२९,९६२ | १,४९१,२०५ |
| नेपाल बैंक लि. ठिमी शाखा (चल्ती) | ३,३१५,७४८ | ३५२,५२५ | १०८,१८९ |
| प्राईम कमर्सियल बैक लि.(गठ्ठाघर ९०१७) | १,०३२,८५८ | १,६४१,२५९ | १,५३९,८९५ |
| प्राईम कमर्सियल बैंक (९०६ कैलाश विकास बैंक लि.(चल्ती) | ३,१४३,६५३ | १०,२३३,३६८ | ९,००२,९०३ |
| प्राईम वाणिज्य बैंक (पुतलीसडक) | – | – | १४१ |

Sumati

| | | | |
|---|---|---|---|
| सिद्धार्थ बैक लि. | १४,५३३,३५५ | ४,८०८,४८५ | ३,०८४,३३६ |
| लक्ष्मी बैंक लि. (बचत) | ९१३,७४८ | १,३३४,२७४ | ७८,००६ |
| एभरेष्ट बैक लि. (चल्ती) | ६३१,८८९ | १,२०२,६३० | ७३९,१७७ |
| एन.आई.सि. एसिया बैंक लि. | १,५९०,९४४ | ६५७,६८१ | १,४११,७९८ |
| प्रभु बैंक लि. | ४,६१२,७१३ | २,३५०,८११ | ३,२७०,२९६ |
| बैंक अफ काठमाडौं बैंक लि.(इतक्षा ग्लोबल) | ७६८,०७८ | ३३८,५३४ | १६१,१५४ |
| जनता बैकं लि.(ग्लोबल आई एम. ई. बैंक लि. भक्तपुर) | २४०,२३७ | २३३,२८९ | ३०१,९७५ |
| ग्लोबल आई.एम. ई. बैंक लि.(थापाथली) | ७,१२३ | ७,१२३ | ७,१२३ |
| ग्लोबल आई.एम. ई. बैंक लि. (ठिमी) | ६,८४६,६४८ | ७९८,३९४ | ४,०१०,७५८ |
| मेघा बैंक लि (नेपाल इन्भेष्टमेन्ट मेघा बैंक.) | ३५१,५८१ | ४,५१०,७२८ | ४,१६७,१४२ |
| हिमालयन बैकं लि. | ३,५७६,६७५ | ९४२,८५८ | ६८१,२६९ |
| एन.सि.सि. बैंक लि.(हाल कुमारी बैंक) | ७,७३८,११५ | १,४४७,३४१ | १,३९९,८८० |
| एनएमबि बैकं लि | १,११३,७२१ | ९६४,१४४ | १,४२९,३५० |
| सिटिजन बैकं लि. | २,१८९,२०९ | १,७०३,२३८ | ४,७५६,४१८ |
| सनराईज बैकं लि. (सुन्दरनगर) | ४,१५६,०२७ | ११,८३६,३२५ | १,०३७,९३२ |
| कृषि विकास बैंक, गट्टाघर (चल्ती) | ५,१७७ | ५,१७७ | ५,१७७ |
| **"ख" वर्गका विकास बैंकहरूमा रहेको बैंक मौज्दात** | ५१,२९०,२८६ | १४,८७६,९५७ | १३,६५८,९४४ |
| ज्योति विकाश बैंक लि. | ३,११९,९५५ | २,०४०,८०८ | २०२,६२० |
| गरिमा बिकास बैंक लि. | ३,८६१,५५८ | ३,६५१,७९२ | ४,७५३,०५८ |
| महालक्ष्मी विकाश बैकं लिं | ७०३,६११ | ६८९,९३४ | ७९१,४९६ |
| मुक्तिनाथ विकाश बैकं लिं | ८,५१६,२७५ | ६,७९८,४५५ | ७,०३८,६६८ |
| लुम्बिनी विकाश बैंक लि. | २६,९३१,१४९ | १,२८७,३२८ | २८३,९५९ |
| कामना सेवा विकास बैंक लि. | ८,१५७,७३७ | ४०८,६४० | ५८९,१४३ |
| **"ग" वर्गका विकास बैंकहरूमा रहेको बैंक मौज्दात** | - | - | - |
| आइसीएफसी फाइनान्स लि. | - | - | - |
| **सहकारी बैंक/संघ/संस्थाहरूमा रहेको मौज्दात** | १४४,४४१,९८९ | ६१,०४१,१४४ | ४५,५८७,६५७ |
| राष्ट्रिय सहकारी बैक लि. (सुपर बचत) | १४५,६८४ | १४१,०४९ | २,००६,२७७ |
| राष्ट्रिय सहकारी बैक लि. (सम्मुन्त बचत) | २६,९०५,४७३ | २१,१२६,२७५ | १५,०५९,४४४ |
| वाग्मति प्रदेश बचत तथा ऋण सहकारी सं. लि. | ३९,४५१ | २५,६७३ | १२,४५३ |
| वाग्मति प्रदेश बचत तथा ऋण सहकारी सं. लि. (लाभांस खाता) | १४,८९० | ८,९४९ | - |
| नेफस्कुन स्पेशल बचत | १,४६३,१४९ | १,४०८,३३१ | ५६९,७३२ |
| नेफस्कुन (बचत) | २५,१८२ | २४,५८५ | २३,७७८ |
| नेफस्कुन (अनिवार्य बचत) | २२५,६८५ | २०२,८१९ | १८१,५३६ |
| नेफस्कुन (शेयर खाता) | ३,९८५ | ३,९१८ | २९,५६६ |
| नेफस्कुन (तरलता कोष खाता) | ६७,६३४,८९१ | १३,१४९,६२४ | १५,०४७,२१८ |
| भक्तपुर जिल्ला बचत तथा कर्जा स.सं.लि. (बचत) | - | २३,०३८,४४४ | ४७४,४२३ |
| भक्तपुर जिल्ला बचत तथा कर्जा स.सं.लि.(अनिवार्य) | - | ६२९,३२८ | ५८६,४६० |
| भक्तपुर जिल्ला बचत तथा कर्जा स.सं.लि. ( ) | - | - | १०,४२२,५१० |
| जिल्ला सहकारी संघ लि. (भक्तपुर) (अनिवार्य) | २,११८,७६९ | २३४,७४१ | १८६,९२२ |
| जिल्ला सहकारी संघ लि. (भक्तपुर) (बचत) | ४५,८६४,८२९ | १,०४७,४०७ | ९८७,३३७ |
| **जम्मा बैंक मौज्दात** | २८०,५५५,०९७ | १४४,४००,४६८ | १०४,३८१,०८४ |

Sumati

### टिप्पणी न ४.२ सदस्यलाई कर्जा तथा सापटी

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| परिशोधन लागतमा मुल्याङ्कन गरिएको कर्जा र सापटी | १,३६७,६५७,४१५ | १,३३७,७१०,१९० | १,३९८,८१९,०७१ |
| घटाउने : ऋण नोक्सानी व्यवस्था | २५,७१०,११९ | २४,८३९,४४४ | २९,४१८,८७३ |
| **खुद रकम** | १,३४१,९४७,२९६ | १,३१२,८७०,७४६ | १,३६९,४००,१९८ |
| FVTPL मा मुल्याङ्कन गरिएको कर्जा तथा सापटी | - | - | - |
| **जम्मा** | १,३४१,९४७,२९६ | १,३१२,८७०,७४६ | १,३६९,४००,१९८ |

### टिप्पणी न ४.२.१ कर्जा प्रकारको आधारमा कर्जा र सापटीको विश्लेषण

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| आवस ऋण | ६८,०४६,०६८ | ६६,०७६,०१० | ६२,८२१,७९५ |
| घडेरी ऋण | १,७५७,९८४ | १,२३६,८९५ | - |
| जमानी किस्ताबन्दि ऋण | - | १,१५१,१९७ | - |
| आयमुलक ऋण | - | ८७,१२५ | - |
| औद्योगिक ऋण | ३८,०८७,८६४ | २७,०४६,५०० | २१,५१७,५४१ |
| लघुवित्त ऋण | ५४६,७६४ | ७७८,४६२ | १,०२७,९०२ |
| व्यापारिक ऋण | ३१२,२११,३०६ | २६२,९६७,५०५ | २७६,५१९,०६१ |
| मुद्दती निक्षेप ऋण | २६,६७९,४६५ | २७,१६६,०२४ | ३३,७८६,३८५ |
| कृषि ऋण | ४८१,४२५,०६५ | ५२१,१८१,७०७ | ५०८,६९३,७९५ |
| हायरपर्चेज ऋण | १९,३०९,९८७ | २९,९८९,६०० | ३३,८५६,७०० |
| शेयर सदस्य जमानी ऋण | १२५,६५२,९९० | १३१,५५१,६८२ | १३१,४१२,६५३ |
| शैक्षिक ऋण | १५,०४१,६५३ | ९,४०३,१५५ | ११,४७८,७६३ |
| कर्मचारी सहुलियत ऋण | ७३०,५५६ | - | - |
| सदस्य उत्थान ऋण | ७,५७९,१६७ | - | - |
| सदस्य सम्बृद्धी ऋण | ५५,२५१,१७१ | ५२,६८५,८२८ | ५७,०१६,३२६ |
| घर, जग्गा खरिद ऋण | २१५,३३७,३७५ | २०६,३८८,५०० | २६०,६८८,१५० |
| **जम्मा** | १,३६७,६५७,४१५ | १,३३७,७१०,१९० | १,३९८,८१९,०७१ |

### टिप्पणी न ४.२.२ धितो सुरक्षणको आधारमा कर्जा तथा सापटीको विश्लेषण

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| **सुरक्षण गरिएको** | | | |
| चल/अचल सम्पत्ति | १,२१४,७७८,१९६ | १,१७७,०६२,८२४ | १,२३२,५९२,१३१ |
| मुद्दति निक्षेपको धितो | २६,६७९,४६५ | २७,१६६,०२४ | ३३,७८६,३८५ |
| व्यक्तिगत जमानत | १२६,१९९,७५४ | १३३,४८१,३४१ | १३२,४४०,५५५ |
| अन्य धितो | - | - | - |
| **जम्मा** | १,३६७,६५७,४१५ | १,३३७,७१०,१९० | १,३९८,८१९,०७१ |
| सुरक्षण नगरिएको | - | - | - |
| **जम्मा** | १,३६७,६५७,४१५ | १,३३७,७१०,१९० | १,३९८,८१९,०७१ |

Sumati

M.R.U. & Associates, Kathmandu, Chartered Accountants

### टिप्पणी न ४.२.३ कर्जा जोखिम व्यवस्था

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| **साउन १ को मौज्दात** | २४,८३९,४४४ | २९,४१८,८७३ | २९,४१८,८७३ |
| यस वर्षको थप भएको/(फिर्ता भएको) | ८७०,६७५ | (४,५७९,४२९) | - |
| **अषाढ मसान्तको मौज्दात** | २५,७१०,११९ | २४,८३९,४४४ | २९,४१८,८७३ |

### टिप्पणी नं ४.३ यस वर्षको आयकर सम्पत्ति तथा दायित्व

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| चालु वर्षको आय कर सम्पत्ति | २५,५१२,४४३ | २१,१०८,६५९ | १७,२७०,७३६ |
| अघिल्लो वर्षहरूको कर सम्पत्ति | - | - | - |
| **जम्मा चालु कर सम्पत्ति** | २५,५१२,४४३ | २१,१०८,६५९ | १७,२७०,७३६ |
| चालु वर्षको आयकर दायित्व | ३,५९७,६९६ | १,६२३,५३३ | १,९३३,७५२ |
| गत वर्षहरूको कर दायित्वहरू | - | - | - |
| **चालु कर दायित्व** | ३,५९७,६९६ | १,६२३,५३३ | १,९३३,७५२ |
| **खुद चालु कर सम्पत्ति** | २१,९१४,७४८ | १९,४८५,१२६ | १५,३३६,९८४ |

### टिप्पणी नं ४.४ मुद्धतीमा लगानी

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| "क" वर्गका वाणिज्य बैङ्कहरूमा रहेको बैंक मौज्दात | १६०,०००,००० | ९०,०००,००० | १५८,०००,००० |
| "ख" वर्गका विकास बैङ्कहरूमा रहेको बैंक मौज्दात | ८०,०००,००० | ९०,०००,००० | ३५,०००,००० |
| सहकारी बैंक/संघ/संस्थाहरूमा रहेको मौज्दात | ८५,२००,००० | ११०,२००,००० | ८०,२००,००० |
| **जम्मा मुद्दती हिसाव** | ३२५,२००,००० | २९०,२००,००० | २७३,२००,००० |
| घटाउनेः बैंक तथा वित्तीय संस्थामा रहेको ३ महिना सम्ममा परिपक्व हुने मुद्दती लगानी | (११०,०००,०००) | (६५,२००,०००) | (१३३,२००,०००) |
| **जम्मा मुद्दती लगानी** | २१५,२००,००० | २२५,०००,००० | १४०,०००,००० |

अन्य बैंक तथा वित्तीय संस्थाहरूमा मुद्दती खाता खोली राखिएको र आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र परिपक्व नहुने रकमलाई जम्मा मुद्दती लगानी अन्तर्गत देखाईएको छ। आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र परिपक्व हुने मुद्दती खातामा गरिएको लगानीलाई नगद तथा नगदजन्य सम्पत्ति अन्तर्गत टिप्पणी नं. ४.१ मा प्रस्तुत गरिएको छ।

### टिप्पणी नं ४.४.१ मुद्धतीमा लगानी

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| **"क" वर्गका वाणिज्य बैंकहरूमा रहेको मुद्धती लगानी** | १६०,०००,००० | ९०,०००,००० | १५८,०००,००० |
| सेन्चुरी कर्मसियल बैंक लि. | - | ५,०००,००० | - |
| प्राइम कमर्सियल बैंक लि. | ३०,०००,००० | २०,०००,००० | २३,०००,००० |
| सिद्धाथ बैंक लि. | - | १५,०००,००० | ३०,०००,००० |
| सनराईज बैंक लि. | - | - | ३०,०००,००० |
| माछापुच्छे बैक लि. | २०,०००,००० | - | - |
| ज्योति विकाश बैंक लि. | १५,०००,००० | - | - |
| हिमालयन बैंक लि. | १५,०००,००० | - | - |
| कुमारी बैंक लि. | १५,०००,००० | १०,०००,००० | - |

Sumati

M.R.U. & Associates, Kathmandu, Chartered Accountants

| | | | |
|---|---|---|---|
| सानिमा बैक लि. | - | ५,०००,००० | - |
| ग्लोबल आई.एम.ई. बैंक लि. | ३०,०००,००० | - | १०,०००,००० |
| एनएमबि बैंक लि. | २०,०००,००० | ३५,०००,००० | ५०,०००,००० |
| एन.आई.सि. एसिया बैंक लि. | १५,०००,००० | - | ५,०००,००० |
| एन.सी.सी. बैंक लि. | - | - | १०,०००,००० |
| **"ख" वर्गका विकास बैक्कहरूमा रहेको मुद्धती लगानी** | ८०,०००,००० | ९०,०००,००० | ३५,०००,००० |
| गरिमा बिकास बैंक लि. | १०,०००,००० | १५,०००,००० | १०,०००,००० |
| मुक्तिनाथ विकाश बैकं लि. | १०,०००,००० | २५,०००,००० | १०,०००,००० |
| लुम्बिनी विकाश बैंक लि. | ६०,०००,००० | ४५,०००,००० | १०,०००,००० |
| महालक्ष्मी विकाश बैंक लि. | - | - | ५,०००,००० |
| कामना सेवा विकाश बैंक लि. | - | ५,०००,००० | - |
| **सहकारी बैंक/संघ/संस्थाहरूमा रहेको मुद्धती लगानी** | ८५,२००,००० | ११०,२००,००० | ८०,२००,००० |
| नेफस्कुन | २५,०००,००० | ६०,०००,००० | ३०,०००,००० |
| जिल्ला सहकारी संघ लि. (भक्तपुर) | १०,२००,००० | २००,००० | १०,२००,००० |
| राष्ट्रिय सहकारी बैक लि. | ५०,०००,००० | ५०,०००,००० | ४०,०००,००० |
| **जम्मा मुद्दती लगानी** | ३२५,२००,००० | २९०,२००,००० | २७३,२००,००० |

**टिप्पणी नं ४.४क शेयर धितोपत्रमा लगानी**

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| सूचिकृत भएको सेयरमा लगानी | - | - | - |
| सूचिकृत नभएको सेयरमा लगानी | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० |
| **जम्मा शेयर लगानी** | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० |

यस अन्तर्गत संस्थाले अन्य निकायको शेयरमा गरेको लगानीलाई लिईएको छ। अन्य निकायको शेयरमा गरेको लगानीलाई उचित मुल्यमा अन्य विस्तृत आय अन्तर्गत लेखांकन गरिएको छ। असूचीकृत इक्विटीमा भएको लगानीको उचित मुल्यको लागि प्रति शेयर खुद सम्पत्ति वा अङ्कित मुल्य (Face value) मध्ये जुन कम छ, सोमा शेयरको मूल्याङ्कन गरिएको छ। शेयर धितोपत्रमा गरिएको लगानीको उचित मुल्यमा भएको उतार चढावको लेखांकन उचित मुल्य समायोजन कोष अन्तर्गत गरिएको छ। सूचीकृत नभएका इक्विटीमा भएको लगानीको हकमा प्रतिवेदन प्राप्त नभएकाको हकमा भने उचित मुल्यको लागि प्रति अङ्कित मुल्य (Face value) नै समावेश गरिएको छ।

**टिप्पणी नं ४.५ गैर वित्तीय सम्पत्ति**

| विवरण | २०८१.०३.३१ को | २०८०.०३.३१ को | २०७९.०४.०१ को |
|---|---|---|---|
| **फेयर भेल्युमा मुल्यांकन गरिएको लगानी सम्पत्ति** | | | |
| साउन १ को मौज्दात | - | - | - |
| यस वर्षको थप/घट | - | - | - |
| यस बर्षको फेयर भेल्युमा खुद वदलाव | - | - | - |
| समायोजन | - | - | - |
| **खुद रकम** | - | - | - |
| **लागतमा मुल्यांकन गरिएको लगानी सम्पत्ति** | | | |
| साउन १ को मौज्दात | - | - | - |
| यस वर्षको थप/घट | - | - | - |
| समायोजन | - | - | - |
| संचित ह्रास कट्टी | - | - | - |
| संचित मुल्यक्षय | - | - | - |
| **खुद रकम** | - | - | - |
| **जम्मा** | - | - | - |

Sumati

टिप्पणी नं ४.४क.१ लगानी हिसाब

| विवरण | २०८१.०३.३१ को | | २०८०.०३.३१ को | | २०७९.०४.०१ को | |
|---|---|---|---|---|---|---|
| | लागत मुल्य | उचित मुल्य | लागत मुल्य | उचित मुल्य | लागत मुल्य | उचित मुल्य |
| सूचिकृत नभएको सेयरमा लगानी | | | | | | |
| राष्ट्रिय सहकारी बैंक लि. (७५,००० कित्ता १०० को दरमा) | ७,५००,००० | ७,५००,००० | ७,५००,००० | ७,५००,००० | ७,५००,००० | ७,५००,००० |
| नेफस्कुन (५०,००० कित्ता १०० को दरमा) | ५,०००,००० | ५,०००,००० | ५,०००,००० | ५,०००,००० | ५,०००,००० | ५,०००,००० |
| जिल्ला सहकारी संघ लि. भक्तपुर (१६५० कित्ता १०० को दरमा) | १६५,००० | १६५,००० | १६५,००० | १६५,००० | १६५,००० | १६५,००० |
| भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सं. लि. (३२१२८ कित्ता १०० को दरमा) | ३,२१२,८०० | ३,२१२,८०० | ३,२१२,८०० | ३,२१२,८०० | ३,२१२,८०० | ३,२१२,८०० |
| वाग्मति प्रदेश बचत तथा ऋण सहकारी सं. लि. (८६० कित्ता १०० को दरमा) | ८६,००० | ८६,००० | ८६,००० | ८६,००० | ८६,००० | ८६,००० |
| **जम्मा** | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० |
| **सूचिकृत भएको सेयरमा लगानी** | - | - | - | - | - | - |
| **जम्मा** | - | - | - | - | - | - |
| **जम्मा लगानी** | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० | १५,९६३,८०० |
| **पुर्न मुल्यांकन नाफा वा (घाटा)** (१) | | - | | - | | - |
| **अघिल्लो आ.व.को पुर्न मुल्यांकन नाफा वा (घाटा)** (२) | | - | | - | | - |
| **यस वर्ष पुर्न मुल्यांकन कोषमा लेखांकन** (१-२) | | - | | - | | - |
| | | | | | | |
| **पुर्न मुल्यांकन कोषको मौजदात** | | | | | | |
| विवरण | २०८१.०३.३१ को | | २०८०.०३.३१ को | | २०७९.०४.०१ को | |
| **सुरुको पुर्न मुल्यांकन कोषको मौजदात** (१) | | - | | - | | - |
| यस वर्ष पुर्न मुल्यांकन कोषमा लेखांकन(२) | | - | | - | | - |
| माथि उल्लेख गरिएका बुँदाको आयकर (१०%) (३) | | - | | - | | - |
| **पुर्न मुल्यांकन कोषको मौजदात** (१+२+३) | | - | | - | | - |

**टिप्पणी नं ४.६ सम्पत्ति तथा उपकरण**

| विवरण | जग्गा तथा जग्गा विकास | भवन | कम्प्युटर तथा एक्सेसरिज | कार्यालय सामाग्री | कार्यालय फर्निचर | मेसीनरी उपकरण | अन्य फुटकर सम्पत्ति | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|---|
| २०७९ साउन १ को मौज्दात (सम्बन्धित वर्षको वित्तीय विवरण बमोजिम) | २१,००८,००० | १८,६२६,११९ | २,३७६,४७७ | – | १,०४५,४९५ | – | ५५,४२६ | ४३,१११,५१७ |
| समायोजन/पुनवर्गिकरण | – | – | (१,८२३,३४३) | ७७९,९९७ | (५१,९९६) | ९६०,५१२ | १३४,८३० | – |
| पुन:मुल्याङ्कन | – | – | | | | | | – |
| २०७९ साउन १ को NFRS अनुसारको मौज्दात | २१,००८,००० | १८,६२६,११९ | ५५३,१३४ | ७७९,९९७ | ९९३,४९९ | ९६०,५१२ | १९०,२५६ | ४३,१११,५१७ |
| यस बर्षको खरिद | – | – | १९,००० | ७८,०९५ | ६१,००० | ९,९०० | ९,५२२ | १७७,५१७ |
| पूँजीकृत | | | | | | | | – |
| समायोजन/पुन:मुल्याङ्कन | – | | | | | | | – |
| यस वर्षको विक्रि (निष्काशन) | | | | | | | | – |
| २०८० आषाढ अन्तिमको मौज्दात | २१,००८,००० | १८,६२६,११९ | ५७२,१३४ | ८५८,०९२ | १,०५४,४९९ | ९७०,४१२ | १९९,७७८ | ४३,२८९,०३४ |
| यस बर्षको खरिद | २२,००८,००० | २८२,३०८ | – | ३०५,७५४ | २०४,५९५ | – | १४,६८६ | २२,८१५,३४३ |
| पूँजीकृत | – | – | | | – | – | – | – |
| समायोजन/पुन:मुल्याङ्कन | – | – | | | – | – | – | – |
| यस वर्षको विक्रि (निष्काशन) | – | – | | | – | – | – | – |
| २०८१ आषाढ अन्तिमको मौज्दात | ४३,०१६,००० | १८,९०८,४२७ | ५७२,१३४ | १,१६३,८४६ | १,२५९,०९४ | ९७०,४१२ | २१४,४६४ | ६६,१०४,३७७ |
| ह्रास कट्टी र मुल्यक्षय | | | | | | | | |
| साउन १, २०७९ को संचित मौज्दात | – | – | – | – | – | – | – | – |
| सालको ह्रासकट्टी | – | ४६५,६५३ | १०४,०५२ | १६२,७५६ | १२६,३९६ | १३७,५७० | ९७,४५३ | १,०९३,८८० |
| सालको मुल्यक्षय | – | – | – | – | – | – | – | – |
| विक्रि | – | – | – | – | – | – | – | – |
| समायोजन | – | – | – | – | – | – | – | – |
| आषाढ मसान्त, २०८० को संचित मौज्दात | – | ४६५,६५३ | १०४,०५२ | १६२,७५६ | १२६,३९६ | १३७,५७० | ९७,४५३ | १,०९३,८८० |
| सालको ह्रासकट्टी | – | ४७३,१०८ | १०५,२१६ | १८१,२८८ | १३७,०२१ | १३८,५८० | १०२,७४५ | १,१३७,९५८ |
| सालको मुल्यक्षय | | – | – | – | – | – | – | – |
| विक्रि | | – | – | – | – | – | – | – |
| समायोजन | | – | – | – | – | – | – | – |
| आषाढ मसान्त, २०८१ को संचित मौज्दात | – | ९३८,७६१ | २०९,२६८ | ३४४,०४४ | २६३,४१७ | २७६,१४९ | २००,१९९ | २,२३१,८३७ |
| खुद किताबि मुल्य | | | | | | | | |
| आषाढ मसान्त, २०७९ को | २१,००८,००० | १८,६२६,११९ | ५५३,१३४ | ७७९,९९७ | ९९३,४९९ | ९६०,५१२ | १९०,२५६ | ४३,१११,५१७ |
| आषाढ मसान्त, २०८० को | २१,००८,००० | १८,१६०,४६६ | ४६८,०८१ | ६९५,३३६ | ९२८,१०४ | ८३२,८४२ | १०२,३२५ | ४२,१९५,१५४ |
| आषाढ मसान्त, २०८१ को | ४३,०१६,००० | १७,९६९,६६६ | ३६२,८६६ | ८१९,८०२ | ९९५,६७८ | ६९४,२६२ | १४,२६६ | ६३,८७२,५३९ |

संस्थाले आ.ब. २०८०.८१ मा आफ्नो नाममा खरिद गरेको कित्ता नं. ४०८ को जम्मा ९५.३७ स्क्वायर फिटको जग्गालाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरिएको छ। संस्थाले उक्त जग्गा लगानी सम्पत्तिको लागी नभई कानुनी मापदण्ड पालना गर्नको लागी खरिद गरेको हो। सो जग्गा निर्माण सम्पन्न भई संस्थाले व्यवसायिक कार्यमा प्रयोग गर्दै आएको भवनको पार्किङ स्थलको रुपमा प्रयोग गर्ने निर्णय गरेको छ।

टिप्पणी नं ४.७ अमुर्त सम्पत्ति

| विवरण | ख्याति | सफ्टवेयर | लिजहोल्ड सम्पति | जम्मा |
|---|---|---|---|---|
| **परल मुल्य** | | | | |
| **२०७९ साउन १ को मौज्दात** | | २६०,८००.०० | - | २६०,८०० |
| यस बर्षको खरिद | | - | - | - |
| समायोजन/पुनःमुल्याङ्कन | | | - | - |
| यस वर्षको विक्रि (निष्काशन) | | | - | - |
| **२०८० आषाढ अन्तिमको मौज्दात** | - | २६०,८०० | - | २६०,८०० |
| यस बर्षको खरिद | | - | - | - |
| समायोजन/पुनःमुल्याङ्कन | | - | - | - |
| यस वर्षको विक्रि (निष्काशन) | | - | - | - |
| **२०८१ आषाढ अन्तिमको मौज्दात** | - | २६०,८०० | - | २६०,८०० |
| | | | | |
| **परिषोधन र मुल्यक्षय** | | | | |
| **साउन १, २०७९ को संचित मौज्दात** | | - | - | - |
| सालको परिषोधन | | ३८,४३५ | - | ३८,४३५ |
| सालको मुल्यक्षय | | - | - | - |
| विक्रि | | | | - |
| समायोजन | | | | - |
| **आषाढ मसान्त, २०८० को संचित मौज्दात** | - | ३८,४३५ | - | ३८,४३५ |
| सालको परिषोधन | | ३८,४३५ | - | ३८,४३५ |
| सालको मुल्यक्षय | | - | - | - |
| विक्रि | | | | - |
| समायोजन | | | | - |
| **आषाढ मसान्त, २०८१ को संचित मौज्दात** | - | ७६,८७० | - | ७६,८७० |
| **खुद किताबि मुल्य** | | | | |
| **आषाढ मसान्त, २०७९ को** | - | २६०,८०० | - | २६०,८०० |
| **आषाढ मसान्त, २०८० को** | - | २२२,३६५ | - | २२२,३६५ |
| **आषाढ मसान्त, २०८१ को** | - | १८३,९३० | - | १८३,९३० |

Sumati

M.R.U. & Associates, Kathmandu, Chartered Accountants

टिप्पणी नं ४.८ स्थगन कर सम्पत्ति वा (दायित्व)

| विवरण | २०८१ आषाढ मसान्तको खुद स्थगन कर सम्पत्ति/दायित्व | २०८० आषाढ मसान्तको खुद स्थगन कर सम्पत्ति /दायित्व | २०७९ श्रावण १ को खुद स्थगन कर सम्पत्ति /(दायित्व) |
|---|---|---|---|
| **स्थगन कर सम्पत्ति** | | | |
| उपदान वापतको व्यवस्था | २३३,८६० | १९८,७४० | ८३,५१७ |
| विदा वापतको व्यवस्था | - | - | - |
| **जम्मा स्थगन कर सम्पत्ति** | २३३,८६० | १९८,७४० | ८३,५१७ |
| **स्थगन कर दायित्व** | | | |
| स्थिर सम्पत्ति तथा उपकरणहरू | १७२,३७६ | ७३,०८५ | - |
| अमुर्त सम्पत्ति | - | - | - |
| प्राप्त गर्न बाँकी व्याज (Interest Suspense) | २,३१६,४१२ | ४,०५४,००१ | १,३६५,९९३ |
| **जम्मा स्थगन कर दायित्व** | २,४८८,७८८ | ४,१२७,०८६ | १,३६५,९९३ |
| **खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | (२,२५४,९२८) | (३,९२८,३४६) | (१,२८२,४७६) |
| सुरु बर्षको स्थगन कर सम्पत्ति/(दायित्व) | (३,९२८,३४६) | (१,२८२,४७६) | - |
| यस वर्ष सिर्जना भएको/(फिर्ता भएको) | १,६७३,४१८ | (२,६४५,८७०) | (१,२८२,४७६) |
| **नाफा नोक्सान हिसाबमा देखाइएको स्थगन कर खर्च/(आम्दानी** | १,६७३,४१८ | (२,६४५,८७०) | (१,२८२,४७६) |
| पुर्नमूल्यांकन वापत | - | - | - |
| **खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | - | - | - |
| सुरु बर्षको स्थगन कर सम्पत्ति/(दायित्व) | - | - | - |
| यस वर्ष सिर्जना भएको/(फिर्ता भएको) | - | - | - |
| **अन्य विस्तृत आम्दानीमा देखाइएको स्थगन कर खर्च/(आम्दानी)** | - | - | - |
| **इक्विटीमा सिधै देखाइएको स्थगन कर खर्च/(आम्दानी)** | | | - |
